# दैलेख जिल्लास्थित जम्बुकाँध गा. वि. स. को सामाजिक तथा सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय

नेपाली इतिहास, संस्कृति  तथा पुरातत्व

केन्द्रीय विभागमा स्नातकोत्तर तह

(एम्. ए.) दोश्रो वर्षको

आंशिक परिपूर्तिका लागि

प्रस्तुत

शोधपत्र


शोधार्थी

नारायण प्रसाद रेग्मी

त्रि. वि. दर्ता नं. ९-२-५७-६०१-९९

रोल नं. २८०५३०


२०७३

## शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षका नियमित छात्र श्री नारायण प्रसाद रेग्मीले **दैलेख जिल्ला स्थित जम्बुकाँध गा. वि. स. को सामाजिक तथा सांस्कृतिक अध्ययन** शीर्षकको यो शोधपत्र मेरो  प्रत्यक्ष सुझाव, सल्लाह र निर्देशनमा रही बढो मेहनत तथा लगनशीलताका साथ तयार पार्नु भएको हो । म वहाँको यो शोधकार्यदेखि पूर्ण सन्तुष्ट छु । यो शोध कार्यको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

भवदीय,

....................................

सह. प्रा. डा. मदन रिमाल

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रिभुनव विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

मिति : २०७३/५/०६

टेलिफोन नं. ४३३१९७

त्रिभुवन विश्वविद्यालय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व
केन्द्रीय विभाग
विभागीय प्रमुखको कार्यालय

कीर्तिपुर
काठमाडौं, नेपाल

प.सं.
च.नं.

मितिः-२०७३/०६/१४

## शोधप्रबन्धको स्वीकृति

श्री नारायण प्रसाद रेग्मीद्वारा पेश गरिएका **"दैलेख जिल्ला स्थित जम्बुकाँध गा.वि.स.को सामाजिक तथा साँस्कृतिक अध्ययन"** शीर्षकको प्रस्तुत शोधप्रवन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निमित्त स्वीकृत गरियो ।

| | | |
|---|---|---|
| (डा.मदन कुमार रिमाल) | (प्रा.डा.पेशल दाहाल) | (प्रा.डा.सावित्री मैनाली) |
| शोधनिर्देशक | वाह्य परीक्षक | विभागीय प्रमुख |

# कृतज्ञता ज्ञापन

दैलेख जिल्लास्थित जम्बुकाँध गा. वि. स. को सामाजिक तथा सांस्कृतिक अध्ययन शिर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग अन्तरगत स्नातकोत्तर तह (एम्.ए.) दोश्रो वर्षको आंशिक परिपुर्तिका लागि तयार पारेको छु । प्रस्तुत शोधकार्यलाई आधिकारिक रूपमा अगाडी बढाउँनका लागि विभागीय स्विकृती प्रदान गरी सहयोग गर्नुहुने आदरणीय गुरुआमा प्रा. डा. सावित्री मैनालीज्यूप्रति सर्वप्रथम आभार प्रकट गर्दछु ।

यो शोधपत्र लेखनको शीर्षक चयन, शोधप्रस्ताव लेखन तथा शोधको अन्तिम स्वरूप दिने बेलासम्म मलाई आफ्नो अमूल्य समय दिई आवश्यक प्रेरणा हार्दिक सुझाव, सर सल्लाह र कुशल निर्देशन प्रदान गरिदिनुभएकोमा मेरा (यस शोधका) शोध निर्देशक आदरणीय गुरु डा. मदन रिमालज्यूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो शोधकार्यको सफलताको पहिलो श्रेय आदरणीय गुरुलाई दिदै अविलम्ब शोधप्रस्ताव स्विकृत गरी कार्य थालनी गर्न सहयोग पुऱ्याउँने नेपाली इतिहास, संस्कृति र पुरातत्व विभागप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

मलाई यस धरतीमा जन्म दिई संसार देखाइ शिक्षाको बाटोमा सफलता प्राप्तिकोनिम्ति सदैव आशिर्वाद प्रदान गुर्नहुने मेरा पूजनीय आमाबुवा नरपति जैसी र भरुजैसी प्रति म आजन्म ऋणी नै रहने छु । साथै मेरो यस शोधलेखन कार्यलाई उत्प्रेरणा प्रदानगरी सफलतातर्फ उन्मुख गराउँन अद्धितिय सहयोग पुऱ्याउने परिवाजन तथा आजन्तहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी यस शोधकार्यको स्थलगत अवलोकनको क्रममा यस ठाउँको संस्कृति, परम्परा र इतिहासको बारेमा अमूल्य सूचना दिई छलफलमा सहभागी हुनु भएका सम्पूर्ण जम्बुकाँध गा. वि. स. वासी दाजुभाइ दिदी बहिनी प्रति पनि हार्दिक आभार प्रकट गर्दछु । मेरो यस अनुसन्धान कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने

तथा सकारात्मक सोच राख्नुहुने मेरा सम्पूर्ण  शुभचिन्तकहरूप्रति समेत हार्दिक आभार व्यक्त गर्दछु ।

यस शोधपत्रमा उल्लेख गरिएका सम्पूर्ण तिथिमितिहरूमा विक्रम संवतको मात्र प्रयोग गरी उल्लेख गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गर्दै अन्त्यमा छिटो, छरितो र शुद्ध रूपमा टंकन गरी यस शोध कार्यलाई कृतिको रूपमा साकार पारेर सहयोग पुऱ्याउँनु हुने "युनिभर्सिटी कम्प्युटर तथा फोटोकपी सर्भिस" र बर्षा महर्जन प्रति हार्दिक धन्यवाद प्रकट गर्दै यस शोधपत्रलाई आवश्यक मुल्याङ्कनको निम्ति त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा पेश गर्दछु ।

शोधार्थी
नारायण प्रसाद रेग्मी
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व
केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

मिति : २०७३/०५/३१

# विषय सूची

अध्याय १

शोध परिचय


१. परिचय १

२. शोधको समस्या २

३. शोधको उद्देश्य २

४. पूर्व साहित्य समीक्षा ३

५. शोधको महत्व/औचित्य ५

६. शोधको सीमा ६

७. शोध विधि ६

८. अध्याय विभाजन ६


अध्याय २

दैलेख जिल्लाको परिचय


२.१ भौगोलिक अवस्था ८

२.१.१ नामाकरण ८

२.१.२ हावापानी ९

२.१.३ बन पैदावर, जडिबुटी, कृषि उपज तथा खनिज ९

२.१.४ जलस्रोत १०

२.१.५ प्रमुख बजार स्थल १०

२.१.६ यातायात ११

२.१.७ स्वास्थ्य तथा शैक्षिक संस्था ११

२.१.८ जनसंख्या १२

२.१.९ धार्मिक, ऐतिहासिक, पुरातात्विक तथा पर्यटकीय स्थलहरू १३

२.१.१० सामाजिक, सांस्कृतिक अवस्था १३

२.२ दैलेख जिल्लाको ऐतिहासिक रूपरेखा १७

२.२.१ सिञ्जा साम्राज्यकाल १७

२.२.२ बाइसे राज्यकाल २२

अध्याय ३

जम्बुकाँध गा. वि. स. को परिचय

३.१ भौगोलिक अवस्थिति २६
३.१.१ नामाकरण २७
३.१.२ हावापानी २७
३.१.३ बालिनाली, बनजंगल, जडिबुटी तथा खनिज २८
३.१.४ जलस्रोत २८
३.१.५ स्वास्थ्य, शैक्षिक तथा अन्य सरकारी संघ संस्था र प्रमुख बजार स्थल २९
३.१.६ ग्रामीण खानेपानी तथा सरसफाइ २९
३.१.७ यातायात २९
३.१.८ जनसंख्या ३०
३.२ जम्बुकाँध गा. वि. स. को ऐतिहासिकता ३०

अध्याय ४

सामाजिक अध्ययन

४.१ सामाजिक समुदाय ३४
४.२ बसोबास ३५
४.३ पेशा व्यवसाय र जनजीवन ३५
४.४ विविध सामाजिक चालचलन ३६

अध्याय ५

सांस्कृतिक अध्ययन

५.१ धार्मिक/परम्परागत उपचार पद्धति ३९
५.१.१ रोग निवारण सम्बन्धि उपचार ३९
ताप झार्ने पद्धति ४०
५.१.२ भुतप्रेत, डाईनी, बोक्सीको प्रभाव निवारण सम्बन्धि उपचार ४२
पाल्तो फाल्ने पद्धति ४४
मसानजाप गर्ने तरिका ४५
५.१.३ वाह्य जीवजन्तुको विष निवारण सम्बन्धि उपचार ४६
५.२ संस्कार र गतिविधि ४६
५.२.१ जन्म संस्कार ४६
५.२.२ विवाह संस्कार ४६

५.२.३ मृत्यु संस्कार ४८
५.३ चाडपर्व, जात्रा, उत्सव ५०
जात्रा/मेला ५२
५.४ गीत, मनोरञ्जन, नाच, बाद्यबादन ५४
५.४.१ मांगल गीत ५७
५.४.२ राईझुमा गीत ५८
५.४.३ कर्को गीत ५९
५.४.४ लम्मरी गीत ६०
५.४.५ सबैया ६०
५.४.६ भारत ६१
५.४.७ भुवो खेल ६४
५.४.८ सरम खेल तथा फट्को ६७
५.४.९ भैलो ६८
५.४.१० छयट, धमारी र ढुस्को ६९
५.४.११ बाद्यबादन ७४
५.५ खानपिन तथा पहिरन ७६
५.१.१ लुगा कपडा ७७
५.५.२ गरगहना ७७
५.६ भाषा तथा साहित्य ७८
अध्याय ६
उपसंहार तथा सुझाव ८३
परिशिष्ट १: ताप झार्ने मन्त्रपाठ ८८
परिशिष्ट २: कर्को गीत ९२
परिशिष्ट ३: लाउन्या मुल्यायाको कथा ९६
परिशिष्ट ४: प्रश्नावली ९९
परिशिष्ट ५: सामुहिक छलफल तथा कुराकानी र अन्तरवार्ताका सहभागीहरू १००
परिशिष्ट ६ : सान्दर्भिक तस्बिरहरू १०२

# अध्याय १

# शोध परिचय

## १. परिचय

मानव समाजले अपनाउँने हरेक किसिमका क्रियाकलाप, विचार, आस्था, विश्वास, जीवन पद्धति र मूल्यमान्यता नै संस्कृति हो । संस्कृति अन्तरगत लवाइ, खवाइ, भेषभुषा, नाचगान, गीत, संगीत, बाजागाजा, कला, साहित्य, लेखन, दन्त्य कथा, जातजाती, धर्म, संस्कार आदि मानविय क्रियाकलापहरू पर्दछन् । संस्कृति भनेको जीवन पर्यन्त चलिरहने मानव निर्मित एक गतिशिल प्रक्रिया हो । मानव जीवन पद्धतिलाई संचालन गर्ने, मानव प्राणीलाई सुसंस्कृत, शिष्ट र सभ्य बनाउँने कडी नै संस्कृति हो । नैतिक आचरण र शारीरिक शुद्धीको रूपमा पनि संस्कृतिलाई बुझ्न सकिन्छ । मानिसलाई सही मार्गदर्शन गर्ने र नैतिक शिक्षाको पाठ पढाउँने कार्य संस्कृतिले गरिरहेको हुन्छ । संस्कृति भनेको हरेक मानव र मानव समुदायको पहिचानका धरोहर हो, पुर्खाको गौरव हो । हरेक समाजको आ-आफ्नै विशिष्ट संस्कृति हुन्छ ।

संस्कृति प्रकृति र भूगोलबाट प्रभावित हुन्छ र सोही बमोजिमको सामञ्जस्यता रहेको पाईन्छ । उदाहरणको निम्ति हिमाली क्षेत्र वा चिसो हावापानी पाईने ठाउँका मानिसहरूको लवाइ खवाइ, रहन सहन र भेषभुषा अनि उष्ण प्रदेशका मानिसहरूको रहनसहन र भेषभुषा सोही अनुसारको प्रकृति र भूगोल अनुकुल हुन्छ ।

संस्कृति अन्तरगत विभिन्न चलन, प्रथा एंव संस्कार आदि विषयवस्तु समेत पर्दछन् । यी विविध चलन एंव संस्कारहारु आ-आफ्नो धर्म सम्प्रदायहरूद्वारा निर्दिष्ट हुने गर्दछन् । त्यसैले धर्म र संस्कृतिबीच एक आपसमा अन्योन्याश्रित सम्बन्ध देखिन्छ । धर्मले संस्कृति र संस्कृतिले धर्मलाई टेवा पुऱ्याइरहेको हुन्छ । त्यसैगरी ऐतिहासिक उतार चढाव आदि घटनाक्रमले समेत संस्कृतिलाई प्रभावित तथा विनिर्माण गरिरहेको

हुन्छ । जस्तै : विभिन्न गेयात्मक तथा अभिनयात्मक गाथाहरू, लोक आख्यानहरू, चरित्र गाथाहरू आदिले संस्कृतिको रूपमा इतिहास दर्शाइरहेका हुन्छन् ।

## २. शोधको समस्या

यस शोधका समस्याहरू निम्नानुसार छन् :

- यस ठाउँको सामाजिक सांस्कृतिक गतिविधि तर्फ अनुसन्धानकर्ता लगायत सरोकारवालाहरू कसैको पनि ध्यान नपुग्नु,
- यहाँको सामाजिक साँस्कृतिक गतिविधि लोप हुने खतरा रहनु ।
- यहाँ प्रचलित मुल्यमान्यता प्रति आधुनिक पुस्तको चोसो कम हुँदा मौलिकता हराउँने भय रहनु ।

## **३. शोधको उद्देश्य**

कुनै पनि अध्येताको नजर नपुगेको कारण ओझेलमा परेको संस्कृतिको उजागर गरी प्रकाशमा ल्याउँने ध्येयका साथ यो शोधकार्य गरिएको छ । सम्बन्धित सरोकारवालाहरू जस्तै : अनुसन्धाता, राज्य, संरक्षक आदि पक्षको नजर नपुगी गुमनाम रहेको र लोपोन्मुख रहेको संस्कृतिको प्रचार प्रसार र बचावटको निम्ति शोधकार्य गर्न खोजिएको हो । समग्रमा भन्नुपर्दा बहुसांस्कृतिक हाम्रो देशमा कतिपय यस्ता गाउँठाउँहरू छन् जो संस्कृतिका अमूल्य निधि हुन्, ती ओझेलमा परेका तर सँस्कृतिको क्षेत्रमा अति महत्वपूर्ण देखिएका स्थल र सँस्कृतितर्फ सम्बन्धित सरोकारवालाहरूको ध्यानाकर्षण गर्नु यस शोध कार्यको उद्देश्य हो । निम्नानुसार पनि यस शोध कार्यको उद्देश्यहरू प्रष्ट्याउँन सकिन्छ ।

- जम्बुकाँध गा. वि. स को विस्तृत संस्कृतिलाई उजागर गर्नु ।
- भ्रमपूर्ण सूचनाहरूको निराकरण गरी यथार्थ जानकारी दिनु ।
- यहाँको संस्कृतिको प्रचार प्रसार गरी सम्बन्धित सरोकारवालाहँरुको ध्यानाकर्षण गर्नु ।

- लोपोन्मुख संस्कृति र सांस्कृतिक सम्पदाहरूको जगेर्ना गर्नु ।
- यस ठाउँको स्थानीय संस्कृतितर्फ राष्ट्रको ध्यानाकर्षण गरी संस्कृतिक पर्यटनको संभाव्यता दर्शाउँनु ।

## ४. पूर्व साहित्य समीक्षा

यस दैलेख जिल्लाको जम्बुकाँध गा. वि. स लाई नै लक्षित गरी आजसम्म कुनै पनि अध्ययन अनुसन्धान नभएता पनि यहाँको सामाजिक सांस्कृतिक अध्ययनको पूर्व कार्यलाई यसरी हेर्न सकिन्छ :

पूर्ण प्रकाश नेपाल यात्री, (वि.सं २०४१), **भेरी लोकसाहित्य,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

यस कृतिमा यस क्षेत्रका गीत, गाथा, उखान तुक्का, लोककथा आदि लोकसाहित्यसँग सम्बन्धित सामाग्रीहरू संकलन गरी प्रकाशन गरिएको छ । लोकसाहित्य संकलन बाहेक यात्रीले यहाँको सामाीजक सांस्कृतिक गतिविधि बारे केही उल्लेख गर्नुभएको छैन । यस ठाउँको लोक संस्कृतिसँग मिल्दो जुल्दो विषयवस्तुको बारेमा भेरी अञ्चल भरीबाटै संकलन गरी प्रकाशित गर्नु भएको छ ।

मोहन प्रसाद खनाल, (वि.सं. २०५५), **पश्चिम नेपालका मूर्ति र स्थापत्य,** कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि. वि. ।

यस कृतिमा दैलेख जिल्ला साथै दुल्लु क्षेत्रका मूर्ति र कलाकृतिको विषयमा र यस क्षेत्रको प्राचिन इतिहासको बिषयमा उल्लेख गर्नुभएको छ । दैलेख जिल्लाको र दुल्लु क्षेत्रको बाहेक यस जम्बुकाँध गा. वि. स. को सामाजिक सांस्कृतिक पक्षबारे यस कृतिमा उहाँ मौन नै हुनुहुन्छ ।

राजाराम सुवेदी, (वि.सं. २०६५), **नेपालको तथ्य इतिहास,** काठमाडौं, साझा प्रकाशन ।

यस कृतिमा दैलेख जिल्ला तथा बाइसी राज्य दुल्लुको इतिहास सम्बन्धि चर्चा पाईन्छ । इतिहास सम्बन्धि वर्णन बाहेक डा. सुवेदीले यस क्षेत्रको सामाजिक सांस्कृतिक पक्षको विषयमा केही पनि उल्लेख गर्नु भएको छैन ।

सूर्यमणी अधिकारी, (वि.सं. २०६८), **बाइसे राज्यको इतिहास,** काठमाडौँ, भुँडीपुराण प्रकाशन ।

यस कृतिमा दैलेख जिल्ला र दुल्लु राज्यको इतिहास विषयमा वर्णन पाईन्छ तर यस जम्बुकाँध गा. वि. स. को उल्लेख कतैपनि भएको छैन । यो अनुसन्धानसँग सम्बन्धित सामाजिक तथा सांस्कृतिक कुनै पनि कुरा यस कृतिमा पाइदैनन् ।

गोपीनाथ शर्मा, (वि.सं. २०७०), **बाइसी राज्यको इतिहास** (शिक्षा, कला र संस्कृति), काठमाडौँ, मकालु प्रकाशन गृह ।

यस कृतिमा कर्णाली प्रदेशको इतिहास तथा शिक्षा कला संस्कृतिको विवेचना पाईन्छ । यस कृतिमा जम्बुकाँध गा. वि. स. को सामाजिक सांस्कृतिक चर्चा नपाइएता पनि यस बाइसी राज्यको कला, संस्कृतिको विषयमा उल्लेख भने पाईन्छ । वहाँको उक्त कृतिमा दुल्लु क्षेत्रका कलाकृतिको र बाइसी राजाका वंशवालीको वर्णन पाईन्छ । वहाले उक्त कृतिमा त्यस क्षेत्रका देउडा गीत तथा प्रचलित उखान तुक्काबारे समेत उल्लेख गर्नु भएको छ । तर यस अनुसन्धाताले अध्ययन गर्न खोजेको जम्बुकाँध गा. वि. स. को सामाजिक सांस्कृतिक पक्षबारे भने उक्त कृतिमा केही उल्लेख पाइँदैन ।

विश्व के.सी. (पोखेल), (वि.सं. २०७०), **कीर्तिखम्ब,** काठमाडौँ, अभान्त को भेन्चर्स ।

यस कृतिमा दुल्लु क्षेत्रका कला, वास्तुकला सम्बन्धि उल्लेख पाईन्छ । त्यसैगरी सो कृतिमा दुल्लु र दैलेखको इतिहास तथा देवल, गढी, वीरखम्बहरूको वर्णन छ । त्यसैगरी केसीले सो कृतिमा दुल्लु क्षेत्रका अमूर्त सांस्कृतिक सम्पदाहरूको रूपमा मांगल गीत, हुड्का नाच, देउडा गीत, मारुनी नाच, पञ्चै बाजा सम्बन्धि उल्लेख गर्नुभएको मछ । यती हुदाहुँदै पनि  वहाँले जम्बुकाँध क्षेत्रको सामाजिक तथा

सांस्कृतिक विषयको बारेमा केही उल्लेख गर्नुभएको छैन । वहाँको कृति विशेष गरी दुल्लु क्षेत्र वरीपरी मात्र केन्द्रित पाईन्छ । जम्बुकाँध गा. वि. स. दुल्लु क्षेत्रभन्दा बाहेकको आठबीस क्षेत्रमा पर्ने हुनाले यो ठाउँको बारेमा वहाको उक्त कृतिमा केही पनि उल्लेख छैन । उक्त कृतिमा वहाले अमूर्त सांस्कृतिक सम्पदाको रूपमा उल्लेख गर्नु भएका गीत तथा नाचहरू पनि यस जम्बुकाँध गा. वि. सको सांस्कृतिक सम्पदासँग मेल खाने हुँदा यस शोधमा पनि यी र यस्तै गीत तथा नाचहरूको विषयमा अध्ययन गरिएको छ ।

विश्व के.सी. (पोखरेल), (वि. सं. २०७२), **दैलेखका पञ्चकोशी तीर्थस्थलहरू,** काठमाडौं, टीका के. सी. (थापा) ।

यस कृतिमा दुल्लु क्षेत्रका तीर्थस्थलहरू, दैलेखमा रहेका गुठीहरू, यसक्षेत्रका मठमन्दिरहरू आदि सामाजिक सांस्कृतिक क्षेत्रसँग सम्बन्धित विषयवस्तुहरूबारे वर्णन पाईन्छ । यो कृति विशेषगरी स्कन्ध पुराणको एक अंग ‘वैश्वानर पुराण’ को वर्णन हो । यस कृतिमा जम्बुकाँध गा. वि. स.को सामाजिक तथा सांस्कृतिक गतिविधिबारे केही उल्लेख पाइदैन ।

## ५. शोधको महत्व/औचित्य

कुनैपनि स्थानको संस्कृति भनेको त्यस ठाउँको पहिचानको धरोहर हो । संस्कृति विशेषले नै स्थान विशेषको पहिचान र महत्व दिन्छ । कुनै पनि स्थान र सो ठाउँको संस्कृतिबिच शरीर र आत्माको जस्तै सम्बन्ध हुन्छ । त्यसैले संस्कृतिको कारण यस स्थानको सर्वाङ्गीण बिकासमा महत्वपूर्ण योगदान पुग्न सक्छ । यसर्थ यस ठाउँको संस्कृतिको महत्वलाई प्रष्ट पारी आगामी पुस्तालाई संस्कृति जगेर्नाकोलागि अभिप्रेरित गर्दै उचित मार्ग निर्देशन गर्न यस शोधको महत्वपूर्ण भूमिका हुने छ । त्यसैगरी यस ठाउँको स्थानीय संस्कृति सम्बन्धि यथार्थ सूचना सम्प्रेषण गर्नुका साथै राष्ट्रिय सँस्कृतिसँग परिचित र समाहित गराउँनु पनि यो शोधको उद्देश्य रहेकोले राष्ट्रको बहुसाँस्कृतिक पहिचानमा थप बल पुऱ्याइ राष्ट्रिय भावनाको विकासमा समेत महत्वपूर्ण योगदान पुग्नेछ । यसकारण पनि यस अनुसन्धानको औचित्य प्रष्ट हुन्छ ।

## ६. शोधको सीमा

यस अनुसन्धानको सीमा जम्बुकाँध गा. वि. स ले ओगटेको चारकिल्ला भित्रको क्षेत्र रहेको छ । जस अनुसार यहाँका सम्पूर्ण सामाजिक तथा सांस्कृतिक क्रियाकलापहरू जस्तै : धर्म, संस्कार, मूल्य मान्यता, भाषा, साहित्य, गीत, संगीत, नाचगान, जात्रा, पर्व, दन्त्यकथा एवं लोकोक्तिहरूकासाथै यहाँको ऐतिहासिक पृष्ठभूमी तथा पुरातात्विक स्थलहरू र सम्पदाको बारेमा समेत अनुसन्धान गरिएको छ । त्यस्तै यस ठाउँमा परम्परागत रूपमा चलन चल्तीमा रहेका विविध गतिविधिहरू समेत अनुसन्धानमा समेटिएको छ ।

## ७. शोध विधि

दैलेख जिल्ला स्थित जम्बुकाँध गा. वि. स. को साँस्कृतिक अध्ययन शिर्षकको यस अनुसन्धानकालागि निम्न लिखित शोध विधि अपनाइएका छन् :

क) प्राथमिक स्रोत : सम्बन्धित क्षेत्रका जानकार, जनसाधारण आदिको अन्तरवार्ता, छलफल, कुराकानी, सोधपुछ, साथै सम्बन्धित विषय बस्तुको फोटो, भिडियो रेर्कड लिने आदि कार्य गरिएको छ । यसका साथै प्रत्यक्ष भेटघाट तथा अवलोकन मुख्य स्रोतका रूपमा रहेका छन् । प्राथमिक स्रोत नै यस अनुसन्धानको मुख्य आधार रहेको छ ।

ख) द्बितियक स्रोत : यस अन्तरगत पुस्तक, पत्रपत्रिका आदि सन्दर्भ सामग्रीको रूपमा अध्ययन गरिएको छ । पुस्तकालय अध्ययन एंव सँग्रहालय भ्रमण गरी अनुसन्धान कार्यलाई पूर्णता दिईएको छ । यसका अतिरिक्त विभिन्न सञ्चार सामग्री जस्तै : टी.भी, रेडियो, फेसबुक आदि सामाजिक सञ्जाल समेतको सहयोग लिइएको छ ।

## ८. अध्याय विभाजन

"दैलेख जिल्ला स्थित जम्बुकाँध गा. वि. स. को सामाीजक तथा साँस्कृतिक अध्ययन" विषयको अध्याय विभाजन निम्नानुसार गरिएको छ :

पहिलो अध्याय : अनुसन्धान परिचय

दोस्रो अध्याय : दैलेख जिल्लाको परिचय

तोस्रो अध्याय : जम्बुकाँध गा. वि. स. को परिचय

चौथो अध्याय : जम्बुकाँध गा. वि. स. को सामाजिक अध्ययन

पाँचौ अध्याय : जम्बुकाँध गा. वि. स. को सांस्कृतिक अध्ययन

छैटौं अध्याय : उपसंहार तथा सुझाव

# अध्याय २

# दैलेख जिल्लाको परिचय

## २.१ भौगोलिक अवस्था

नेपालको पश्चिमी भागमा अवस्थित दैलेख एक दुर्गम पहाडी जिल्ला हो । यो जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चलमा पर्दछ । दैलेखको पूर्व जाजरकोट, पश्चिममा अछाम, उत्तरमा कालिकोट र दक्षिणमा सुर्खेत जिल्ला पर्दछन् । यस जिल्लाको कुल क्षेत्रफल १,५६० वर्ग कि. मी रहेको छ । दैलेख जिल्ला राजधानी काठमाडौँदेखि करिब ६५० कि. मी. पश्चिम उत्तर भागमा पर्दछ । यस जिल्लाको सदरमुकाम दैलेख बजारमा रहेको छ । राजनीतिक रूपमा यस जिल्लालाई२ निर्वाचन क्षेत्र, ११ इलाका २ नगरपालिका र ४९ वटा गा. वि. स. मा विभाजन गरिएको छ । *(मेची देखि महाकाली भाग ४ वि.सं. २०३१, जिल्ला विकास योजना : २०७१/०७२ जि.वि.स. दैलेख)*

### २.१.१ नामाकरण

दैलेख नामाकरण सम्बन्धमा विभिन्न किंवदन्तीहरू प्रचलित छन् । पौराणिक कालमा यस क्षेत्रमा दधिची नाम गरेका ऋषिले तपस्या गरी बसेको हुनाले यस ठाउँको नाम दधिची लेक हुदै अपभ्रंस भएर दैलेख रहन गएको भनाइ प्रचलित छ । त्यसैगरी अर्को एक जनश्रुति अनुसार पौराणिक कालमा यो क्षेत्र देवताहरूको वासस्थान भएको हुनाले देवलोक भनिन थाल्यो र कालान्तरमा देवलोक नाम अपभ्रंस भई दैलेख बन्न पुग्यो । त्यस्तै अर्को एक जनश्रुती अनुसार प्राचिन कालमा यहाँका बन क्षेत्रहरूमा ठूलो संख्यामा गाईवस्तुहरू पाल्ने गरीएको र प्रशस्त दुध, दही पाईने हुनाले यस ठाउँलाई दहीलेक भन्दै दैलेख बन्न गएको भन्ने पनि छ । *(स्थलगत अध्ययन तथा सामूहिक छलफल)*

नेपालको मानचित्रमा यस जिल्लाको भौगोलिक अवस्था देहाय बमोजिम रहेको पाइन्छ :

आक्षांश : २८° ३५ देखि २९° ८ उत्तर,

देशान्तर : ८१° २५ देखि ८१° ५३ पूर्व ।

समुन्द्र सतहदेखि उचाइ :

न्यूनतम : ५४४ मी. तल्लो डुङ्गेश्वर बजार (दुल्लु) ।

अधिकतम : ४,१६८ मी महाभू लेक । (दैलेख र कालिकोटको सिमाना)

सदरमुकाम : १,४४८ मी. दैलेख बजार ।

### २.१.२ हावापानी

दैलेख जिल्लामा विविध भौगोलिक भु वनौटको कारण हावापानीमा पनि विविधता पाईन्छ । यहाँका नदी किनार तथा साँघुरा उपत्यका (दून, बेंशी) हरूमा उष्ण उपोष्ण हावापानी र मध्य पहाडी भागमा समशितोष्ण तथा उच्च पहाडी इलाकाहरूमा शितोष्ण हावापानी पाईन्छ । यो जिल्लामा रहेका उच्च पहाडी क्षेत्रका लेकहरूमा हिउँदमा हिउँ पर्ने र ठण्डा हावाको प्रभावले गर्दा चिसो रहन्छ भने ग्रिष्म ऋतुमा दुन, वेंशीहरूतिर केही गर्मी अनुभव हुन्छ ।

चैत बैसाखमा हुरी चल्ने, वर्षा याममा मनसुनी वर्षा हुने, हिउँदमा ढिलो र कम वर्षा हुने यस जिल्लका मौसमी विशेषता हुन् । *(जिल्ला विकास योजना २०७१/०७२ जि. वि.स. दैलेख)*

### २.१.३ बन पैदावर, जडिबुटी, कृषि उपज तथा खनिज

विविध भु-बनौट र हावापानीका कारण यस जिल्लाको कृषि उपज तथा बन पैदावरमा पनि विविधता पाईन्छ । यहाँका बनजंगलमा साल, सल्लो, साज, गुराँस, जामुन, टुनी, तिदू, काफल, बाँझ, फलाँट, भोर्ला, आदि बन पैदावर पाईन्छन् । त्यसैगरी पद्मचाल, भ्याउ, बाँको, कटुको, घोटताप्रे, सतुवा, रिठ्ठा, सुगन्धवाल, टिमुर,

सिन्दूरे आदि जडिबुटी पाईन्छन् । यी बाहेक यहाँको बनजंगलमा विभिन्न प्रकारका लहरा, क्षुप, झाडी, घाँस आदिले ढाकिएको पाईन्छ ।

यस जिल्लाको कृषि उपजतर्फ मकै, गहुँ, धान, जौ, कोदो आदि प्रमूख अन्नबाली हुन् भने भटमास, बोडी, केराउ, चना, मास, सिमी आदि प्रमूख दलहन हुन् । त्यसैगरी फलफूल तर्फ सुन्तला, केरा नासपाती, हलुवाभेद, आँप, अम्बा आदि पाईन्छन् ।

प्राकृतिक खनिजतर्फ यस जिल्लामा घरको छाना छाउँने (स्लेट) ढुंगा, तामा, फलाम, अभ्रख, गन्धक, खरीढुंगा, आदि पाइन्छ । पादुका श्रीस्थान र नाभिस्थानमा बलिरहेको ज्वालाले यहाँ प्राकृतिक ग्याँसको् भण्डार रहेको संकेत मिल्दछ । *(जिल्ला विकास योजना २०७१/०७२ जि. वि. स. दैलेख, मेची देखि महाकाली भाग ४: २०३१)*

### २.१.४ जलस्रोत

दैलेख जिल्लामा साना ठूला गरी प्रशस्त नदी र खोलाहरू रहेका छन् । जसमध्ये नेपालको दोस्रो ठूलो नदी कर्णाली यो जिल्लाको पशिचमी सिमाना हुदै दक्षिणी सिमानासम्म घेराहाली बगेको छ । यही नै यहाको मुख्य नदी हो । त्यसैगरी लोहोरे खोला, छामगाड, रामगाड, चिनेगाड, पादुका, तारागाडी, चिंगाड, नेपागाड, रतीखोला आदि यहाँका मुख्य खोलाहरू हुन् । चिंगाड बाहेक यी सबै खोलाहरू कर्णाली नदीमा मिल्दछन तर चिंगाड चाहिं भेरी नदीमा मिल्न पुग्दछ । *(जिल्ला विकास योजना २०७१/०७२ जि. वि. स. दैलेख, मेची देखि महाकाली भाग ४: २०३१)*

### २.१.५ प्रमुख बजार स्थाल

यस जिल्लामा दैलेख बजार दुल्लु, चुप्रा, डाँडीमाँडी, डुङ्गवेश्वर, रामगाडँ, टुनीबगर, राकम, नौमुले, तालपोखरी, बेसतडा धरमा पोखरा आदि महत्वपूर्ण व्यापारिक केन्द्र हुन् । *(जिल्ला विकास योजना २०७१/०७२ जि. वि. स. दैलेख, मेची देखि महाकाली भाग ४: २०३१)*

### २.१.६ यातायात

यातायातको दृष्टिले हेर्दा दैलेख अत्यन्तै पछाडी परेको जिल्ला हो । यहाँका दुई नगरपालिका र ४९ वटै गा. वि. स. मा आन्तरिक सडक सञ्जालले छोएको भएपनि यी सबै सडकहरू कच्ची र निर्माणाधिन अवस्थामा रहेका छन् । यसर्थ यहाँ कुनै यातायातको सुविधा उपलब्ध छैन । बर्षायाम बाहेक अन्य सिजनमा दैलेख सदरमुकामदेखि दुल्लु, डाँडीमाडी, नौमुले आदि ठाउँहरूमा जीपहरू छिटफुट रूपमा मात्रै चल्दछन् । दैलेख सदरमुकाम नारायण नगरपालिकादेखि क्षेत्रीय सदरमुकाम सुर्खेत जोड्ने करिब ६८ कि. मी. (रानीमत्ता-दैलेख मोटरबाटो) यस जिल्लाको एकमात्र पक्की बाटो हो । त्यसैगरी कर्णाली राजमार्ग (सुर्खेत-जुम्ला सडक) पनि यस जिल्लाको दक्षिण पश्चिम सिमानाबाट भएर गएकोले यहाँको यातायात सुविधामा सहयोग पुगेको छ । *(जिल्ला विकास योजना २०७१/०७२ जि. वि. स. दैलेख)*

### २.१.७ स्वास्थ्य तथा शैक्षिक संस्था

यस जिल्लामा स्वास्थ्य तथा शैक्षिक संस्थाहरूको विवरण यस प्रकार रहेको छ ।

| | |
|---|---|
| अस्पताल | २ |
| प्राथमिक स्वास्थ्य केन्द्र | २ |
| स्वास्थ्य चौकी | ११ |
| उपस्वास्थ्य चौकी | ४५ |
| बाल विकास केन्द्र जम्मा | ३४० |
| (विद्यालयमा आधारित) | २१५ |
| समुदायमा आधारित | १२५ |
| प्राथमिक विद्यालय जम्मा | ३१५ |

| | |
|---|---|
| सामुदायिक विद्यालय | ३३७ |
| संस्थागत | १४ |
| निम्न माध्यमिक विद्यालय जम्मा | ९३ |
| सामुदायिक | ८९ |
| संस्थागत | ४ |
| माध्यमिक विद्यालय जम्मा | ५० |
| सामुदायिक | ४८ |
| संस्थागत | २ |
| उच्च मा. वि. (सामुदायिक) | ३९ |
| क्याम्पस (सामुदायिक) | ३ |

*(जिल्ला विकास योजना २०७०/०७१, जि. वि. स. दैलेख)*

### २.१.८ जनसंख्या

दैलेख जिल्लाको जनसांख्यिक विवरण यस प्रकार रहेको छ ।

| | |
|---|---|
| कुल जनसंख्या : | २६१७७० |
| महिला | १३४७८० (५१.४९%) |
| पुरुष | १२६९९० (४८.५१%) |
| जम्मा घरधुरी : | ४८९१९ |
| प्रतिपरिवार औषत सदस्य संख्या | ५.३५ |

| | |
|---|---|
| कृषिमा आश्रित औषत जनसंख्या | ९२% |
| लैंगिक अनुपात : | ९४.२ पुरुष प्रति १०० महिला |
| जनघनत्व : | १७४ व्यक्ति प्रति वर्ग कि. मी |
| वार्षिक जनसंख्या वृद्धिदर : | १.३३% |
| साक्षरता दर (औषत) : | ६५% |
| महिला साक्षरता दर (औषत) : | ५३% |

*(जिल्ला विकास योजना २०७१/०७२ जि. वि. स. दैलेख)*

### २.१.९ धार्मिक, ऐतिहासिक, पुरातात्विक तथा पर्यटकीय स्थलहरू

पादुका, धुलेश्वर, नाभिस्थान, श्रीस्थान र कोटीला (जसलाईपञ्चकोशी भनिन्छ) यस जिल्लाका प्रमूख धार्मिक स्थलहरू हुन् । त्यसैगरी तल्लो डुङ्गेश्वर, नारायण मन्दिर वेलासपुर भैरव, महाबु, बिन्द्रासैनी, चामुण्डा, मालिका, भैरवी आदि पनि प्रमूख धार्मिक स्थलहरूमध्ये पर्दछन् ।

यस जिल्लामा पुरातात्विक महत्वका विभिन्न सम्पदाहरूमध्ये दामुपालको अभिलेख स्तम्भ, पृथ्वी मल्लको कीर्तिस्तम्भ, दैलेखको गढी, विभिन्न गाउँहरूमा अवस्थित भुरे टाकुरे राजाहरूका कोट (किल्ला)हरू, भुर्तिका २५ देवल, पञ्चदेवलहरू, पौवा, आदि प्रमूख छन् । पर्यटकीय दृष्टिले महत्वपूर्ण देखिएका स्थलहरूमध्ये द्वारीखोलाको झरना, भैरवी झरना, तोलीजैसीको ठूली छहरा, भीमको पाईला, बागढुंगा, महाबुगाथ, विभिन्न धार्मिक एवं पुरातात्विक मठ मन्दिर तथा मष्टामाडौंहरू आदि हुन् । *(जिल्ला विकास योजना २०७१/०७२ जि. वि. स. दैलेख)*

### २.१.१० सामाजिक, सांस्कृतिक अवस्था

जसरी नेपाल बहुल जाती भाषा, संस्कृतिले भरिपूर्ण छ, त्यसैगरी दैलेख जिल्ला पनि सामाजिक सांस्कृतिक रूपले विविधतापूर्ण रहेको छ । दैलेख जिल्लामा परम्परागत

हिन्दु धर्म वर्णव्यवस्था अनुसारका ब्राह्मण क्षेत्री, शुद्र (यहाँ दलित समुदायलाईशुद्र अन्तरगत मान्ने गरिन्छ) लगायत अन्य समुदायहरू मगर गुरुङ्ग, तामाङ्ग आदिको बसोबास रहेको छ । यी सबै समुदायहरूको आ-आफ्नै किसिमका रीतिथिति, चालचलन एवं धार्मिक सांस्कृतिक परम्परा रही आएका छन् । तथ्याङ्कगतरूपमा हेर्दा दैलेखको जातजाती, भाषा, र धर्मको अवस्था निम्नानुसार पाइन्छ :

**जातजाती**

| | | | |
|---|---|---|---|
| क्षेत्री | ३४.८% | दमाई | ४.४५% |
| कामी | १५.३३% | सार्की | २.७५% |
| ठकुरी | १४% | योगी/सन्यासी | १.६१% |
| ब्राह्मण | १२% | सुनार | १.५८% |
| अन्य | २.१७% | गुरुङ्ग | १.४३% |

**भाषा**

| | | | |
|---|---|---|---|
| नेपाली | ९८.९८% | अन्य | ०.५६% |
| गुरुङ्ग/मगर | ०.४६% | | |

**धर्म**

| | | | |
|---|---|---|---|
| हिन्दु | ९७.४% | बौद्ध | १.९% |
| इस्लाम | ०.०८% | क्रिश्चियन | ०.४५% |
| अन्य | ०.१५% | | |

*(जिल्ला विकास योजना २०७१/०७२ जि. वि. स. दैलेख)*

यहाँका बाहुन क्षेत्री, ठकुरी, कामी, दमाई, सार्की, सन्यासी, अादि समुदायलाई 'खस' जाती पनि भन्ने गरिन्छ । यो खस समुदायको सांस्कृतिक विशेषता भनेको 'मष्टो परम्परा' हो । त्यसैले यस जिल्लामा पनि मष्टोको पूजा उपासना गर्ने गरिन्छ । मष्टोलाई कुनै कुनै ठाउँमा तियाडी, भैरव, सिद्ध, बण्डाल्नी आदि नामले पनि सम्बोधन गर्ने गरिन्छ । मष्टोलाई दुधे मष्टो र दाह्रे मष्टो भनेर मुख्यतया दुईरूपमा छुट्याइएको पाईन्छ । दुधे मष्टोले सात्विक प्रसाद मात्रै ग्रहण गर्छ भन्ने मान्यता रही आएको देखिन्छ जस अनुसार दुध, अक्षता आदिले पूजा गर्ने गरिन्छ भने दाह्रे मष्टोलाईअनिवार्य रूपले बली चढाउँने परम्परा रही आएको छ ।

मष्टो बाहेक यहाँ विभिन्न वैदिक देवदेवीहरूको पनि पूजा उपासना गर्ने परम्परा रहेको छ । जस अनुसार कालिका, मालिका, बिन्द्रासैनी, कालसैनी, भैरवी, चामुण्डा आदि देवी तथा नारायण, शिव, गणेश, आदि देवताहरूको पूजा उपासना हुने गर्दछ । यी देवीहरूलाई मष्टोका बहिनीको रूपमा समेत मान्ने परम्परा छ । दैलेखी समाजमा बाहुन, क्षेत्री, ठकुरी अादि गैह्र दलित समुदायलाई माथिल्लो (पानी चल्ने) जाती र कामी, दमाई, सार्की आदि दलित समुदायलाई तल्लो (पानी नचल्ने) जाती मान्ने पुरानो परम्परा युवापुस्तामा बाहेक पुरानो पुस्तामा कायमै रहेको छ । मष्टो र देवीको पूजामा बली चढाउँदा माथिल्लो जाती मानिनेहरूले बोका मात्रै र तल्लो जाती मानिनेहरूले राँगा, कुखुरा र सुगुँर समेत काट्ने गर्दछन् ।

दैलेख जिल्लाको मनोरञ्जन संस्कृतिलाई हेर्दा यहाँ विभिन्न धार्मिक एवं चाडबाडको अवसरमा लगाईने जात्राहरू उल्लेखनिय छन् । जात्राहरू रातीको समयमा मात्रै लाग्ने गर्दछन् । देउडा गीत यहाँका जात्राहरूको प्रमूख आकर्षण हुने गर्दछ । नाच सहितको देउडा गायनलाई देउडा खेल भनिन्छ भने केटाकेटीले दोहोरी जस्तै गाउँने देउडा गीतहरलाई ठाडीभाका भनिन्छ । यहाँका मुख्य जात्राहरूमा घाँसे संक्रान्तिको जात्रा (असोज एक गते) तिलेपाटा, अनन्त चतुर्दशीको राती डाँडीमाँडी जात्रा, माघ शुक्ल चतुर्दशीको राती पादुकाको जात्रा, कोजग्रत पूर्णीमाको राती सात्तालाको भैलो आदि हुन् ।

दिपावलीको अवसरमा पर्ने नरक चतुर्दशीको राती यहाँका प्राय हरेक गाऊँमा 'भुवो' (एक प्रकारको लोक नृत्य) खेल्ने चलन छ । नाचगान संस्कृति अन्तरगत देउडा, भुवो, भैलो हुड्केनाच आदि यहाँका प्रसिद्ध लोकपरम्परा हुन् ।

दैलेख जिल्लाको बसोबास संस्कृतिलाईहेर्दा यहाँ ढुंगाको गारो र स्लेट (ढुंगा) को छानो भएका दुईतले घरहरू प्राय : सबै गाउँमा एकै प्रकारका पाईन्छन् । कुनै कुनै ठाउँमा खर तथा झिंगटीले छाना छाएका घरहरू समेत पाईन्छन् । घरको भुईतला प्राय : गाईवस्तुको गोठको रूपमा प्रयोग गरिन्छ भने बिचको तलामा भान्सा, भण्डार तथा सुत्नको निम्ति प्रयोग गरिन्छ । सबैभन्दा माथिको भाग बुईगल जसलाई स्थानीय भाषामा अथारो भनिन्छ । अथारो नल, पराल तथा डोका, चित्रा थन्क्याउँन प्रयोग गरिन्छ ।

यस जिल्लाको खानपान दाल, भात, रोटी, तरकारी नै हो । चाडबाडहरूमा विशेषगरी लाउन (पुरी), बाबर (सेलरोटी), झर (घ्युमा पीठो मुछेर तेलमा पकाईने एक प्रकारको चामलको रोटी) आदि खाईन्छ । पहिरन अन्तरगत अन्यत्र झैं यहाँ पनि केटा मान्छेले सर्ट, पाइन्ट, टिसर्ट तथा बुढापाकाले दौरासुरुवाल र आइमाईहरूले सारी, धोती, ब्लाउज, गुन्यु चोलो नै लगाउँछन् । घरमै बुनेर लगाइने कपडा (घर बुन्ना) को चलन लोप भैसकेको छ । गरगहनाहरूमा मोहोर, कम्पनीका माला, ठिमराका माला, बेरौटे आदिको चलन लोपोन्मुख छ । हाल चल्तीमा रहेका गहनाहरूमा चक्री, तिलरी, ढुंग्री, माडबारी आदि हुन् ।

अन्यत्र झैं यहाँ पनि जन्म विवाह र मृत्यु आदि संस्कारहरूको चलन रहेको छ । जन्म संस्कार अन्तरगत छोरा जन्मिदाको छैठीमा विशेष प्रकारको स्थानीय मौलिक नाचगानको आयोजना गर्ने चलन छ । जसलाई 'छयट खेल्ने' भनिन्छ । छयट खेल्दा, नवजात शिशु, उसका आमाबुबा तथा बाजे बजै समेतलाई आशिष सहितका गीत र एक प्रकारको सामुहिक नाच प्रस्तुत गरिन्छ । मृत्यु संस्कार अनुसार मृतकको शवलाई मसानघाट तर्फ लिदा बाजागाजा सहित लिईन्छ र बाटोमा ठाउँठाउँमा कर्को (एक प्रकारको मृत्यु गीत) गाउँने चलन छ । बाजा गाजा र कर्को गीतको जिम्मा दमाई

समुदायको हुने गर्दछ । चाडबाडहरूमा दशैं, तिहार नै यहाँका मुख्य चाडपर्व हुन् । हिन्दु सम्प्रदायको मुख्य बसोबास क्षेत्र भएकोले यहाँ पनि अन्यत्र झैं बैसाख एक गते नयाँ बर्ष, ऋषि पञ्चमी, रक्षा बन्धन, कष्णजन्माष्टमी, तीज, माघे संक्रान्ति आदि चाडपर्व मनाईन्छ । यस जिल्लामा असोज एक गते घाँसे संक्रान्ति पर्व भनेर हरेक व्यक्तिले त्यसदिन गाईलाईघाँस काटेर खुवाउँनु पर्ने चलन रहेको छ । यहाँ शुभ, अशुभ प्राय : सबैजसो संस्कार गर्नुपर्दा पञ्चैबाजा (विशेषगरी दमाहा) बजाउँने चलन रहेको छ । हरेक संस्कार अनुसारका दमाहाका धूनहरू भने फरक फरक नै हुने गर्दछन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

## २.२ दैलेख जिल्लाको ऐतिहासिक रूपरेखा

### २.२.१ सिञ्जा साम्राज्यकाल

बिक्रमको एघारौं शताब्दीतिर उत्तर भारतको कुमाउ क्षेत्रमा रहेको कत्युर साम्राज्य भारतको मैदानी भुभागबाट आएका चन्द राजपुतहरूको आक्रमणबाट अन्त्य भएपछि त्यस क्षेत्रमा बसोबास गरिरहेका खसहरू उत्तर पूर्वतर्फ विस्थापित भई आए । त्यहाँदेखि बिस्थापित भएका खसहरू सुरक्षित आश्रयको खोजीम तिब्बत पुगे । त्यसताका तिब्बतका राजा लाङ्दर्माको हत्याभई दरबारमा अन्योलता र अस्थिरताको अवस्था थियो । यही अन्यौलताको फाइदा उठाउँदै पश्चिमी तिब्बतको खारी प्रदेशमा खसहरूले स्वतन्त्र शासन चलाउँन पुगे । तिनै खस शासकहरूको केही पुस्ता पछिका नागराजले विक्रमको बाह्रौं शताब्दीको मध्येतिर जुम्लाका पाल शासकहरूलाई पराजित गरी सिञ्जालाई राजधानी तुल्याइ साम्राज्यको स्थापना गरेका थिए । जसलाई खस साम्राज्य भनिन्छ । नागराजभन्दा अघि यसक्षेत्रमा पालवंशी शासकहरूले शासन गरेको कुराकेही सिलालेखहरूबाट थाहा पाइएको छ, तर ती शासकहरूको विषयमा तिथिमिति सहितको यथार्थ जानकारी हालसम्म पनि पाउँन सकिएको छैन । *(के.सी. २०७०:१२)*

नागराजको राजवंश तथा उत्तराधिकारक्रम र ज्ञातसमय निम्नबमोजिम छ :

| | राजाको नाम | ज्ञात समयावधि |
|---|---|---|
| १ | नागराज | बाह्रौं शताब्दी |
| २ | चापराज | |
| ३ | चापिल्लराज | |
| ४ | क्राशिचल्ल | |
| ५ | क्राधिचल्ल | |
| ६ | क्राचल्ल | वि. सं. १२६४-१२८० |
| ७ | अशोक चल्ल | वि. सं. १३१२-१३३५ |
| ८ | जितारी मल्ल | वि. सं. १३४४-१३५६ |
| ९ | रिपु मल्ल | वि. सं. १३६९-१३७० |
| १० | अक्षय मल्ल | वि. सं. १३७०-१३७२ |
| ११ | आदित्य मल्ल | वि. सं. १३७३-१३८५ |
| १२ | पूण्य मल्ल | वि. सं. १३८५-१३९४ |
| १३ | पृथ्वी मल्ल | वि. सं. १३९५-१४१५ |
| १४ | सूर्य मल्ल | वि. सं. १४२४-१४३३ |
| १५ | अभय मल्ल | वि. सं. १४३३- १४४८ |

त्यसैगरी खस साम्राज्यपूर्वका पालवंशी शासकहरूको वंशक्रमं दुल्लुस्थित पृथ्वी मल्लको (वि. सं. १४१४) कीर्तिस्तम्भमा निम्नानुसार उल्लेख गरिएको छ ।

१. आदिपाल

२. अमरपाल

३. जयपाल

४. विजयपाल

५. विरपाल

६. विक्रमपाल

७. श्रीपाल

८. धिरपाल

९. सोमपाल

१०. सूर्यपाल

११. समुद्रपाल

| | |
|---|---|
| १२. | सुखपाल |
| १३. | विग्रहपाल |
| १४. | महीपाल |
| १५. | विश्वपाल |
| १६. | जीवपाल |
| १७. | जयपाल |
| १८. | पुण्यमल्ल |
| १९. | श्रीमल्ल |

*(अधिकारी : २०६८: ९, १०, ११ । के.सी. : २०७०: ५४, ५५)*

विक्रमको बाह्रौं शताब्दीको मध्येतिर जुम्लाको सिञ्जालाई राजधानी बनाइ नागराजले खडागरेको खस साम्राज्यमा नागराजपछि क्रमश : चाप, चपिल्ल, क्राशिचल्ल, क्राधिचल्ल राजा भए । यी राजाहरूको राज्यकाल सम्बन्धि खासै जानकारी पाइएको छैन । खस साम्राज्यको इतिहासमा क्राधिचल्लका छोरा क्राचल्लको पालादेखि तिथि मिति सहितका ऐतिहासिक प्रमाणहरू पाइएका छन् । वि. सं. १२८० मा क्राचल्लले कुमाउँमाथि विजय प्राप्त गरेको कुरा कुमाउँ बालेश्वर मन्दिरमा फेला परेको एउटा ताम्रापत्रमा उल्लेखित छ । उक्तसमयमा क्राचल्लको राजधानी दैलेखको दुल्लु नजिकै श्रीसम्पन्न नगरमा थियो । उनको कुमाउँ विजय राज्याभिषेकको सोह्रौं वर्षमा भएको थियो । जस अनुसार उनले वि. सं. १२६४ मा राज्यारोहण गरेका थिए । राजा क्राचल्लको पालामा तिब्बत, सिञ्जा, दुल्लु, सुर्खेत, बर्दिया र भारतको व्यापारिक मार्ग निर्माण गराइ सिञ्जालाई हाटबजारको केन्द्रबिन्दु बनाइएको थियो भने दुल्लु वरपर विभिन्न धार्मिक पीठहरू भएको हुनाले दुल्लुलाई विराट्स्थान घोषणा गरिएको थियो । त्यसैबेलादेखि “सिञ्जाहाट दुल्लु विराट” भन्ने लोकोक्ती प्रचलित छ । *( अधिकारी : २०६८: १०)*

खस साम्राज्यमा सबैभन्दा प्रतापी राजा अशोक चल्ल (वि. सं. १३१२-१३३५) देखिएका छन् । अशोक चल्लको पालामा खस साम्राज्य चरमोत्कर्षमा पुगेको थियो ।

यिनको पालामा खस साम्राज्यको सिमा पश्चिममा लद्दाख (केदारखण्ड) सम्म पूर्वमा गण्डकी प्रदेशसम्म, उत्तरमा खारी प्रदेशसम्म तथा दक्षिणमा बोधगयासम्म फैलिएको थियो । राजा अशोक चल्लको सेनालाई “स्वर्गगामिनी बाहिनी” भनिन्थ्यो । गढवाल गोपेश्वरको त्रिशुललेखमा “श्रीमान् अशोक चल्ल राजाले आफ्ना राज्यको विशाल मन्दिरमा त्रिशुल स्थापना गरी स्तम्भ खडा गर्नुभयो” भन्ने उल्लेख छ ।

अशोक चल्लको पालामा वर्तमान नेपाली भाषाको पूर्वरूपम विकसित भइसकेको पाईन्छ । नेपाली भाषाको सर्बप्राचिन नमूना यिनै राजाको पालाको पाइएको छ । दुल्लु पादुकास्थित प्राप्त एक शिलालेखमा “ऊँ नमो बुद्धये । श्री अशोक चल्ल देवस्चिरं जयतु : सउना कार्कि साउका कर्क्यानिको देवल” भन्ने उल्लेख छ । यसैलाईहालसम्म प्राप्त सर्वप्राचिन नेपाली भाषाको नमूना मानिएको छ । *(अधिकारी : २०६८: ११)*

राजा अशोक चल्लले सुर्खेतको काँक्रेविहार, डडेलधुराको अजेयमेरु महल, दैलेख भुर्तिका पञ्चदेवल, दार्चुलाको उकुमहल निर्माण गराएका थिए । अशोक चल्ललाई“सपादलक्षशिखरिखसदेशराजाधिराज” (सवालाख पर्वतका राजा) भनिन्थ्यो । *(अधिकारी : २०६८: १०, ११)*

अशोक चल्लपछि उनका छोरा जितारी मल्ल (वि. सं. ११३४-१३५६) राजा भए । खस साम्राज्यका शासकहरूमा मल्ल थर लेख्ने यिनी पहिलो शासक हुन् ।

जितारी मल्लपछि उनका भतिजा (भाइ आनन्द मल्लका छोरा) रिपुमल्ल (वि. सं. १३६९-१३७०) राजा भए । जितारी मल्लका दुई छोरा अक्षय मल्ल र आदित्य मल्ल मध्ये अक्षय मल्लको अविवाहित अवस्थामै देहावसान भैसकेको र आदित्य मल्ल बौद्ध भिक्षुको रूपमा पठन पाठनकोनिम्ति तिब्बतको शाक्यमठमा रहेकाले रिपु मल्ल राजा भएका थिए । *(अधिकारी : २०६८: ११)*

राजा रिपु मल्लपछि शिक्षा दिक्षा सकी तिब्बतबाट फर्केर आदित्य मल्ल (वि. सं १३७०-१३८५) राजा भए । राजा आदित्य मल्लका छोरा कल्याण मल्ल राजा नहुदै

दिवंगत भईसकेको हुदा र नाती (कल्याण मल्लका छोरा) सानै उमेरदेखि बौद्ध भिक्षु भई तिब्बततिरै बसेका थिए । यस्तो अवस्थामा नागराजवंशमा शासनाधिकारीको समस्या खड्केको थियो । यस परिस्थितिमा राजा आदित्य मल्लले आफ्ना ज्वाँइ (छोरी सकुनमालाका पति) पुण्य पाललाई आफ्नो थर गोत्र समेत दिई सिंजा साम्राज्यको बागडोर सुम्पिएका थिए । यसरी पुण्य मल्ल (वि. सं. १३९४) राजा भई सिंजा साम्राज्यको बागडोर समाल्न पुगे । *(अधिकारी : २०६८: १२)*

पुण्य मल्लपछि जेठा छोरा श्रीमल्लको सानै उमेरमा निधन भईसकेकोले कान्छा छोरा पृथ्वी मल्ल (वि. सं. १३९५-१४१५) राजा भए । राजा पृथ्वी मल्लले वि. सं. १३९५ देखि १४१३ सम्म १८ वर्ष सिञ्जाबाट र तेसपछिको दुई बर्ष दुल्लुबाट शासन गरेका थिए । राजा पृथ्वी मल्लले वि. सं. १४१४ जेष्ठ एकादशी आईतबारका दिन दुल्लुस्थित “कीर्तिस्तम्भ” खडा गर्न लगाएका थिए । त्यसैरी वि. सं. १४१५ मंसिर संङ्क्रान्ति सोमबारका दिन पञ्चकोशी तीर्थ स्थलमा हरिशंकरी तीर्थयात्रा गरेर प्रशस्त दान दातव्य तथ बिर्ता प्रदान गरेका थिए । यिनै राजा पृथ्वी मल्लले दुल्लुस्थित ‘पाथरनाउली’ निर्माण गर्न लगाएका थिए । *(के.सी. २०७०: १८, १९)*

राजा पृथ्वी मल्लकै पालादेखि खस साम्राज्य टुक्रिन सुरुभई अलग अलग स्वतन्त्र राज्य बन्न थालेका थिए । जसअनुसार वि. सं. १४०६ मा तिब्बत, १४०९ मा डोटी र १४२२ मा कुमाँउ गढवाल छुट्टिई स्वतन्त्र राज्यको रूपमा स्थापित भएका थिए ।

राजा पृथ्वी मल्लका सकुनमाला र दीपमाला दुई रानी भए तापनि निसन्तान भएको हुनाले पुनः यो राजवंशमा उत्तराधिकारीको समस्या आईपरेको थियो । यस्तो परिस्थितिमा नागराज वंशकै राजा रिपु मल्लका माहिला छोरा सूर्य मल्ल राजा हुन पुगे । *(के.सी. २०७०: १९)*

राजा सूर्य मल्ल पछि उनका छोरा अभय मल्ल (वि. सं. १४३३-१४४८) राजा भए । उनकै शासनकालमा नागराजद्वारा स्थापित खस साम्राज्यको पतन भएको थियो । *(के.सी. २०७०: २०)*

अभय मल्लको शासनकालमा आइपुग्दा वर्मान्त नामधारी प्रशासकहरू शक्तिशाली सामन्तको रूपमा स्थापित भईसकेका थिए । यसै पृष्ठभूमिमा रास्कोटी मलय वर्माले वि. सं. १४३५ देखि नै कालिकोटको मान्म खाँडाचक्रबाट महाराजाधिराजको हैसियतमा शासन चलाउँन सुरु गरिसकेका थिए । यसैकारण राजा अभय मल्लले मुगु कालै गाउँका सामन्त उत्तिमराजका छोरा बलीराज मार्फत आफ्नो राज्यको सुरक्षा प्रबन्ध गर्ने प्रयास गरेका थिए । *(अधिकारी : २०६८: १७)*

सिंजा साम्राज्यबाट छुट्टिएर अलग राज्यको रूपमा स्थापित भएका राज्यहरूको संरक्षण कर्ताको रूपमा मलय वर्मा देखिएका थिए । यसैक्रमसँगै सिञ्जा साम्राज्य बाईसे र चौबिसे राज्यमा विभाजित हुन पुग्यो । अन्तत करिब तीनसय बर्षको इतिहास बोकेको नागराजद्वारा स्थापित सिञ्जा साम्राज्यको अन्त्य हुन पुग्यो ।

### २.२.२ बाइसे राज्यकाल

एघार नदी र एघारै बटा पर्वतहरूले बनेको हुनाले जुम्लालाई बाईस पख्याली जुम्लो भनिन्थ्यो । कर्णाली क्षेत्रका राज्यहरूले बाईस पख्याली जुम्ला राज्यलाई सिर्तो ( वार्षिक कर) बुझाउँने हुनाले, जुम्ला राज्यको प्रभाव भित्र रहेका ती सबै राज्यहरूलाई बाइसे राज्य भनियो । *(अधिकारी : २०६८: २२)*

रासकोटी बडेराजा मलय बर्मा (मलै बम्म, मलैभुम) ले आफ्ना छोराहरूमध्ये कान्छा छोरा संसार बर्मा (संसारी बम्म) लाई दैलेखको महामण्डलेश्वरको रूपमा नियुक्त गरेका थिए । बाबु बडेराजा मलय बर्माको शेषपछि संसारी बम्मले स्वतन्त्र दुल्लु राज्यको स्थापना गरे । यिनले स्थापना गर्दा दुल्लु राज्यको सिमाना पूर्वमा जाजरकोट राज्य, पश्चिममा डोटी, उत्तरमा जुम्ला राज्य र दक्षिण धुलीकोट राज्यसम्म थियो । त्यस समयमा बिलासपुर र अछाम पनि दुल्लुराज्य अन्तरगत नै पर्दथ्यो । संसारी वर्माको वि. सं. १४५३ बैसाख पूर्णिमाका दिन हरदास नामक पंडितलाई भुषाँ गाउँको भुमिदान दिएको ताम्रापत्र भेटिएको छ । *(अधिकारी २०६८: १९९)*

संसारी वर्मापछि वि. सं. १४७५ मा दुल्लुराज्य टुक्रिएर विलासपुर राज्यको स्थापना भयो । यसरी हालको दैलेख जिल्लामा दुल्लु र विलासपुर दुईराज्य स्थापना हुन पुगे । संसारी वर्माका छोरी श्रीबम्म बिलासपुर र संसारी वर्माका भतिजा पर्वता बम्म दुल्लुका राजा भए ।

बाइसे राज्य दुल्लुको राजवंश निम्नानुसार छ :

| | राजाको नाम | ज्ञात समय |
|---|---|---|
| १ | संसारी वर्मा | वि.सं. १४५३ |
| २ | पर्वता बम्म | वि.सं. १४७५ |
| ३ | पिथै बम्म | वि.सं. १५०९ |
| ४ | पिरोजी शाही | |
| ५ | प्रताप शाही | वि.सं. १६२५-१६३९ |
| ६ | मान शाही | वि.सं. १६३९ |
| ७ | मेघमल शाह | |
| ८ | मिहिन्द्र शाह | |
| ९ | माधव शाह | |
| १० | विजै शााह | |
| ११ | पृथ्वीपति शाह | |
| १२ | श्री ५ विक्रम शाह | वि.सं. १७३७-१७६९ |
| १३ | रामदत्त शाही | |
| १४ | उत्तम शाही | वि.सं. १८४६ |
| १५ | रुद्र शाही | |
| १६ | श्रीभक्त शाह | |
| १७ | भक्त बहादुर शाह | वि.सं. १८९२ |
| १८ | पृथ्वीनारायण शाह | वि.सं. १९४६-१९६३ |
| १९ | उदयरत्न शाह | वि.सं. १९६४-१९६७ |
| २० | पुण्यरत्न शाह | वि.सं. १९६८-१९८१ |
| २१ | जङ्गबहादुर शाह | वि. सं. १९८१-२०१९ |

*(के. सी., २०७०: ३९)*

दुल्लुराज्य स्थापना भएको १७२ वर्षपछि वि. सं. १६२५ को एउटा ताम्रापत्र पाइएको छ, जसमा दुल्लुका राजा मान शाही र विलासपुरका राजा संग्राम शाही मिलेर श्रीस्थान ज्वाला मन्दिर नजिक एक पाटी बनाइ त्यसको चलन गर्ने ताम्रापत्र गरिदिएको पाइएको छ । *(के.सी. : २०७०: ३१)*

दुल्लुका राजाहरूमध्ये विक्रम शाह (वि. सं. १७६७-१७६९) लाई “श्री ५ मन्महाराजाधिराज विक्रमसाहा” लेखिएको पाइएको छ । यसबाट दुल्लु राज्यको इतिहासमा विक्रम शाहको नाम विशेष किसिमले लिने गरेको देखिएको छ ।

उत्तम शाहीका पालामा वि. सं. १८४६ साल कात्तिक २१ गते सोमबारका दिन दुल्लु राज्य नेपालको अधिनमा आयो । राजा उत्तम शाहीले नेपाल एकीकरणको पक्षमा समर्थन गरी गोरखाली सेनालाई सहयोग गरेको हुनाले बिनारक्तपात दुल्लुराज्य नेपालमा एकिकृत हुन पुग्यो । *(के.सी. : २०७०: ३१)*

गोरखाली सेनाको पश्चिम विजय अभियानमा साथदिने क्रममा दुल्लुका राजा उत्तम शाहीले कुमाउको गंगोली भन्ने ठाउँमा महेश चन्दको सेनासँग लड्दालड्दै वीरगति प्राप्त गरे । यसरी गोरखालीलाई सहयोग गरिदिए वापत नेपाली राजाले दुल्लु राज्यलाईवि. सं. २०१९ सालसम्म पनि रजौटाको मान्यता दिएका थिए । दुल्लुले वि. सं. २०१९ सालसम्म पनि माझखण्डदरा, आठबीस दरा (जम्बुकाँध गा. वि. स. यसैदरा अन्तरगत पर्छ), र दैलेख नयाँबस्ती दरा क्षेत्रको पंचखत सहितको मुद्धामामला हेर्ने र राजस्व उठाउँने लगायत अधिकार प्राप्त गरेको थियो । वि. सं. २०१९ सालको राजा रजौटा उन्मुलन ऐन सँगै दुल्लुराज्यको अस्तित्व नामेट भयो । *(के.सी. : २०७०: ३१)*

विलासपुर राज्यको राजवंश

| | राजाको नाम | ज्ञात समय |
|---|---|---|
| १ | श्री बम्म | वि. सं. १४७५ |
| २ | जितारी बम्म | |
| ३ | शक्ति बम्म | |
| ४ | बजुर बम्म | |
| ५ | विक्रम बम्म | |
| ६ | सुपी बम्म | |
| ७ | शक्तिसुधर शाही | |
| ८ | प्रताप शाही (प्रथम) | |
| ९ | संग्राम शाही (प्रथम) | वि. सं. १६२५ |
| १० | कर्ण शाही (प्रथम) | |
| ११ | त्रिलोक शाही | |
| १२ | सुर्तान शाही | वि. सं. १६९१ |

| | | |
|---|---|---|
| १३ | मान शाही | |
| १४ | भान शाही | |
| १५ | रुद्र शाही | |
| १६ | प्रताप शाही (द्वितीय) | |
| १७ | हरीनारायण शाही | |
| १८ | संग्रम शाही (द्वितीय) | |
| १९ | कर्ण शाही (द्वितीय) | वि. सं. १६४६ |

*(के. सी. २०७०: ४१)*

राजा कर्ण शाहीको पालामा वि. सं. १८४६ साल कात्तिक महिनामा विलासपुर राज्य नेपालसँग एकीकरण भयो । सरदार कालु पाँडे र शत्रुसाधन शाहीको नेतृत्वमा पुगेको दुई कम्पनी सैन्य टोलीले विलासपुर पुगेर ठूलो मारकाट, लुटपात र आगजनी गरी आतंक मच्चाएको थियो । गोरखाली सेना त्यहाँ पुग्दा राजा कर्ण शाही भागिसकेका थिए । त्यहाँ रहेको राजपरिवारका अन्य सदस्य तथा भारदारहरू गोरखालीद्वारा काटिएका थिए । विलासपुर दरवार र शहरभरी आगजानी भएको थियो ।

यसरी हालको दैलेख जिल्लामा पर्ने तत्कालिन दुईटा बाइसे राज्य विलासपुर र दुल्लु वि. सं. १८४६ कात्तिकमा नेपालमा एकिकृत हुन पुगे । *(के.सी. : २०७०: ३१)*

# अध्याय ३

# जम्बुकाँध गा. वि. स. को परिचय

## ३.१ भौगोलिक अवस्थिति

महाभारत पर्वत श्रृंखलाको उत्तरमा अवस्थित, भेरी अञ्चलक पाँच जिल्लाहरू मध्येको क्षेत्रफलका हिसाबले सबैभन्दा सानो (१,४०५) वर्ग किलो मिटरको क्षेत्रमा फैलिएको दैलेख एक मध्येपहाडी जिल्ला हो । राजधानी काठमाडौँदेखि करिब ६५० किलोमिटर पश्चिममा अवस्थित दैलेख, दुईवटा निर्वाचन क्षेत्र, दुई नगरपालिका र ४९ वटा गाउँ विकास समितिहरूमा विभाजित छ । यिनै ४९ गाउँ विकास समिति मध्येको एक गा. वि. स. हो जम्बुकाँध । यो गा. वि. स. जिल्ला सदरमुकाम दैलेख बजारबाट करिब ३० कि. मि. पश्चिममा पर्छ । पूर्वमा दुल्लु नगरपालिकासँग पादूका खोलाले यसको सिमाना छुट्याउँछ भने पश्चिमी सिमाना लकान्द्र गा. वि. स. सँग रामगाड खोलाले छुट्याएको छ । त्यसै गरी उत्तरमा चामुण्डा गा. वि. स. र दक्षिणमा लयाँटी बिन्द्रासैनी गा. वि. स. को विचमा पर्ने भुभाग नै जम्बुकाँध गा. वि. स. हो । महाभारत पर्वत श्रृंखला अन्तरगतको पहाडको एक अंशको रूपमा रहेको जम्बुकाँध गा. वि. स., जम्बुकाँध डाँडादेखि पूर्व र पश्चिम गरी दुई भागमा छुट्टिएको छ । जम्बुकाँध डाँडादेखि पूर्वीभेगको सम्पूर्ण पानीको निकास पादुका खोलामा मिल्न जान्छ भने पश्चिमपट्टीको सबै पानी रामगाड खोलामा मिल्दछ । पादुका र रामगाड दुईटै खोला उत्तरतिरबाट दक्षिण तर्फ भई बगेका छन् र दुईटै कर्णाली नदीमा मिलेका छन् ।

पश्चिम पट्टीको रामगाड खोला पृथ्वीको गर्भमा निकै धासिएर बगेको हुदा कुनै समथर दुन, फाँट बन्न सकेका छैनन् र पश्चिमको सबैजसो भाग भिरालो पाखोको रूपमा रहेको छ । पादुका खोलाले बनाएको फाँटका कारण पूर्वी भागमा लैनचौर क्षेत्र केही समथर भु भाग छ । अरु बाँकी भाग सबै पहाडी भिरालो पाखोकै रूपमा छ । डाडाँहरूमा लेक डाँडा, घोडा दाउनी, बत्का डाँडा र नुवाँकोट थुम्को क्रमश : उत्तरदेखि दक्षिण सम्म फैलिएका छन् । नुवाकोट थुम्कादेखि दक्षिण लयाँटी

बिन्द्रासैनीको सिमानासम्म गाँडेसाल भन्ने स्थानको भुभाग केही हदसम्म सम्म परेर रहेको छ ।

यी डाँडाहरूदेखि पूर्वपट्टीको क्षेत्रमा तिलुखाना र नुवाकोट तथा पश्चिम क्षेत्रमा बनाडा र बस्तेकोट भन्ने पुराना मुख्य गाउँबस्तीहरू रहेका छन् । यस गा. वि. स. को वडा विभाजन अनुसार डाँडा देखि पूर्वतर्फ क्रमश वडा नं. १ र २ तिलुखाना तथा ३ र ४ नुवाकोट गाउँमा पर्दछन् । पश्चिमपट्टीको बनाडा गाउँ वडा नं. ५ र ६ तथा ७, ८, र ९ वडा बस्तेकोट गाउँ अन्तरगत पर्दछन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल, जिल्ला विकास योजना २०७१/७२, जि. वि. स.)*

### ३.१.१ नामाकरण

स्थानीय भाषामा जम्बु भन्नाले जामुनको एक प्रजातीलाई बुझिन्छ । त्यसैगरी काँध भन्नाले पहाडका दुई टाकुराबिचको गल्छेडो (भञ्ज्याङ्ग) लाई बुझिन्छ । स्थानीय बत्काको डाँडा र नुवाकोट टाकुराको विचमा रहेको काँधमा ठूला ठूला जम्बुका रुख हुने हुनाले त्यस ठाउँलाई नै जम्बुकाँध भनिदै गयो र कालान्तरमा यस गा. वि. स. को नाम समेत जम्बुकाँध रहन गएको कुरा स्थानीय बुढापाका एवं जानकारहरको भनाइबाट पुष्टि हुन्छ । अझै पनि त्यस ठाउँमा ठूलठूला जम्बुका रुखहरू देख्न पाईन्छ जो त्यस क्षेत्र नजिक अन्त कतै देखिदैनन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ३.१.२ हावापानी

जम्बुकाँध गा. वि. स. मधयेपहाडी भु-क्षेत्र भएको हुनाले यहाँ समशितोष्ण हावापानी पाईन्छ । लाइनचौर क्षेत्र र रामगाड खोला किनार क्षेत्रका केही ठाउँहरूमा गृष्म याममा केही गर्मी महशुस हुने हुदा उष्ण हावापानीको समेत संकेत मिल्दछ । हिँउद याममा यस गा. वि. स. क्षेत्रमा हिउ नपरे तापनि हावाको कारण चिसो बढेको पाइन्छ । चैत बैसाखमा हुरी चल्ने, वर्षायाममा मनसुनी बर्षा हुने र हिउँदमा ढिलो तथा कम बर्षा हुने यस क्षेत्रको हावापानीका विशेषता हुन् । *(जिल्ला विकास योजना २०७१/०७२ जि. वि. स. दैलेख)*

### ३.१.३ बालिनाली, बनजंगल, जडिबुटी तथा खनिज

मध्यपहाडी समशितोष्ण हावापानी पाइने भु-भाग भएको हुनाले मकै, गहुँ, धान र कोदो नै यहाँका प्रमूख बालीनाली रहेका छन् । दलहनहरूमा यहाँको प्रमूख खेती भटमास हो जसलाई स्थानीय भाषामा भट्ट भनिन्छ । यसका साथै बोडी, केराउ, चना, मास, गहत आदि यहाँका खेतीजन्य उत्पादन हुन् । सर्स्यू र तोरी तेलहन खेतीको रूपमा पाईन्छ भने आलु, काउली, मुला, टमाटर, आदि तरकारी खेती हुने गर्दछ । त्यस्तै फलफुलहरूमा अम्बा, केरा, आँप उल्लेख्य रूपमा पाईन्छ भने सुन्तला, अमिलो, निबुवा आदि समेत यहाँ पाईने फलफुल हुन् ।

समशितोष्ण हावापानीका कारण साल र सल्लो सँगसँगै पाइनु यहाँका बनजंगलको विशेषता हो । साल र सल्लो नै यहाँको मुख्य बन पैदावर हो । यहाँको बन जंगलमा साज, जामुन, सिंदुरे, आदि प्रजातीका रुखविरुवा पाइने गर्दछन् । त्यसैगरी डाले घाँस अन्तरगत यहाँ खनियो, बेरुला, कोईरालो, कोटमोरो आदि प्रमूख छन् ।

जडिबुटीहरूमा दालचिनी, असुरो, सिंदुरे, घोडताप्रे, नुनढिके आदि प्रमूख जडिबुटी समेत पाइने गर्दछन् । खनिज पदार्थतर्फ यहाँका कतिपय चट्टानहरूमा शिलाजित बगीरहेको देखिने हुनाले फलाम खानीको संकेत मिल्दछ । त्यसैगरी छाना छाउँने ढुंगा (स्लेट) पनि यहाँ पाईने गर्दछ । *(जिल्ला विकास योजना २०७१/०७२ जि. वि. स. दैलेख)*

### ३.१.४ जलस्रोत

पूर्वी सिमानाको पादुका खोला तथा पश्चिमी सिमानाको रामगाड खोला यहाँको जलस्रोतका प्रमूख आधार हुन् । त्यसैगरी चिउरुवा खोला, डुप्काको खोला, बाहुन धारा, छडेखोला, रन्तला खोला, गडेखोला, काले खोला आदि स-सना खोला खोल्सामा बाह्रैमास पानी बगीरहने हुनाले यस ठाउँका जलस्रोतका आधार हुन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ३.१.५ स्वास्थ्य, शैक्षिक तथा अन्य सरकारी संघ संस्था र प्रमुख बजार स्थल

यस गा. वि. स. मा एक उच्च मा. वि., तिन मा. वि., दुई नि. मा. वि., तथा चार प्रा. वि. र ११ वटा बाल विकास केन्द्र सञ्चालित छन् । त्यसैगरी स्वास्थ्य सेवा केन्द्र एउटा रहेको छ । पशु सेवा केन्द्र तथा कृषि सेवा केन्द्र पनि एक एक वटा रहेका छन् । एउटा इलाका हुलाक कार्यालय समेत यस गा. वि. स. मा रहेको छ ।

यस ठाउँमा जम्बुकाँध बजार, लाइनचौर बजार, गाँडेसाल, फलाकाँध, थर्पुवाले बजार स्थानीय व्यापारिक केन्द्रको रूपमा रहेका छन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ३.१.६ ग्रामीण खानेपानी तथा सरसफाइ

यस गा. वि. स. का अधिकांस जनसमुदाय प्राकृतिक मूलको खानेपानीमा निर्भर छन् भने नेपाल सरकार तथा विभिन्न गैर सरकारी संघ संस्थाहरू पनि यहाँ खानेपानी तथा सरसफाइको क्षेत्रमा क्रियाशिल रहेका छन् । सरसफाइको क्षेत्रमा यस गा. वि. स. लाई खुला दिसा मुक्त क्षेत्र घोषणा गरिएको छ । प्रत्येक घरमा चर्पीको व्यवस्था पाईन्छ । सामुदायिक सरसफाइको स्थिति भने त्यति सबल देखिदैन । प्रत्येक टोल एवं बजार क्षेत्रभरी जथाभावी फ्याकिएका खाली सीसी र अन्य फोहोरजन्य पदार्थले सामुदायिक सरसफाइको नाजुक स्थितिलाई इंगित गरिरहेको हुन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ३.१.७ यातायात

यातायातको क्षेत्रमा भर्खरै बामे सर्न लागेको यस गा. वि. स. को वडा नं. १ बाहेक बाँकी आठै वटा वडाहरू छोएर गएको मध्यपहाडी लोकमार्ग निर्माणाधिन अवस्थामा रहेको छ । यसका अतिरिक्त सांगेतडा राँगाजुधा ग्रामीण सडक समेत यस गा. वि. स. को बिचभागबाट गएको छ जसले यस ठाउँलाई कर्णाली राजमार्गसंग जोड्ने काम गर्दछ । यती हुदा हुदै पनि यी सडकहरू पूर्ण रूपमा सञ्चालनमा

नआइसकेकाले यो ठाउँ यातायातको सुविधाबाट वञ्चित नै छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ३.१.८ जनसंख्या

यस गा. वि. स. को जनसंख्या निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| जम्मा जनसंख्या : | ७,८०८ |
| पुरुषः | ४११६ |
| महिला : | ३६९२ |
| दलित (जम्मा) : | २,१६३ |
| दलित (पुरुष) : | १०८० |
| दलित (महिला) : | १०८३ |
| जम्मा घरधुरीसंख्या : | ११७४ |
| दलित घरधुरी संख्या : | ३१७ |
| साक्षरता दर (औषत) : | ५७.९५% |
| पुरुष : | ६७.९०% |
| महिला : | ४८.३३% |

*(जम्बुकाँध गा. वि. स. को कार्यालय : आ. व. २०७१/०७२)*

## ३.२ जम्बुकाँध गा. वि. स. को ऐतिहासिकता

यस गा. वि. स. मा तिथिमिति खुल्नेगरी कुनै पनि ऐतिहासिक प्रमाणहरू हालसम्म उपलब्ध हुन सकेका छैनन् । यहाँको सामाजिक समुदायहरूको सभ्यता र

यस ठाउँमा रहेका पुराना मानव वस्तीहरूका संकेत, कोट (किल्ला), मंग्राहा (ढुंगेधारा), नाउली आदिको उपस्थितिले यस ठाउँमा सिञ्जा साम्राज्याकालदेखि नै मानव बसोबास रहेको बुझिन्छ । यस गा. वि. स. को वडा नं. चार स्थित जम्बुकाँध बजार नजिकै एक पुरानो ढिस्को (Mound) देखिन्छ  जसलाई नुवाकोट भनेर चिनिन्छ र यसैको नामबाट गाउँको नामाकरण पनि गरिएको छ । स्थानीय जानकार एवं बुढापाकाहरूका अनुसार यो नुवाकोट 'झ्याँकोटा' को कोट (किल्ला) हो । झ्याँकोट भन्नाले रासकोटी वंशका वर्मा (बम्म) भनिने सिञ्जा साम्राज्यकालमै महामण्लेश्वर तथा महामात्यको रूपमा देखा परेर बाइसे राज्यकालका राजा (शासक) भएको कविला हो । रासकोटी वंशावली अनुसार मलय वर्मा (बडेराजा मलै बम्म) का बाह्रजना छोराहरूमध्ये एक मेदिनी बम्म थिए र तिनै मेदिनी बम्मका सन्तानहरू नै झ्याँकोटा हुन् । *(सूर्यमणी अधिकारी : २०६८)*

यसर्थ यस ठाउँमा झ्याँकोटा (रासकोटी ठकुरी) वंशका कुनै सामन्त वा अमात्यको बाइसे राज्यकालमा दरबार तथा किल्ला रहेको बुझिन आउँछ ।

त्यसैगरी यस गा. वि. स. को वडा नं. ६,७,८ र ९ लाई बस्तेकोट भन्ने नामले चिनिन्छ । यहाँ वडा नं. ८ बिस्कुना भन्ने ठाउँमा एक प्राचिन किल्लाको भग्नावशेष देखिन्छ (चित्र नं. ५. परिशिष्ट ६) । यसै किल्लालाई बस्तेकोट भनिने हुदा यस गाउँको नामाकरण समेत यसै किल्लाको नामबाट भएको बुझिन्छ । यस किल्लाको नजिकै रहेको एउटा टोलको नाम अझै पनि देनबाडा भनिन्छ । देनबाडा शब्द 'देवान बाडा' को अपभ्रंस रूप हो । देवान शब्द काजी वा मन्त्री भन्ने अर्थ दिने र स्थानीय भाषामा 'बाडा' शब्दले टोल वा बस्ती भन्ने अर्थ दिने हुदा यो ठाउँ कुनै काजी वा मन्त्रीको वस्ती भएको बुझिन्छ । त्यसैगरी यस किल्लाको नजिकै हाल जमिनमुनि पुरिएको अवस्थामा एउटा मंग्राहा (कलात्मक ढुंगेधारा) रहेको छ । यसै गरी वडा नं. ६ र ७ को सिमाना अर्को एक जिर्ण अवस्थाको ढुंगे धारा पनि रहेको छ (चित्र नं. ११, परिशिष्ट ६) । यस धाराको कारण यस टोलको नाम नै मंग्राहा भनिन्छ । यी पुराना सम्पदाहरू हेर्दा यस ठाउँमा इतिहासको कुनै कालखण्डमा व्यवस्थित नगर रहेको प्रतित हुन्छ ।

त्यसैगरी यस गा. वि. स. को वडा नं. ५ बनाडा गाउँमा 'रिठेचाखा कोट' भन्ने अर्को एउटा किल्लाको भग्नावशेष देखिन्छ (चित्र नं. ६, परिशिष्ट ६) । यस ठाउँमा अझैपनि जमिनको निकट सतहमुनी पाको ईटा र कलात्मक ढंगले फूलबुट्टा कुदिएका ढुंगाा पाइन्छन् । यस कोटले पनि यहाको ऐतिहासिकतालाई इंगित गर्दछ । यी विभिन्न कोट (किल्ला) हरू इतिहासको एकै कालखण्डका वा फरकफरक कालखण्डका पनि हुन सक्छन् । हालसम्म यी किल्लाहरूको बारेमा ठोस जानकारी दिने कुनै प्रमाण पाउँन सकिएको छैन । त्यसैगरी यस गा. वि. स.को वडा नं. ३ र ९ को विचमा पर्ने घोडा दाउनी भन्ने डाँडामा पुराना ओखलहरू यत्रतत्र छरिएर रहेको अवस्थामा देखिन्छन् । यी ओखलहरूले समेत यहाँको पुरानो सभ्यता र ऐतिहासिकतालाई दर्शाउँछन् । वडा नं. ४ स्थित सेरा भन्ने ठाउँमा हाल जमिनमुनी पुरिएर रहेको नाउली (कलात्मक ढुंगाले बनेको खानेपानी मुहान) ले पनि यहाँको पुरानो सभ्यता र इतिहासलाई इंगित गर्दछ । जम्बुकाँध पिपलचौतारीमा रहेका कलात्मक तरिकाले काटिएका ढुंगाहरूले समेत यहाँको पुरानो मानव सभ्यतालाई इंगित गर्दछ । यी ढुंगाहरूको सम्बन्धमा स्थानीय बुढापाकाहरूको भनाइ अनुसार यहाँ नुवाकोट गाउँमा पहिले देवलहरू थिए र ती देवलहरू भत्केपछि स्थानयि समाजसेवीहरूले देवलका ढुंगाल्याई पिपल चौतारी र नजिकै एउटा पानी पोखरी निर्माण गर्न लगाएका थिए । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

यहाँका विभिन्न टोलहरूका नाम जस्तै : धन पाएको डाँडो, सेरा, बत्का चौर, रम्मापुर, देनबाडा आदिले पनि पुरानो सभ्यता र यस ठाउँको ऐतिहासिकतालाई इंगित गर्दछन् ।

यस गा. वि. स. मा बसोबास गर्ने अधिकांश समुदायहरू हालको अछाम जिल्लाबाट बाइसे राज्यकालिन समयमा बसाइ सरेर आएको बुझिन्छ । यहाँका रासकोटी ठकुरी (शाही) समूदाय मात्र बडेराजा मलै बम्मका सन्तानहरू भएको बुझिन्छ । बडेराजा मलै बम्म वा मलय वर्माले मान्म खाँडाचक्रमा वि. सं. १४३५-१४४८ सम्म सिञ्जापति अन्तिम मल्ल राजा अभय मल्लको शासन कालमै स्वतन्त्र राज्य स्थापना गरी राजा भएका थिए । रासकोटी वंशावली अनुसार मलै बम्मका १२

छोराहरूमध्ये जेठा सुमेरु बम्म सुमेरुका छोरा पर्वता बम्म, पर्वता बम्मका छोरा पृथ्वी बम्म भएको र पृथ्वी बम्मका तेश्रो छोरा पुनी बम्म रहेका थिए । यिनै पुनी बम्मका सन्तानहरू नै हालका तिलुखानी शाही ठकुरी (रासकोटी) हुन् । हाल यो समुदाय यस गा. वि. स. को वडा नं. १, २, ३, ४, र ९ मा तथा जम्बुकाँध गा. वि. स. बाहिर समेत आवाद छ । यस गा. वि. स. निवासी बाहुन समुदायहरूमध्ये रेग्मी, देवकोटा, धमाला आदि सबै थरी र क्षेत्री समुदायमध्येका खड्का, बिष्ट, बोहोरा, साउँद आदि अछामको विभिन्न ठाउँबाट बाइसे राज्यकालमा यहाँ बसाइ सरेर आएको बुझिन्छ । त्यसैगरी यहाँका कार्की (क्षेत्री) भादगाउँ (हालको भक्तपुर) बाट आई बसेको देखिन्छ । दलित समुदायमध्येका दमाई, कामीहरू यहाँकै बाहुनहरूको वंशसँग सम्बन्धित देखिन्छन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल, सूर्यमणी अधिकारी : २०६८)*

यस गा. वि. स. मा रहेका मठमन्दिरहरूमा खापरथान, (चित्र नं. १, परिशिष्ट ६) देउती, भैरव, आदि सबै मष्टो देउता हुन् । यी सबै देवीदेउताहरू बाहुन क्षेत्री समुदायले आ-आफ्नो कुल देवताको रूपमा अछामबाटै बसाइसराइ आउँदा साथमा लिएर आई मन्दिर स्थापना गरी पूजा आजा गर्ने गरेको देखिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

तिलुखानी शाही (रासकोटी) हरूले पूजा गर्ने मौलो (कालिका माई) सोही समुदायको पुर्खाहरूकै पालादेखि पूजाआजा गरिआएको बुझिन्छ । त्यसैगरी नुवाकोटको मौलो भ्याकोटाको इष्टदेवी भएको र भ्याँकोटा कुनै (अज्ञात) कारणबश यस ठाउँबाट विस्थापित भई अन्तै गएको तर मौलो यतै छुटेको बुझिन्छ । समयक्रमसँगै यो ठाउँ आवाद नभई जंगलमा परिणत हुदाको अवस्थामा अछामबाट यहाँ बस्ती बस्ने हिसाबले खड्का, विष्टहरू आई बन फँडानीगरी पुन : आवाद गरेका थिए । त्यसै क्रममा भ्याँकोटाले यस ठाउँमा छोडेर गएको मौलोको यहाँका वासिन्दाले पूजा गर्नुपर्ने अवस्था आएको तर मौलोको पूजा गर्न राजखानदानको ठकुरी नै हुनुपर्ने भएकोले यहाँका नव आगन्तुक बासिन्दा खड्का, विष्ट, बोहोरा आदिले तिलुखानाबाट रासकोटी ठकुरी झिकाइ मौलोको पूजाआजा सुचारु गराएको पाइन्छ । मौलो पूजा गरिदिए वापत रासकोटी ठकुरीलाई यहाँका बासिन्दा सबै छ थर क्षेत्रीहरू (खड्का, विष्ट, बोहोरा, भण्डारी, बुढा, कार्कीले) खेत पाखो (राम्रो राम्रो जमिन जग्गा) दिई सम्मानका साथ यसै ठाउँमा राखेको बुझिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

# अध्याय ४
# सामाजिक अध्ययन

## ४.१ सामाजिक समुदाय

यस गा. वि. स. मा हिन्दु परम्परामा आधारित वर्णव्यवस्था अनुसारका ब्राह्मण, क्षेत्री र शुद्र वर्णको वसोवास रहेको छ । यी समुदायहरू बाहेक यहाँ दशनामी ( सन्यासी) समुदायको पनि बसोबास छ । सन्यासी समुदाय वर्ण व्यवस्था बमोजिमको नभई छुट्टै समुदाय मान्ने गरिन्छ । यस गा. वि. स.मा बसोबास गर्ने यी सबै समुदायहरूलाई समग्रमा खसआर्य भनेर चिनिन्छ । *(दिल ब. क्षेत्री : २०७०)*

अन्यत्रको नेपाली समाजमा झैं यहाँ पनि ब्राह्मण समुदाय उपाध्याय र जैसी गरी दुई वर्गमा विभाजित रहेका छन् । उपाध्यायहरूले कर्मकाण्ड (पुरेत्याँई) गर्न पाइने र जैसीहरूले नपाइने चलन रहेको छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

परम्परागत रूपमा यहाँका क्षेत्रीहरूमा तिन प्रकारको समुदाय देखिन्छ । यहाँको ठकुरी समुदायले आफुलाई क्षेत्री नभनेर अलग्गै समुदायको रूपमा पहिचान दिने गर्दछ । ठकुरी समुदाय ऐतिहासिक राजखानदानको सन्तती भएको हुनाले आफुलाई क्षेत्री भन्दा विशिष्ट समुदायको रूपमा लिने गर्दछन् । झर्रो क्षेत्री मानिने समुदाय अन्तरगत यहाँका कार्की, विष्ट, खड्का, बुढा, थापा, भण्डारीहरू पर्दछन् । त्यसबाहेक यहाँका साउँद र बोहोरा समुदायलाई मतवाली क्षेत्री मान्ने गरिन्छ । परम्परागत चलन अनुसार झर्रो क्षेत्री र मतवाली क्षेत्रीबिच वैवाहिक सम्बन्ध नहुने चलन छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

शुद्र वर्ण अन्तरगत यहाँको दलित समुदायलाई लिने गरिन्छ । जस अन्तरगत कामी, दमाई  बादी समुदाय पर्दछन् । दलित समुदायले सीपमुलक कार्य मार्फत् अन्य समुदायको सेवा गर्ने कार्य गर्दछन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

अन्यत्रको नेपाली समाजमा झैं यहाँ पनि दलित समुदायलाईतल्लो जाती र गैह्रदलित समुदायलाईमाथिल्लो जाती मान्ने परम्परा रहेको छ ।

## ४.२ बसोबास

सामुदायिक रूपमा बसोबासको स्थितिलाई हेर्दा यस गा. वि. स. को वडा नं. १ र २ (तिलुखाना गाउँ) मा ठकुरी समुदायको वाहुल्यता रहेको छ । वडा नं. ३ र ४ (नुवाकोट गाउँ) मा क्षेत्री समुदायको बहुलता देखिन्छ । त्यसैगरी वडा नं. ५ र ६ (बनाडा गाऊँ) मा बाहुन समुदायको बााहुल्यता रहेको छ । त्यसैगरी वडा नं. ७ (बस्तेबोट) मा क्षेत्री, ८ (बस्तेकोट) मा पुन : बाहुन र ९ (बस्तेकोट) मा पुन क्षेत्री समुदायकै वाहुल्य बसोवास रहेको छ । दशनामी (सन्यासी) हरू यस गा. वि. स. को वडा नं. २ र ३ मा बसोबास गर्दछन् । यहाँ दलित समुदाय सबै वडामा छरिएर रहेको छ । विशेषगरी वडा नं. ६ र ७ मा दलित समुदायको आवादी धेरै रहेको छ ।

यहाँको स्थानीय भाषामा बस्ती वा टोललाई‘बाडा’ भनिन्छ । विभिन्न समुदायको बस्तीलाई सामुदायिक नामाकरण गरी दमाईबाडा, कार्कीबाडा, बाहुनबाडा, बादीबाडा भन्ने गरिन्छ ।

यहाँको बसोबास गुजुमुज्ज एकै ठाउँमा नभई छरिएर रहेको गाउँटोलको बनौट देखिन्छ । सबै समुदाय एक आपसमा मिलीजुली बस्ने गरेको देखिन्छ । समाजमा दलित समुदायप्रति छुवाछुतको भावना कायम भएकोले धारा, पधेरा दलित र गैह्र दलित समुदायको छुट्टाछुट्टै हुने गर्दछन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

## ४.३ पेशा व्यवसाय र जनजीवन

जम्बुकाँध गा. वि. स. बासीहरूको मूख्य पेशा कृषि नै हो । कृषि बाहेक व्यापार व्यवसायतर्फ पनि यहाँका केही मानिसहरूको संलग्नता पाइन्छ । हालको युवा पुस्तामा बैदेशिक रोजगारीतर्फ पनि आकर्षण बढ्दो छ । स्वदेश मै जागिर नोकरी गर्नेको संख्या यस गा. वि. स. मा निकै कम छ । यहाँका मानिसहरू मौसमी रोजगारकोनिम्ति छिमेकी मुलुक भारततिर पनि जाने गर्दछन् । प्रायजसो भारत जानेहरू हिउदयामको

२/४ महिना त्यता बिताउँछन् । भारतको दिल्ली, बम्बई तथ नैनिताल प्रमूख गन्तव्य हुन् । भारतमा चौकीदारी वा मजदुरी नै प्रमूख पेशा हुने गर्दछ ।

यहाँका अधिकांश मानिसहरूको संलग्नता कृषि पेशामै भएपनि परम्परागत कृषि प्रणालीको कारण यो पेशा गुजरामुखी मात्रै रहेको छ । प्रत्येक घरमा एक हल गोरु अनिवार्य पालिएको हुन्छ । कुनै कुनै घरमा बाहेक खसी बाख्रा र भैंसी पनि प्राय : सबैजसोले पाल्ने गर्दछन् । यति हुदा हुदै पनि पशुपालनको क्षेत्रमा समेत यस गा. वि. स. को स्थिति व्यावसायिक नभई गुजारामुखी मात्रै देखिन्छ । परम्परागत पेशा व्यवसायको रूपमा दमाई समुदाय बाजा बजाउँने र लुगा सिउने पेशामा संलग्न हुन्छन् । त्यसैगरी कामी समुदायले फलामको काम (कृषि औजार बनाउँने) गर्ने गर्दछन् । बादी समुदाय नाच्ने गाउँने पेशाका साथै माटाको 'सुल्पा' (चिलिम) बनाउँने कार्य समेत गर्दछन् । बाहुन समुदायको परम्परागत पेशा कर्मकाण्ड र पुरेत्याँई हो भने यहाँ सन्यासीहरूले परम्परागत पेशाको रूपमा मन्दिर तथा देवस्थालहरूमा सन्त, महन्त भई पुजाआजा गर्ने गर्दछन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

## ४.४ विविध सामाजिक चालचलन

धार्मिक तथा सामाजिक कार्यमा नजिकका आफन्त तथा छरछिमेकीहरूले मदत गर्ने सहयोगी भावना रहेको छ । यस्ता कार्यहरूमा सबै समुदाय एकजुट भई आ-आफ्नो कर्तव्य निभाउँने गर्दछन् । व्यक्तिगत गाह्रो अप्ठेरो कामको निम्ति पर्म लगाउँने चलन रहेको छ ।

एक आपसमा भेटघाट गर्दा वा छुट्टिदा ढोग गर्ने चलन यहाँका सबै समुदायमा पाईन्छ । यस्तोमा दही चामलको सेतो टीका लगाउँने परम्परागत चलन हाल सर्वत्र प्रचलित रातो टीका लगाउँने चलनले गर्दा लोपोन्मुख छ । ढोगभेट गर्दा सगोत्री तथा छोरीचेली पट्टीका मान्यजनलाई खुट्टामा ढोग्ने र अन्य इष्टमित्रहरूलाई नमस्कारको चलन यहाँका सबै समुदायहरूको साझा चलन हो । व्यक्तिगत अम्मलको रूपमा सुल्पा (माटोका चिलिम) मा तमाखु खाने चलन सबैजसो बुढापाकाहरूमा पाइन्छ (चित्र नं. ३, ४ परिशिष्ट ६) । तमाखुको अम्मल महिला पुरुष सबैमा पाइन्छ । हालको नयाँ

पुस्ताले भने सुल्पाको प्रयोग गरेको पाइँदैन । शिक्षित तथा युवा पुस्तामा बाहेक जातीय छुवाछुतको चलन अझै पनि यहाँको समाजमा व्याप्त छ । त्यसैगरी छुईबार्ने ( छाउपडी प्रथा) चलन पनि यहाँका सबै समुदायमा पाइन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

बाहुन तथा क्षेत्री समुदायमा कपडा फेरेर मात्रै भात खाने चलन रहेको छ जसलाई स्थानीय भाषामा 'सहतिने' भनिन्छ । युवा पुस्तामाझ यो चलन नभए पनि धामी, पुजारी तथा पाका पुस्तामा अझै सहतिने चलन रहेको छ । सहतिने व्यक्तिहरू जो पायो उसैले छोए पकाएको खाँदैनन् । मन मिल्ने युवायुवतीहरू रातीको समयमा अविभावकको आँखा छलेर एकान्तमा भेला भई देउडा गाउँने चलन पाईन्छ । जसलाई स्थानीय भाषामा 'छोट्टी बस्ने' चलन भनिन्छ । हाल परम्परागत नाचगान प्रतिको घट्दो मोहले गर्दा छोट्टी बस्ने चलनमा समेत कमी आएको देखिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

यहाँको सामाजिक चलन अनुसार दलित समुदायले आफूले गर्नुपर्ने परम्परागत कामको निम्ति बाहुन क्षेत्री आदि गैह्रदलितका घरपरिवारलाई आ-आफ्नो भागबण्डा गरेका हुन्छन् । यसरी भागबण्डा गरी आफ्नो भागमा परेको परिवारलाई आफ्नो 'रितिपाली' भन्ने गर्दछन् । आफ्नो रितिपालीको घरमा अरुलाई काम गर्न नदिने र एक्लै नसक्ने काम भए मात्रै अरुको सहयोग लिने गर्दछन् । यस्ता कार्यहरूमा शुभ अशुभ कार्यमा बाजा बजाउँने, विवाहमा डोली बोक्ने, भुवोको राँका ल्याउँने, आदि पर्दछन् । यसरी एउटा निश्चित नियम बनाइ आ-आफ्नो परम्परागत पेशा सेवा गरेवापत दलितहरूले आफ्ना रितिपालीहरूबाट 'खलो' पाउँने गर्दछन् । खलो भन्नाले दलितहरूले आफ्ना रितिपालीहरूबाट सेवा गरेवापत प्रत्येक सिजनमा नियमित पाउँने अन्नपातलाई बुझिन्छ । जस अनुसार बैसाखमा गहुँ, भदौमा मकै र मंसिरमा धान दिने गरिन्छ । रितिपालीहरूले आ-आफ्नो भागका  दलितहरूलाईखलो दिनै पर्ने अनिवार्य चलन रहेको छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

त्यसैगरी कर्मकाण्ड र पुरेत्याँइको निम्ति उपाध्याय बाहुनहरूले पनि जजमानहरूलाई आ-आफ्नो भागबण्डा गरेकाहुन्छन् । उपाध्याय बाहुनहरू प्रत्येक औंशी, पुर्णिमा र संक्रान्तिको दिनमा आ-आफ्ना जजमानहरूको घर घर गई जजमानहरूलाई विशेष मन्त्रोच्चारण सहित कानमा पाती लाउँने गर्दछन् । यसरी पाती लगाए वापत जजमानले चामल दिने गर्दछन् । जसलाई 'बैकर' भनिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

यस ठाउँमा हरके शुभ अशुभ कार्यमा दलित समुदायको सहभागिता अनिवार्य गरिएको छ । दलित समुदायलाई समाजको एक अभिन्न अंगको रूपमा लिईन्छ । दलित समुदाय बिना यस समाजका कतिपय सामाजिक साँस्कृतिक कार्य सम्पन्न नै गर्न सकिदैन । यस्ता कार्यहरूमा सबै समुदायका जिम्मेवारी तोकिएका हुन्छन् । विवाह गर्दा दमाई समुदायले बाजा बजाउँने तथा हुड्के नाच्ने गर्दछन् भने कामी समुदायले डोली बोक्ने जिम्मा पाएका हुन्छन् । मृत्यु संस्कारमा पनि दमाईले बाजा बजाउँने, कर्का गाउँने र कामीले चिताको निम्ति आवश्यक दाउरा काट्न सहयोग गर्ने चलन रहेको छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

यहाँका हरेक समुदायमा आफ्नो कुल वंशको जेष्ठताको आधारमा 'नायक' मान्ने व्यवस्था रहेको छ । जसरी राज खानदानमा जेष्ठताको क्रमले राजा बन्ने चलन हुन्छ त्यसैगरी यहाँ जेष्ठताको क्रमले आ-आफ्नो कुलको नायक हुने गर्दछन् । कतिपय सामाजिक सांस्कृतिक कार्यमा नायकको नेतृत्वदायी भुमिका हुने चलन छ । भुवो तथा भैलो खेल्दा नायकको अग्रतामा मात्रै खेल्ने परम्परा रहेको छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

# अध्याय ५

# सांस्कृतिक अध्ययन

## ५.१ धार्मिक/परम्परागत उपचार पद्धति

हरेक समाजको आआफ्नै किसिमको विशिष्ट मौलिक चालचलन र परम्परा रहेको हुन्छ । जसमध्ये परम्परागत उपचार पद्धति पनि एक हो । मानव समुदायले आफ्नो स्वास्थ्य सम्बन्धि रेखदेख र हेरचार आधुनिक चिकित्सा विज्ञानको विकास हुनुभन्दा पहिल्यै देखि आ-आफ्नो धार्मिक तथा सामाजिक परम्परामा आधारित रहेर गर्दै आइरहेको पाइन्छ । यसै सन्दर्भमा यस जम्बुकाँध गा. वि. स. मा परम्परागत रूपमा प्रचलनमा रहेका उपचार पद्धति निम्नानुसार रहेका छन् :

१. रोग (आङको दर्द) निवारण सम्बन्धि,

२. भुतप्रेत, देउता, डाईनी, बोक्सीको प्रभाव निवारण सम्बन्धि,

३. वाह्य जीवजन्तु (सर्प, बाघ, बिच्छी) आदिको बिष निवारण सम्बन्धि ।

### ५.१.१ रोग निवारण सम्बन्धि उपचार

स्थानीय भाषामा आङको दर्द भन्नाले मानव शरीरमा स्वाभाविक रूपमा उब्जेको रोगलाई बुझिन्छ । ग्रह दशा बिग्रेको बेला, काल, बल र परिस्थितिले साथ नदिदा रोग उत्पन्न हुन्छ भन्ने परम्परागत मान्यता रहेको पाइन्छ । रोग निवारण गर्दा सामान्यत : झारफुक गर्ने चलन पाइन्छ तर कतिपय रोग निवारणको झारफुक पद्धतिमा विशिष्ट मौलिकता देखिन्छ । उदाहरणको निम्ति बालकलाई गर्मी याममा हुने झाडा वान्तालाई यहाँ 'ताप पर्ने' भनिन्छ र ताप झार्ने पद्धति यस प्रकार छ :

## ताप झार्ने पद्धति

एक वर्ष पूरा भई पाँच वर्ष ननाघेको बच्चालाई मात्रै ताप पर्छ भन्ने मान्यता रहेको छ । ताप पर्ने समय गर्मी मौसमलाई ठानिन्छ र हिउँदमा ताप नपर्ने मान्यता रहेको छ । ताप पर्ने कुरासँग स्थानीय प्रजातीको एक चराको क्रियाकलापलाई जोडेर कथा बनाइएको छ । जस अनुसार डाङ्ग्रे चरीले गुँड लाउँन सुरु गरेदेखि (चैत बैसाख देखि) बचेरा कोरलेर नउडाउँदासम्म (बर्षात्सम्म) ताप पर्दछ, यही चरीले माल मधेशबाट ताप बोकेर ल्याएको हुन्छ र स-साना बच्चाहरूलाईयसैको प्रभावबाट ताप पर्छ भन्ने मान्यता पाईन्छ ।

ताप झार्दा पाँच सात वा नौजना बिजोर संख्यामा झार्ने मनिसहरू हुनुपर्दछ । ताप झार्ने काम समूहमा मिलेर गरिन्छ । यसका मन्त्रहरू गीत झै लयबद्ध गरिएका हुन्छन् र सस्वर लय मिलाएर झार्ने काम गरिन्छ । समूहमा एकजना मात्रै जान्ने मान्छे भए पनि हुन्छ । बाँकीले लयबद्ध स्वर मिलाउने मात्रै हो । झार्नेकाम साँझपख मात्रै गरिन्छ । बच्चालाई सुताएर पातलो कपडा ओढाइ त्यसमाथि प्रत्येक व्यक्तिले हातमा लिएको सिमली वा असुरोको स्याउली (स साना हाँगा) ले हाने जस्तो गर्दै झार्ने गर्दछन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

सर्वप्रथम चारै दिशातर्फ अक्षता छर्केर विभिन्न देवीदेउताहरूको नाम लिन्छन् र अक्षता स्याउलीमा पनि छर्किन्छन् । देवीदेउताहरूको नाम लिदा फलानो देउताको आज्ञा पाए भनेर भनिन्छ । जस्तै

सीता र रामको आज्ञा पाँएछु ।
शिव र पार्वतीको आज्ञा पाँएछु
पाँचभाइ पाण्डवको आज्ञा पाँएछु ।
सय भाइ कौरवको आज्ञा पाँएछु ।
आकाश इन्द्रको आज्ञा पाँएछु ।
धरती वाशुको आज्ञा पाँएछु ।
पाताल कुर्मको आज्ञा पाँएछु ।

तेत्तीसकोटी देउताको आज्ञा पाँएछु ।

मेरा गुरुको आज्ञा पाँएछु ।

यसरी सबै देवीदेउताहरूको नाम लिईसकेपछि मन्त्र सस्वर लयम बाचन गरिन्छ । मन्त्र बाचन गर्ने क्रमम एक ठाउँमा यस्तो प्रशंग छ :

लामै न चौरका लामाज्यू आयाछन्,

केउ काम आया छन् ?

केउ काज आया छन् ?

साठी पैसा ल्याया छन्,

उही पैसा वल्टाउँछन्,

उही पैसा पल्टाउँछन् ।

यस प्रशंग अनुसार लामाचौरका लामा ज्यू भन्नाले लामाथाडा (सिञ्जा) का औतारी लामालाई सम्झिएको हो कि भन्ने छनक पाईन्छ । किनभने सिञ्जा साम्राज्यकालमा एकजना औतारी लामाको निकै प्रसिद्धि भएको पाईन्छ । पूर्ण प्रकाश नेपाल 'यात्री' २०४१ भेरी लोकसाहित्यमा (पेज नं. २२४ र २२५) औतारी लामाको चर्चा गर्नुभएको छ । यसका साथै वहाँले सोही कृतिमा जाजरकोट जिल्लामा प्रचलित 'राँगनरूपी राहुरोग' को परम्परागत उपचारको उल्लेख गर्ने क्रममा समेत सो उपचार पद्धतिमा औतारी लामाको प्रशंग समेट्नु भएके छ । त्यसैगरी यस ठाउँमा समेत प्रचलित 'राँगन रोग' झार्ने क्रममा यस्तै लयात्मक मन्त्रमा समेत लामाथाडाका लामाज्यूको चर्चा पाईन्छ । यसरी विभिन्न उपचार पद्धतिमा लामाथाडाका लामाज्यूको चर्चा पाइनुले यहाँको ऐतिहासिक कुनै महत्वपूर्ण व्यक्तित्वलाई गाह्रो अप्ठ्यारो पर्दा सम्झेर कष्टसाध्य रोग सञ्चो गर्न समेत उनको अशिर्वादको अपेक्षा गर्ने गरेको चलन पाईन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल, पूर्णप्रकाश नेपाल : २०४१: २२४, २२५)*

यसरी यो ताप झार्ने मन्त्रको क्रममा डाङ्रे चरीलाई'खोण्याकी राँड' भनेर नराम्रो सम्बोधन गर्दै उक्त चरीलाई विभिन्न गाली सहित श्राप दिएर मन्त्र कथेको देखिन्छ । गाली गर्दै मन्त्र गर्ने क्रममा उक्त चरी साज र साँनन (एक प्रकारको वृक्ष)

को डालीमा बसे पनि सो डाली काटेर उक्त चरी मारेर बिरामी बच्चालाई सो चरीको कलेजो खुवाउँने  सम्मको चर्चा पाईन्छ । त्यो चरीलाई यहाँबाट जान खुला चौडा बाटो छाडिदिएकोले गाईको बाच्छा, बाच्छी भैसींको पाडापाडी नकराउँने ठाउँमा घाँस काट्ने आँसी (हँसिया) र खेत खन्ने बाउसो (कोदालो) को थप्को नपरेको ठाउँमा, जाँतो, ओखलको आवाज नभएको एकान्त जंगलमा जान भन्दै श्राप दिन्छन् । चरी आउँने बाटोमा लौह (फलाम) को लठ्ठी ठोकेर, जाल फिजाएर बन्द गर्ने प्रसंग रहेको छ ।

मन्त्रको सुरुदेखि अन्त्यसम्म केवल डाङ्रे चरीलाई गाली गरेर श्राप दिएको चर्चा मात्रै पाइन्छ । गाली र श्रापलाई लयात्मक तरिकाले समुहमा गाउँदै उपचार गर्ने विशिष्ट किसिमको मन्त्र चिकित्सा (उपचार पद्धति) देखिन्छ ।

अन्त्यमा, दिसा, पिसाब, सिगान, खकारबाट समेत ताप झारेर निकालेको छु भन्दै पुन : देवीदेउताका नाम लिएर अक्षता सहितका स्याउली दोबाटोमा लगेर फालिन्छ र कार्य समाप्त  भएको मानिन्छ ( ताप झार्ने मन्त्र परिशिष्ट १ मा हेर्नुहोला)। *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

ताप झार्ने बाहेक  राँगन रोग (प्यारालाईसिस), धम्को (निमोनियाँ), कमलपत्ति आदिरोगहरूको अझै पनि झारफुक पद्धतिबाटै उपचार गर्ने चलन पाईन्छ । यसमध्ये राँगनरोगको उपचार पनि लयात्मक गतिमार्फत् मन्त्रोच्चारण गर्ने गरिन्छ । यसमा चाहिँ एकजना मात्रै जान्ने मान्छेको सहभागिता रहन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ५.१.२ भुतप्रेत, डाईनी, बोक्सीको प्रभाव निवारण सम्बन्धि उपचार

यस ठाउँमा मानिस बिरामी हुदा भुतप्रेत वा डाईनी बोक्सीको प्रभावले भएको भन्ने मान्यता पनि पाईन्छ । भुतप्रेत विभिन्न किसिमका हुन्छन् भन्ने मान्यता रहेको छ । जसमध्ये डाँडा हिड्ने भुत, एकान्त खोलाम बस्ने भुत, लामकाने भुत आदि प्रशिद्ध छन् । सामान्यतया भुतको प्रभावले बिरामी परेमा धामीले बौलिएर फुकफाक पार्दा

निको भैहाल्छ तर  कुनै कुनै भुत भाग खोज्ने किसिमको हुन्छ र त्यसलाई के कस्तो भाग दिनुपर्ने भन्नेकुरा धामीले बताइदिन्छन् । धामीले बताए अनुसारको भाग तोकिएको बार पारेर भुतलाई दिने चलन छ। यसलाई'पाल्तो फाल्ने' वा 'पुडो पाल्तो फाल्ने' भनिन्छ । त्यसैगरी अर्को एउटा भुतले पनि मान्छे बिरामी हुन्छ त्यस भुतलाई मसान भनिन्छ । मसानको प्रभावले बिरामी हुँदा 'मसान जाप' गर्नुपर्दछ । 'मसान जाप' गर्न जान्ने मान्छेको जरुरी हुन्छ । उपर्युक्त भुत प्रेतको प्रभाव निवारण सम्बन्धि निम्नानुसारको चलन पाईन्छ ।

कुनै पनि मानिस (विशेषगरी महिला र बच्चाबच्चीहरू) भुतप्रेतको कराण बिरामी परेको भए धामीले (चित्र नं. १०, परिशिष्ट ६) निक्यौंल गरेर पाल्तो फाल्नुपर्ने देखिएमा के कस्तो भाग कुन बार, कुन दिशातर्फ दिनुपर्ने हो बेलीबिस्तार लगाइदिन्छ र सोही अनुसार गर्ने  प्रतिबद्धता मात्रैले पनि बिरामी सञ्चो हुन थाल्छ । यो मान्यता यसठाउँका लगभाग सबै  युवायुवती, वृद्धावृद्धा बुढापाकाहरूमा रहेको छ । पाल्तो फाल्नुपर्ने रोग विशेषगरी आधुनिक चिकित्सा विज्ञानले मानसिक रोगको कोटीमा राखेका रोगहरू झैं प्रतित हुन्छ । विशेषगरी डिप्रेसन, उन्माद, बेहोसीपना, अपस्मार ( हिस्टेरिया) जस्तो लक्षण देखिने रोगहरू भएमा पाल्तो फाल्दा ठीक भएको भन्ने मान्यता छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

त्रिदोष वातमा आधारित आयुर्वेद चिकित्सा अन्तरगत अष्टाङ्ग आयुर्वेदमध्ये 'भुतविद्या' चिकित्साको नजिक यो पद्धति देखिन्छ । आयुर्वेदका अनुसार मानिसको आँखाले नदेखिने जीवहरू मानव शरीर भित्र प्रवेश गरेपछि रोग सुरु हुन्छ र तन्त्र मन्त्र आदि 'भुतविद्या' चिकित्सा गरिन्छ । *(जनकराज अधिकारी : २०७२)*

पाल्तो फाल्ने पनि अनेक प्रकारको तरिका पाईन्छ । कुनै कुनै भुतलाई 'मासे खिचडी' मात्रै पकाएर अडिरको पातको दुनामा, नजिकै बल्दो राँको समेत साँझको बेला घरदेखि अलिकति टाढा राखिदिए पुग्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

## पाल्तो फाल्ने पद्धति

आवश्यक सामाग्री

- जो मान्छे बिरामी छ उसैलाईनापेर बराबर नापको कालो धागो।
- खरानीका डल्ला ३ वा ५ (एरेण्डको पातमा)
- माटोका डल्ला ३ वा ५ (एरेण्डको पातमा)
- भुतको आकृति (जौको पीठोको) (कालो मोसो दलेर बनाइन्छ ।)
- हलानोको प्रतिक
- केराको बोट (सानो), कुभिण्डो, अमिलो, कुखुराको चल्लो, सुन्तला वा अम्बा कुनै एक फल (पाँच वटा बली जसलाई पञ्चबल भनिन्छ ।)
- पैंयूका कीला स-साना ५ वटा
- यदि बिरामी महिला हो भने
- गुन्यु, चोली, पटुका, रुमाल, डोरी, चुरा, काँईयो, ऐना आदि (प्रतिकको रूपमा)
- सिस्नोको मुठो
- बल्दो राँको

*(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

उपर्युक्त सामग्रीहरू धामीले निर्दिष्ट गरेको दिनमा साँझपख वा राती ५ वा ७ जना मान्छे गई धामीले बताएको दिशामा गाउँबस्तीदेखि अलिकति टाढा जंगलको छेउमा वरीपरी धागोले बेरेर पञ्चबल काटेर चुपचाप सबै सामग्री त्यही छोडी पछाडी नफर्केर आउने गरिन्छ ।

घरम आईपुगेपछि पाल्तो फालेर आउँने मध्येका कुनै एकले घरमा बसेका मान्छेलाई 'सञ्चो भयो ?' भनेर सोध्ने र घरकाले 'भयो' भन्नुपर्ने चलन छ ।

त्यसैगरी पाल्तो फाल्ने अर्को तरिका अनुसार बल्दो राँको, कालो अक्षता, कालो धागो, खरानी र माटोका ३ वा ५ (विजोर संख्यामा) डल्ला सहित कुखुरा को सानो चल्लो जीउँदै बनमा छोडेर सबै सामग्री नजिकै राखेर आउँने चलन पनि छ ।

के कस्तो तरिकाले पाल्तो फाल्ने वा के कस्ता सामग्री प्रयो्ग गर्ने त्यो सबैकुराको छिनोफानो धामीले गर्दछन् । धामीले छिनोफानो गर्ने आधार भनेको भुतप्रेतको प्रकार हो । के कस्तो प्रकारको भुतप्रेतको प्रभावले बिरामी भएको छ भन्ने कुराका आधारमा धामीले निर्णय लिन्छन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

## मसानजाप गर्ने तरिका

कुनै मान्छे विरामी भई धामीले मसान जाप गर्नुपर्ने भनेर निर्णय दिए भने मसान जाप गर्न जान्ने मान्छेलाई बिरामी कहाँ बोलाउँने वा बिरामी आफै जान्ने मान्छेकहाँ पुग्नुपर्ने हुन्छ । बिशेषगरी दमाई समूदायका व्यक्ति मसानजाप गर्नमा पोख्त हुने गर्दछन् । यिनीहरू बाहेक अन्य समुदायका कुनै कुनै धामीले पनि मसान जाप गर्ने गर्दछन् । चामल (अक्षता), मास, सर्स्यू, खरानी यी सबै सामग्री हातमा लिएर जाप गर्ने मान्छे बिरामीको सामुन्ने बसेर चर्को स्वरमा छिटो छिटो गरी मन्त्र वाचन गर्दछन् । मन्त्रहरू व्यक्ती पिच्छे केही फरक हुने गर्दछन् । खासमा हिन्दु देवदेवीहरूका नाम उच्चारणबाट मन्त्रोच्चारण सुरु गरिन्छ । जब जाप गर्ने मान्छेको चर्को स्वर र छिटोछिटो वाचन गरिएको मन्त्रले बिरामी एकाग्र भईरहेको हुन्छ, ठीक त्यसैबेला नजिकै पूर्व तैयारीसाथ राखिएको पानीकोअम्खोराबाट पानी र हातमा लिएको खरानी सहितको मास, अक्षता झ्वाम्म बिरामीको अनुहारमा चर्को स्वरले धत् भन्दै छ्यापिदिन्छन् । अनि बिरामी झसँग भई उसको शरीरबाट भुतप्रेत भागेर जान्छ भन्ने मान्यता रहेको छ ।

त्यसैगरी यहाँको अर्को मान्यता अनुसार कुनै मानिस बोक्सीको प्रभावमा परेर बिरामी भएको खण्डमा धामीले देउता झिकेर (बौलिएर) आफ्नो लटो (टुप्पी) ले हान्दै हप्काइ हप्काइ गर्ने र कहिले काहि कुनै कुनै धामीले रातो हुनेगरि तताएको फलामको पन्यु बिरामीको सामुन्ने चाटीदिएर डर देखाइ बोक्सी भगाउँने पनि गर्दछन् ।

अर्को एक पद्धति अनुसार कुनै मानिसलाई बोक्सी लागेर बिरामी परेमा जान्ने मान्छेले प्रत्येक दिन ४/५ दिनसम्म दिनको एक पटक अम्खोरामा भरेर राखेको शुद्ध पानी फुक्दै छर्किने र बिरामीलाई सो पानी एकदुई घुट्को खुवाइ दिने पनि गर्दछन् । यसरी ४/५ दिनसम्म यो प्रक्रिया जारी राखिन्छ र बिरामी सञ्चो भएको विश्वास गर्ने गरिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ५.१.३ वाह्य जीवजन्तुको विष निवारण सम्बन्धि उपचार

यस पद्धति अनुसार कुनै पनि व्यक्ति बाघ, सर्प, बिच्छी, अरिङ्गाल, बारुलो जस्ता जीवजन्तहरूको आक्रमणका कारण बिरामी परेमा झारफुक गर्ने प्रचलन रहेको छ । गाउँकै विष विद्या जान्ने मान्छेहरूले यस्तो झारफुक गर्ने गर्दछन् । हाल आएर आधुनिक चिकित्साको विकास र समाजमा आएको चेतनाको कारण यो पद्धति लोपोन्मुख अवस्थामा रहेको छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

## ५.२ संस्कार र गतिविधि

मानव समुदायले अपनाउँने हरेक संस्कारहरू कुनै न कुनै धर्म दर्शन र सम्प्रदायबाट प्रभावित हुने गर्दछन् । यस जम्बुकाँध गा. वि. स. मा हिन्दु धर्मालम्बीहरूको मात्रै बसोबास भएको हुनाले यहाँका सांस्कृतिक गतिविधिहरू हिन्दु धर्मसँग सम्बन्धित छन् । अन्यत्र झैं यहाँ पनि जन्म, विवाह, र मृत्यु संस्कार महत्वपूर्ण ठानेर सम्पन्न गर्ने गरिन्छ । यी महत्वपूर्ण संस्कारहरूमा स्थानीय विशेषता समेत पाइने गर्दछ । यहाँका स्थानीय विशेषतायुक्त केही महत्व पूर्ण संस्कारहरू निम्नानुसार रहेका छन् : *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ५.२.१ जन्म संस्कार

सामान्यतया हिन्दु धर्ममान्ने अन्यत्रको समाज झैं यहाँको समुदायहरमा पनि जन्म संस्कार अन्तरगत बालक जन्मदा छैठी, न्वारन र नामाकरण गर्ने प्रचलन रहेको छ ।

यस ठाउँको नामाकरण संस्कार अनुसार अन्यत्र झैं छैठीको दिनमा पण्डिले नाम जुराउँने नभएर स्थानीय ज्योतिषको घरमा गई चिना टिपन लेखाएर नामाकरण गर्ने चलन रहेको छ । छैठी सम्बन्धि अन्य चलन सनातन हिन्दु परम्परा अनुसार नै सम्पन्न गरिन्छ ।

त्यसैगरी छोरा जन्मेको खण्डमा छैठीकर्म सँगै 'छयट' खेल्ने प्रचलन पनि रहेको छ । छयट भन्नाले एक किसिमको गायन सहितको सामुहिक नृत्य हो । (यस सम्बन्धि विस्तृत जानकारी अगाडी "मनोरञ्जन तथा नाचगान" शीर्षकमा दिइने छ ।)छोरी जन्मिदा चाहिं छयट खेल्ने चलन छैन । यस ठाउँको चलनमा छोरी जन्मिदा छैठी र न्वारन समेत गरिदैन तर नामाकरण चाहिं जन्मेको छैटौं दिनमै ज्योतिषद्वारा नै गर्ने प्रचलन रहेको छ । बच्चा जन्मेको दिनदेखि १० दिनसम्म 'छुई बार्ने' चलन पनि यहाँ पाईन्छ । कतिपय धामी पुजारी तथा बुढापाकाहरूले आठ महिना पुगिसकेकी गर्भवती महिला सुत्केरी  भई नचोखिन्जेलसम्म उक्त गर्भिणीको पानी बार्ने समेत गर्दछन् । बच्च जन्मेको एघारौं दिनमा गउँत खाइ चोखिने गर्दछन् । कसैको घरमा सुत्केरो परेको अवस्थामा त्यो परिवारले (जुठपीण्ड भित्रका समुदाय) सुत्केरी नचोखिउन्जेलसम्म मन्दिरमा पूजापाठ तथा अन्य शुभकार्यमा सामेल नहुने चलन रहेको छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ५.२.२ विवाह संस्कार

यहाँको चलन अनुसार पनि अन्य हिन्दु समुदाय झैं मागी विवाहकै प्रचलन रहेको पाईन्छ । यहाँको मौलिक चलन अनुसार उमेर पुगेका (यहाँ परम्परागत रूपमा केटा १६/१८ वर्षको र केटी १५/१६ वर्ष पुग्ने वित्तिकै विवाह गरिदिने चलन छ ।) केटाकेटीको विवाह गरिदिएर दुलहाको घरमा दुलहीलाई३/४ दिन राखिसकेपछि माइतीमा फिर्ता पठाउँछन् । यसरी माइतीमा पठाइसकेपछि कम्तीमा १/२ वर्ष दुलही माइतमै बस्ने चलन छ । त्यसपछि पुन : दुलहा पक्ष जन्ती सहित बाजागाजा र डोली ल्याइ दुलही लिन आउँछन् । यो चलन सरसर्ती हेर्दा दुईपटक विवाह गरेको झैं लाग्दछ । यसरी दोस्रो पटक धुमधामसँग विवाह गर्ने चलनलाई स्थानीय भाषामा 'दन्कनु गर्ने'

वा 'बाटो रिउटाउँने' भनिन्छ । यो सम्पूर्ण संस्कार गर्दा ज्योतिषले दिएको शुभलग्नमा मात्रै गर्नुपर्ने चलन छ । हाल यस्तो विवाहको प्रचलन लोपोन्मुख अवस्थामा रहेको छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

यस ठाउँमा जारी विवाहको चलन पनि पाईन्छ । विवाह भईसकेको केटी कुनै कारणवश आफ्नो विवाहित लोग्नेसँग घरजम गर्न मन नलागेमा अर्कै कुनै केटासँग भागेर गई घरजम गरी बस्दछन् । यसरी भागेर जाँदा पुन : विवाह संस्कार गरिरहन पर्दैन । अर्काको स्वास्नी भगाएर ल्याउँने लोग्नेले पुरानो लोग्नेलाईजारी स्वरूप केही पैसा दिने चलन छ । जारीमा सामान्यतया २०/२५ हजार रूपैयाँ जति लिनेदिने चलन छ । दुई पक्ष (नयाँ लोग्ने र पुरानो लोग्ने) को विचमा सम्भदारी जुटाउँने कार्य केटीका माईतीले गर्ने गर्दछन् । के कति पैसामा लेनदेन टुङ्ग्याउँने भन्ने चाहिँ स्थानीय ठालुभलाद्मीहरूले (दुइटै पक्षका) टुंगो लगाउँछन् । सम्भदारी पूर्वक जारी बुझाइ सकेपछि जारी दिनेले लिने पक्षलाई बोका काटेर भातमासु खुवाउँने चलन पनि छ । यसलाई 'खसी दिने' चलन भनिन्छ । खसी खाइसकेपछि मेलमिलाप भएको र कुनै रिसइबी बाँकी नरहेको भन्ने बुझिन्छ । सम्भदारी जुटाइ मेलमिलाप गराउँने ठालु भलाद्मीहरूलाई फिला (खसी/बोकाको खुट्टाको साँप्रो) दिई सम्मान व्यक्त गरिन्छ । हाल यस्तो जारी विवाहको चलन लोपोन्मुख अवस्थामा रहेको छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ५.२.३ मृत्यु संस्कार

यस ठाउँमा मृत्यु संस्कार समेत अन्यत्रका हिन्दुहरूको झैं जुठ बार्ने, काजक्रिया गर्ने लगायतको चलन रहेको छ । यहाँका बाहुन, क्षेत्री र ठकुरी समुदायमा १२ औं दिनमा जुठ चोखिने चलन रहेको छ । दलित समुदायमा भने कसैकसैले ७ दिनमा र कसैले १० दिनमा चोखिने गर्दछन् । यहाँका हरेक संस्कारहरूमा दलित समुदायमा पुरेतको काम आफ्नै इष्टमित्रहरूले गर्ने  चलन छ भने अन्य समुदायमा उपाध्याय ब्राह्मणले पुरेतको कार्य गर्दछन् ।

दाहसंस्कारकोनिम्ति शवलाई स्मसानघाटतर्फ लादै गर्दा बाजागाजा सहित शंख फुक्दै लिने चलन छ । मृत्यु संस्कारमा एकोहोरो शंखको धून र दमाहाको धून समेत अलग्गै हुने गर्दछ । जसलाई 'मडे बाजो' भनिन्छ । स्मसान घाटतर्फ लैजादै गर्दा शवलाई बाटोमा ठाउँठाउँमा बिसाउँदै हरेक बिसौनीमा कर्को गीत (हेर्नुहोस् परिशिष्ट २) गाउँने चलन रहको छ । (कर्को गीतको सन्दर्भमा आगामी नाचगान शीर्षकमा चर्चा गरिने छ ।)

दाह संस्कार र काजक्रियाको चलन अन्यत्रको सनातन हिन्दु परम्परा अनुसार नै भएपनि एघारौं दिनमा पिपल पानी हाल्ने विशेष स्थानीय चलन पाईन्छ । काजक्रियाको सबैभन्दा महत्वपूर्ण दिन नै एघारौं दिनलाई मानिन्छ । मलामी जान नसकेका टाढाका इष्टमित्रहरू समेत यो दिनमा आइपुग्छन् । पिपलको एउटा सानो बोट ल्याएर पानीको कुन्डमा गाड्ने गरिन्छ । सो पिपलको बोटमा काजक्रिया गराउँने पण्डितद्वारा विशेष मन्त्रोच्चारण सहित जुठबार्ने परिवारका प्रत्येक पुस्ताले पिपलको बोटमा पानी छ्याप्ने चलन छ । त्यसपछि उपस्थित सम्पूर्ण भाइबन्धु इष्टमित्रहरूले पिपलको बोटमा पानी छ्याप्छन् । यसै क्रियालाई पिपलपानी हाल्ने भनिन्छ । मृत आत्मा प्रति श्रद्धान्जली दिने यस ठाउँको यो विशिष्ट चलन हो । पिपलपानी हालीसकेपछि सोही दिन उपस्थित सम्पूर्ण सहभागीतहरूलाई भोज खुवाउँने चलन छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

हिन्दु धर्मावलम्बी समुदायको बसोबास भएको ठाउँ हुनाले यस गा. वि. स. मा अन्य सांस्कृतिक गतिविधि सनातन हिन्दु परम्परा अनुसारका नै रहेका छन् । कतिपय स्थानीय चलनहरू समेत पाइन्छन् जस्तै खेतीपाती सम्बन्धमा औंसी र पूर्णीमाको दिनमा गोरु जोत्न नहुने चलन छ । रोपाई गर्दा खेतको बिच भागमा भकारो बाँध्ने चलन छ । जसलाई 'कोठो राख्ने' भनिन्छ । कोठो राख्ने चलन अनुसार खेतको बिच भागमा रोपाइ गर्दागर्दै गोलो पारेर दोहोरो धानका त्यान्द्रा रोपिन्छ र विचविचमा बीउका मुठाले खम्बा झैं पारेर बुट्टा बनाइन्छ । कोठो राख्ने रोपाहारले हली बाउसेहरूलाई पाँगोको टीका लगाइदिने चलन छ । टीका लगाएर धानको (बीउ) त्यान्द्राको फूल बनाइ लगाइ दिने गरिन्छ जसलाई 'भुरुली' लगाउँने भनिन्छ । धान

रोपाँइ सकेको दिनमा गोरुलाई पनि भुरुली लगाइदिने चलन छ । धान रोपाँइ सकेको दिनमा दाँते, जुवा, हलो आदि सामग्रीको पूजा गरे झैं स-सम्मान एक ठाउँमा राखेर सुनका 'हलो जुवा' भन्दै आशिष दिइन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

वास्तु सम्बन्धि स्थानीय चलन अनुसार ढुंगा तथ झिंगटीले छाना छाएको घरमा घरको धुरीमा माँटोको हाँडीमा सिउडी रोपेर विशेष पूजापाठ गरी छानाको दुवै तर्फबाट फुलौरा फाल्ने चलन छ जसलाई 'घरपैसो' गर्ने भनिन्छ । यो एक प्रकारको वास्तुपूजा हो । घरपैसो गर्दा घर निर्माण गर्ने मिस्त्रीलाई घरको धुरीमा लिई पगडी बाँधिदिएर विशेष सम्मान गरिन्छ । यहाँ खरले छाना छाएको घरमा घरपैंसो गर्दा घुरीमा सिउडी रोप्ने गरिदैन । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

कुनै पनि व्यक्तिलाई सम्मान गर्नु पर्ने भएमा पगडी बाँधिदिने चलन छ । पगडी बाँधेर दुबोपाती लगाइ सम्मान गर्नु यहाँको परम्परा हो । कसैले कुनै सफलता प्राप्त गर्दा वा छोरा जन्मेको खुसियालीमा होस् चाहे ब्रतबन्ध गर्दाहोस् दुवोपानी लगाइ पगडी बाँध्ने गरिन्छ । घरपरिवार वा इष्टमित्र एकआपसमा भेटिदा वा छुट्टिदा तथा पाहुना आएको खण्डमा दही चामल (सेतो टीका) लगाइ स्वागत तथा बिदाइ गर्ने चलन छ । हाल रातो टीकाको सर्वव्यापी चलनले गर्दा दही चामल लगाउँने चलन लोपोन्मुख छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

## ५.३ चाडपर्व, जात्रा, उत्सव

हिन्दु धर्मालम्वी समुदायको बसोबास भएको हुदा यहाँका मुख्य चाडपर्व भनेकै दशैं, तिहार नै हुन् । यी बाहेक अन्यत्रका हिन्दुहरूले जस्तै यहाँपनि तिज, कृष्ण जन्माष्टमी माघेसंक्रान्ति आदि मान्ने गरिन्छ । दशैंमा विशेषगरी ससुराली, मावली, तथा आफूभन्दा ठूला बडाकहाँ कोशेली सहित जमरा लिएर गई सम्मान गर्नुपर्ने चलन छ । त्यसैगरी आ-आफ्नो समदायको (वंशको) नायककहाँ पनि कोशेली सहित जमरा लगाइमाग्न जाने प्रचलन रहेको छ । त्यसैगरी तिहारमा चाहिं प्रत्येक छोरीलाई चेलीहरूको घरमा कोशेली र दक्षिणा पठाइन्छ यसलाई "पोको दिने" चलन भनिन्छ । अविवाहित छोरीचेलीहरूलाई पनि पोको र दक्षिणा दिइन्छ । भाइलाई माला पहिरिदा

'सुर्की पिठायो' लगाउँने चलन छ । 'सुर्की पिठायो' भन्नाले सप्तरंगी टीकाको सट्टा प्रयोग गरिने चामलके मसिनो पीठो र बेसारको मिश्रण हो । हाल सप्तरंगी टीकाको कारण 'सुर्की पीठायो' को चलन दुर्लभ छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

अन्य चाडवाडहरू सनातन हिन्दु परम्परा अनुसार नै मनाइन्छन् । असोज संक्रान्तिलाई यहाँ घाँसे संक्रान्ति भनेर भनिन्छ । घाँसेसंक्रान्तिको दिनमा हरेक व्यक्तिले अनिवार्य रूपमा आफै घाँस काटेर गाईलाई खुवाउँनु पर्ने चलन छ । त्यो दिन जति धेरै गाईलाई घाँस खुवाउँन सक्यो उति नै राम्रो हुन्छ भन्ने मान्यता रहेको छ । धेरै भन्दा धेरै गाईलाई घाँस खुवाउँनकोलागि अघिल्लै दिनदेखि मानिसहर प्रशस्त घाँस काटेर संक्रान्तिको विहानै देखि आफ्नो टोलभरी भेटेजतिका गाईलाई १/१ मुठो घाँस दिने गर्दछन् । यो संक्रान्तिको दिनमा पानीपर्दा नराम्रो हुने र पानी नपरेर घामलागेको खण्डमा राम्रो लक्षण भएको मान्ने गरिन्छ । पानी नपरेको अवस्थालाई गाईले जितेको भनिन्छ । कृषि प्रधान समाज भएको हुनाले यो पर्व खेतीपाती र पशुपालन कार्यको निम्ति छुट्टै महत्व बोकेको पर्वको रूपमा लिईन्छ । हाल आएर समाजमा परम्परागत संस्कृतिप्रतिको चासो र चिन्तन कम हुदै जानाले यो पर्व ओझेलमा पर्दै गएको देखिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

यसैगरी पौष १५ गतेलाई 'पाटा भात खाने' पर्व भनेर मानिन्छ । 'पाटा भात खाने' भन्नाले भान्सादेखि बाहिर अर्थात् बनभोज खाने भन्ने बुझिन्छ । यहाँको स्थानीय परम्परा अनुसार असार १५ गते कामगरी बिताउँने र पौष १५ गते खाएर बिताउँनु पर्छ भन्ने मान्यता रहेको छ । पौष १५ गते दिउसो गाउँको एक ठाउँमा भेलाभई देउडा खेल्ने र साँझ प्रायजसो केटाकेटी र युवायुवतीहरू बनभोज खाने गर्दछन् । राती चाहि बुढाबुढीहरूले कथा कहानी भनेर बिताउँने गरिन्छ । स्थानीय भाषामा कथा भन्नुलाई 'बात हाल्ने' भनिन्छ । स्थानीय लोककथा भनेर पाका पुस्ताले नयाँ पुस्तालाई लोकसंस्कृति हस्तान्तरण गर्ने यो एक महत्वपूर्ण पर्व हो । पौष १५ गतेकै दिनदेखि माघेसंक्रान्तिको दिन बाल्नलाई मुढा जम्मा गर्न पनि सुरु गरिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

अन्य चाडपर्वहरू जस्तै मष्टो पूजा गर्ने दिनलाईपनि यहाँ महत्वपूर्ण पर्वको रूपमा लिइन्छ। प्रत्येक समुदायको आ-आफ्नो कुल देवताको रूपमा मष्टोको पूजा गर्ने गरिन्छ । कुलपूजा बाहेक अन्य नामले पनि मष्टो पूजा गर्ने गरिन्छ । खापर, भैरव, सिद्ध, बण्डाल्नी आदि नामले पनि मष्टो पुजिन्छ (चित्र नं. १, २ परिशिष्ट ६) । कुनै कुनै मष्टो पूजा गर्दा धामी नबौलिने र बोका काटी बली मात्र दिने चलन छ। धामी न बौलिने मष्टोको पूजा वैदिक विधिद्वारा होम यज्ञादि गरेर गरिन्छ। धामी बौलिनु पर्ने मष्टो पूजा चाहिं पूजा गरिने दिनको अघिल्लै रातीदेखि सम्बन्धित मष्टोका धामीको घरमा अन्य धामी, पुजारीहरू समेत जम्माभई जाग्राम बस्ने चलनलाई 'खडरात्री गर्ने' भनिन्छ। पूजाको दिनमा धेरै धामीहरू दमाहाको बाजासँगै सामुहिक नृत्य गर्ने गर्दछन् । यसरी गरिने धामी नृत्यलाई 'पैठ' भनिन्छ । मष्टोका भक्तजन उपासकहरूलाई 'पाली' भनिन्छ । पालीहरू पैठमा जम्मा भई मष्टो देवतासँग धामी मार्फत बरदान माग्ने गदछन् । पैठमा देउता चढेमा पालीहरू समेत नृत्य गर्ने गर्दछन् । विशेषगरी यो पर्व बैसाख, जेष्ठ, श्रावण, पौष महिनाको पूर्णिमाको दिनमा हुने गर्दछ। आ-आफ्नो समुदायको तजबिजीमा अन्य तिथिमा पनि पैठ आयोजना गर्ने गरिन्छ । जेष्ठ पूर्णिमालाई धुले पर्व र श्रावण पूर्णिमालाई हिले पर्व भनिन्छ। मष्टो पूजा यस ठाउँको सबैभन्दा महत्वपूर्ण पर्व ठानिन्छ। *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

## जात्रा/मेला

यस गा. वि. स. मा लाग्ने जात्राहरूमा सबैभन्दा महत्वपूर्ण जात्रा **पादुकाको जात्रा** हो। हरेक वर्ष माघ शुक्लचतुर्दशीको राती यस गा. वि. स. को पूर्वी सिमानामा पर्ने पादुकाखोला किनारमा लाग्ने गर्दछ । यस खोलाको पारी किनारामा दुल्लु नगरपालिका अन्तरगत पर्ने यस जिल्लाको प्रशिद्ध तीर्थस्थलहरूमध्येको एक पादुका स्थान रहेको छ। केही वर्ष पहिलेसम्म (वि. सं. २०२८ सम्म) यहाँ निरन्तर ज्वाला बल्ने गर्दथे तर पादुकाखोलामा आएको बाढीले गर्दाज्वाला मन्दिरमा क्षति भई हाल ज्वाला बल्न छाडेको छ। यो क्षेत्र धार्मिक, पुरातात्विक एवं ऐतिहासिक रूपले अत्यन्तै महत्वपूर्ण क्षेत्र हो । यहाँ हाल ज्वाला मन्दिर, कालसैनी मन्दिर, धुनी घर, पुराना अनेकौं मुर्तिहरूसहित विष्णुको पाउको चिन्ह, तीर्थङ्कर जैनको मूर्ति, खस राजा अशोक

चल्लको पालाको नेपाली भाषाको सर्वप्राचिन नमूना मानिएको सउना कार्की साउका कर्क्यानीको (देवल) अभिलेख (चित्र नं. १२ परिशिष्ट ६) आदि रहेका छन् । यस ठाउँमा कहिलेदेखि जात्रा लाग्ने प्रचलनको सुरुवात भयो भन्ने कुराको एकिन छैन । यहाँ पवित्र तीर्थस्थल भएको हुनाले दर्शन गर्न (स्थानीय भाषामा 'जुवांर्न') समेत पाइने हुनाले मानिसहरू जात्रा आउँने गर्दछन् । यो जात्रा यस जिल्लका ठूला र प्रसिद्ध जात्राहरू मध्येको एक हो । अछाम जिल्लाको केही ठाउँ, सुर्खेत जिल्लाका केही ठाउँ र लगभग पूरै दैलेख जिल्लाका मानिसहरू यो जात्रा हेर्न आउँछन् । यो जात्राको प्रमूख आकर्षण भनेको अछामी केटी र दैलेखी केटाहरूको देउडा खेल हो । यहाँ रातभरी नै विभिन्न समूह समूहमा देउडा खेल खेल्ने गरिन्छ । देउडा खेलको साथै ठाडीभाका (केटा र केटीबिच देउडा गीतको दोहोरी) पनि यहाँको आकर्षण हो । टाढा टाढाका मानिसहरूसँगको देखभेटका साथै पुराना साथीसंगातीहरूसँगको भेटघाट तथा तीर्थस्थल दर्शन गर्न पाइने समेतको कराण यो जात्रामा बुढापाकादेखि केटाकेटीसम्मको आकर्षण रहन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

हाल आएर परम्परागत नाचगानप्रतिको घट्दो आकर्षण र जाडँ रक्सीको कारण बिग्रेको शान्ति सुव्यवस्थाले गर्दा यस जात्राप्रतिको आकर्षण पनि घट्दै गईरहेको देखिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

यस गा. वि. स. मा लाग्ने **खापरथानको जात्रा** पनि अर्को एक महत्वपूर्ण जात्रा हो । हरेक वर्ष भाईटीकाको राती बस्तेकोट गाउँको सिरानीमा रहेको खापरथानको प्रांगणमा यो जात्रा लाग्ने गर्दछ । खापरथानालाई भगवान शिवजीको स्वरूप सम्भ्mेर खापर कैलाश भन्ने गरिन्छ । वास्तवमा खापरथान खापर मष्टोको थान हो । रेग्मी वंशका बाहुनहरूको साथै अन्य कौशिक गोत्रीहरूको कुलदेवताको रूपमा पनि खापरलाईपुज्ने गरिन्छ । यस ठाउँका स्थानीय रेग्मी, कार्की, कामी र दमाई समुदाय खापरका पाली मानिन्छन् । यस गा. वि. स. को पुराना धार्मिक सम्पदाहरूमध्येको खापरथान एक प्रमूख सम्पदा रहेको छ । खापरथानको नाममा बनाडा र बस्तेकोट गाउँमा गुठी जग्गा समेत राखिएको छ । यही महत्वपूर्ण धार्मिक स्थलमा जात्राको आयोजना गरिन्छ । बनाडा र बस्तेकोट गाउँको प्रत्येक टोलटोलबाट साँझपख दमाहा

बाजा सहितको भैलो खेल जात्रा स्थलमा आई एकीकृत हुने गर्दछ । केही समय भैलो खेलेपछि देउडा गीत सुरु हुन्छ । यो जात्रा पनि रातभरी नै बिहान नौ दश बजेसम्म देउडा खेल्ने र ठाडीभाका गाउँने गरी रमाइलोसँग मनाइन्छ । यस ठाउँका जात्राहरू देउडा गीत प्रधान हुने गर्दछन् । यी जात्राहरूमा देउडा गीतका अनेकौं भाका र लय देख्न/सुन्न पाइन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

## ५.४ गीत, मनोरञ्जन, नाच, बाद्यबादन

यस गा. वि. स. मा गीत संगितको अवस्था हेर्दा एकदमै उर्वर देखिन्छ । यहाँ अनेक प्रकार र विधाका गीतहरू गाइँने चलन रहेको छ । मूख्य रूपमा यहाँ देउडा गीत, मांगल, कर्को गीत, रोपाँइ गीत, लम्मरी गीत, सबैया, ढुस्को, धमारी आदि प्रचलित छन् । यी सबै गीतहरूमध्ये देउडा गीतको प्रचलन यहाँ निकै नै बढी देखिन्छ । हरेक जसो मनोरञ्जनात्मक गतिविधिमा देउडा गीत गाउँने चलन छ । विशेषगरी यस क्षेत्रमा लाग्ने मेला जात्रा आदि मनोरञ्जनात्मक जमघाटहरूमा देउडा गीत नै अग्रस्थानमा आउँछ । अन्य चाडपर्व र खुसीयालीमा समेत देउडा गीत नै प्रस्तुत गर्ने गरिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

वास्तवमा देउडा गीत नेपालको मध्य तथा शुदूर पश्चिमाञ्चल क्षेत्र भरी नै प्रचलित लोकप्रिय गायन हो । देउडा गीतलाईदेउडा खेल पनि भन्ने गरिन्छ । देउडा गायन मूख्यतया दुई किसिमको रहेको छ । एउटा किसिममा केटा र केटीको समूहले एक आपसमा बसेरै दोहोरी गीत झैं सवाल जवाफ गर्दै मनका भावना साटासाट गर्दछन् जसलाई ठाडीभाका भन्ने गरिन्छ । अर्को किसिम अनुसार देउडा गायनमा केटा केटा, केटा केटी तथा केटी केटीबिच गोल घेरामा घुम्दै काँधमा काँध मिलाएर खुट्टाको विशेष चालमा सवाल जवाफ गर्दै प्रस्तुत गरिन्छ जसलाईदेउडा खेल भनिन्छ । देउडा खेल्दा चालिने खुट्टाको विशेष चाललाई‘पाइतो हान्ने’ भनिन्छ । देउडा खेल्ने केटालाई छोट्टया र केटीलाई छोट्टी भन्ने गरिन्छ । प्रशंगवश छोट्टीलाई छोट्टयाले ‘सुवा’ र छोट्टीले छोट्टयालाई‘साइ’ भनेर सम्बोधन गरेको पइन्छ । देउडा गायन एक प्रकारको लोकगीत भएको हुनाले विभिन्न शैली र लय तथा भाकाहरू रहेका छन् । अन्य गीत

विधा झैं देउडा गीतमा पनि एक आपसमा मनका भावना साटासाट गर्दै रससंग, सुख दुःख तथा सामाजिक राजनैतिक चरित्र चित्रण गर्ने गरिन्छ । देउडा गीतलाई कतै न्याउले गीत न कतै भ्याउरे गीत पनि भन्ने गरेको पाईन्छ । यस ठाउँमा भने देउडा नै भन्ने गरिन्छ । देउडा गीतको सन्दर्भमा विभिन्न लोकसंस्कृति अध्येताहरूले उल्लेख गर्ने गरेका छन् । यसै सन्दर्भमा संस्कृति अध्येता कालीभक्त पन्त (वि. सं. २०२८) **"हाम्रो सांस्कृतिक इतिहास"** भन्ने पुस्तकमा देउडा गीतलाई न्याउलेखेल गीत भनेर उल्लेख गरिएको छ । सो पुस्तकमा पन्तले न्याउला नामक चराको बास्नेकलासँग सम्बन्धित भएकोले यो गीतलाई न्याउले गीत भनेर भन्नुभएको छ । वहाले देउडा गीत भनेर उल्लेख नगरेता पनि उक्त पुस्तकमा प्रस्तुत यो गीतको नमूना र वहाको व्याख्याले देउडा गीतलाई नै न्याउलेखेल गीत भन्नुभएको देखिन्छ । वहाले उक्त कृतिमा उल्लेख गर्नुभएको गीतको नमुना यस प्रकार छ :

केटीः ठोका हान्न्याँ छोट्ट्या राजै गौडा फुइन याउ ।
पोलेमाछो रुख जान्न्याँ तेईको अर्थ क्याउ ? ॥
केटा : पोल्यो माछो रुख जान्न्याँ काई आँसी होला की ?
तम्रो गौंडो फुकाइ छाड्याँ लग्तै हाकाहाकी ॥

उक्त कृतिमा पन्तले यो गीतको क्षेत्रलाई राप्ती नदी देखि पश्चिमको क्षेत्र भनेर भन्नुभएको छ । वहाँले यो गीत ठीक्क कुनठाउँबाट संकलन गर्नुभएको हो भन्ने कुरा उक्त कृतिमा खुल्दैन । वहाँले उक्त कृतिमा अप्रकाशित इतिहास खोज्ने क्रममा आफू पौडी गढवाल (भारत उत्तराखण्ड) सम्म पुगेको कुरा उल्लेख गर्नु भएको छ । यस गीतमा प्रकट भएका शब्द, भाषा र गीतको बनौटलाई हेर्दा यो देउडा गीत नै भएको कुरा किटानसाथ भन्न सकिन्छ । पन्तले 'न्याउलेखेल गीत' मात्रै भनेर उक्त देउडा गीत प्रकाशित गर्नुभएको छ ।

त्यसैगरी देउडा गीतको विषयमा पूर्णप्रकाश नेपाल 'यात्री' (वि. सं. २०४१) **'भेरी लोकसाहित्य'** मा बाद्यबादनको आवश्यकता नपर्नु, बाद्यबादन बिना पनि संगितको झंकार घनीभुत हुनु, छोट्टे छोट्टीमा जाती, लिङ्ग र उमेरको भेद नहुनु आदि विशेषतायुक्त भनेर बयान गर्नु भएको छ । वहाका केही प्रस्तुती यस प्रकार छन् :

१. राजा राम्रो नेपालको चुकीलो दर्नाली ।
आउँदा जाँदा पानी पिउँला नसुकेई कर्णाली ॥

२. नेपाल राजाको सुवो चारो खानो मासु ।
जैबेला सम्झन्छु साईलाईगहभरी आँसु ॥

३. एकाहात पिट्क्या छुरी एका हात पैंयाँ ।
दौतर मिल्याका थियौं जात मिल्याका नैंयाँ ॥

यसरी केटा र केटा वा केटा र केटी तथा केटी र केटी बिचमा पनि विभिन्न सवाल जवाफ सहित देउडा खेल्ने गरिन्छ । विशेषगरी केटा र केटीबिच नै जुहारी चल्ने गरेको पाईन्छ । देउडा गीतमा मायाप्रेम साटासाट, सामाजिक तथा राजनितिक क्षेत्रमा प्रहार, समसामयिक घटना विवरण पाइने गर्दछ । देउडा गीतका केही नमूनाहरू यस प्रकार छन् ।

युवा युवतीबिच मायाप्रेमको प्रसंगमा :

- मुसुरीका दालसँग बासमती भात होईजाऊ ।
  तेरोमेरो जोडी होईजाऊ पुसको रात होईजाऊ ॥
- जुनकिरी तिन दिनकी भोकी म पनि भोकै छु ।
  कर्मले मानदमी भरी मायाले चोखै छु ॥

प्रेम विछोडको प्रशंगमा,

- मैना पोखरीका दुध खिर खा भोटे खिरखा ।
  खाउँ खाउँ भन्ना मुला सुक्या रैगै पानी तिर्खा ॥
- नेपाल हनुमान ढोका पत्र टाँसेकै छन् ।
  मन मेरो साउँनको राती दन्त हाँसेकै छन् ॥
- राजाले तितरी मार्‍यो थाली भरी मासु ॥
  जै बेला सम्झेर ल्याउँछु ओछ्यान भरी आँसु ॥

विविध सन्दर्भमा देउडा :

- ऐले पऱ्यो अनिकाल ऐले आयो जाँच ।
  सुख पाउँनु ऐस गर्नु म दुःखीलाईकाँ छ ? ॥
- धोती मैली टोपी मैली धोईदिने कोइ छैन ।
  परदेश मरन्याँको रोईदिने कोइ छैन ॥
- पाको फल चरिले खायो काचो फल रुखै छ ।
  जाँ सम्म परानी रहन्छ त्याँ सम्म दुखै छ ।

*(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

## ५.४.१ मांगल गीत

यहाँको स्थानिय भाषामा मांगल भन्नाले मंगलगान भन्ने अर्थ हुन्छ । कुनै पनि शुभकार्य गर्दा, शुभ आशिर्वाद प्रदान गर्न र मंगलमय कामना गर्न मांगल गाउँने चलन छ । मांगल नारीकण्ठ गाउँने प्रचलन रहेको छ । मांगल शुभकामना तथा देवीदेउताहरूको स्तुती आदिद्वारा शब्द रचना गरिएको हुन्छ । तीर्थ यात्रा जानेबेलामा, नयाँ घर निर्माण गर्दा, जन्ती जाँदा, जन्ती आउँदा, विवाह मण्डपमा दुलहा दुलही प्रवेश गर्दा, यज्ञभुमी तयार गर्दा, यज्ञमण्डप सजाँउदा आदि अनेकौँ शुभ कार्यमा मांगल गाउँने गरिन्छ । हरेक शुभ कार्यमा गाईने मांगल गीत फरक फरक नै हुने गर्दछन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

पूर्ण प्रकाश नेपाल यात्री (२०४१) **भेरी लोक साहित्य**मा विभिन्न स्थानका मांगल संकलन गरी प्रकाशित गर्नु भएको छ । तर वहाले यस जम्बुकाँध गा. वि. स. को विषयमा कतै केही उल्लेख गर्नुभएको छैन । मांगल गीत पनि एक प्रकारको लोक परम्परामा आधारित गीत भएको हुनाले व्यक्तिपिच्छे र स्थान पिच्छे फरक फरक प्रस्तुती देख्न सकिन्छ ।

## ५.४.२ राईभ्रुमा गीत

यस ठाउँमा प्रचलित परम्परागत लोकगीतहरूमध्ये राईभ्रुमा गीत पनि एक महत्वपूर्ण र लोकप्रिय गीत देखिन्छ । परम्परागत रूपमा गाईने यस ठाउँको राईभ्रुमा गीत हाल लोपोन्मुख अवस्थामा देखिन्छ । हाल सर्वत्र संचार माध्याममा उपलब्ध गायिका कोमल वली तथा गायक यज्ञराज उपाध्यायको युगल स्वरमा रहेको "राईभ्रुमा भ्रुमा क्या मस्क्याकी छओ राईभ्रुमा" बोलको देउडा लयमा आधारित गीत नै सबैतिर राईभ्रुमा गीतको रूपमा परिचित देखिन्छ । तर यहाँको सन्दर्भ भने फरक रहेको छ । यस ठाउँको परम्परागत राईभ्रुमा गीत भने एउटा निश्चित कथामा आधारित रहेको देखिन्छ । जस अनुसार कुनै पहाडी सीतल गाउँठाउँमा जन्मी हुर्केकी भ्रुमा नामकी एउटा केटी हुन्छे । उसलाई उसका बाबुले मागी विवाहको प्रचलन अनुसार 'माल' (मधेश) को कनै केटासँग विवाह गरिदिने कुरा छिनिसकेका हुन्छन् । यस कुरामा भ्रुमाको सहमति हुदैन । त्यसैले भ्रुमा निलोकालो र निरास भई बसेकी हुन्छे । यस्तो अवस्थामा गाँठी कुरो थाहा पाएका भ्रुमाका संगिनीहरूले हिजो अस्ति दुधजस्ती भ्रुमा आज किन चुकजस्ती भएकी ? भन्दै जिस्काउँछन् । भ्रुमा पनि आफ्नो बुबासँग माल (मधेश) को गर्मीले त्यहाँ औलो लागेर मरिहाल्छु, अपरिचित त्यस बिरानो देशमा म कसरी बस्नसक्छु र ? त्यहाँ विवाह नगरिदिनुस् भन्दै बिलौना गर्दछे । बाबुचाहिँ ठूलो खानदानी घर भएको हुनाले कुनै दुःख नहुने र छोरीको जातले बाबुआमाको निर्णय मान्नु पर्ने भनी सम्झाउँछन् । यसै प्रसंगलाई आधार मानेर राईभ्रुमा गीत तयार पारी गाउँने चलन पाईन्छ । जस्तै भ्रुमाका संगिनीहरू :

राईभ्रुमा भ्रुमा क्या मस्क्याकी छओ राईभ्रुमा ?
बेली भ्रुमा दुध जसी राईभ्रुमा ।
आजभ्रुमा चुकजसी राईभ्रुमा ॥
भ्रुमा : मालका बिराईना देश मालै मरी जाउँला ।
माल पोईल नदेउ बाबै राई भ्रुमा ॥ आदि ।

यस गीतको विषयमा हालसम्म कुनै पनि अध्ययन अनुसन्धान भएको देखिदैन । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ५.४.३ कर्कों गीत

कर्को गीत भन्नाले एक प्रकारको शोक गीत हो । कुनै पनि मान्छेको मृत्यु भएमा दाह संस्कारकोनिम्ति स्मसान घाटतर्फ लैजादै गर्दा शावयात्राको अघिअघि दमाहा बजाउँदै लैजाने चलन छ (हेर्नुहोस परिशिष्ठ २) । दमाहा बाजासहितको शवयात्रामा बाटोभरी ठाउँठाउँमा शव बिसाउँदै लैजाने गरिन्छ । यसरी बिसाँउदै जाँदा हरेक बिसौनीमा कर्को गीत गाउँने चलन छ । यो गीत बाजा बजाउँनेहरूले मात्र गाउँने गर्दछन् । यस ठाउँको चलन अनुसार हरेक शुभ अशुभ कार्यमा दमाई समुदायको अनिवार्य सहभागिता रहने गर्दछ । मृत्यु संस्कारमा यो समुदायले बाजा बजाउँने र कर्को गाउँने गर्दछन् । कर्को गीत दमाई समुदाय बाहेक अन्य समुदायले गाउँने चलन छैन । कर्को गीत शवयाात्रामा मात्र गाइँने मृत्यु गीत हो । जसमा जीवन दर्शनका प्रसंगदेखि मृतकको गुणगान र शोक सन्तप्त परिवारलाई सान्त्वना दिने सम्मका प्रसंग जोडेर रचना गरिएको हुन्छ । कर्को गीत सामुहिक रूपमा गाउँने र गाउँनेहरू गीतसँगै नाच्ने पनि गर्दछन् । कर्को गीत यहाँको लोक परम्परामा आधारित एक प्रकारको लोक गीत नै हो । लोक विधा भएको कारण यसमा पनि व्यक्ति तथा स्थानगत रूपमा केही विविधता पाइने गर्दछन् । मूख्यतया कर्को गीत दुई किसिमको रहेको छ । एउटालाई कर्को र अर्कोलाई सती कर्को भनिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

यस ठाउँको कर्को गीतको सन्दर्भमा हालसम्म कुनै अध्ययन अनुसन्धान हुन नसकेको देखिन्छ, तर पूर्णप्रकाश नेपाल 'यात्री' (वि. सं. २०४१) **"भेरी लोकसाहित्य"** मा जाजरकोट जिल्लाबाट संकलन गरी "चाँचर -कराँत (मृत्यु गीत)" भन्ने शीर्षकमा कर्को गीत प्रकाशन गर्नु भएको छ । सो कृतिमा वहाले कर्को गीत लेख्न छुट्टै लिपिको प्रयोग हुने र जसलाई 'कराँते लिपि' भनिन्छ भनी उल्लेख गर्नु भएता पनि यस अनुसन्धाताले यस क्षेत्रमा यस्तो कुनै लिपि रहेको जानकरी गर्न असमर्थ रहेको छ । वहाँले यस जम्बुकाँध गा. वि. स.को कर्कोको विषयमा चाहिँ केही कुरा उल्लेख गर्नुभएको छैन । यहाँ कर्को गीत देवनागरी लिपिमै सामान्य टिपोट भेटिने गर्दछ ।

खासमा लोक परम्परामा आधारित गीत भएको हुनाले यो गीत श्रुती स्मृतिकै भरमा प्रचलित रहेको देखिन्छ ।

### ५.४.४ लम्मरी गीत

कुनै एउटा निश्चित प्रसंगलाई गीतको रूपमा सिलसीलेवर ढंगले रचनागरी तयार गरिएको देउडा गीतको लहरलाई लम्मरी गीत भनिन्छ । अन्ताक्षरी प्रतियोगिता झैं रमाइलोकोनिम्ति कुनै दुई पक्षबिच गीत भन्ने प्रतियोगिता चलेमा कुनै एउटा निश्चित प्रसंग वा घटना परिघटनालाई  सिलसिलेवर रूपमा ढालेर वर्णन गरिन्छ । यसरी कुनै  पनि प्रसंगको व्याख्या गर्दा एउटा दुईटा नभई अनेकौं गीतहरूको लहर बन्ने भएको हुनाले यसलाई लम्मरी गीत भनिएको हो । स्थानीय भाषामा लम्मरीको अर्थ लामो भन्ने हुन्छ । वास्तवमा लम्मरी गीत देउडा गीतको कविता झैं लाग्दछ । वर्तमान समयमा परम्परागत गीतसंगित प्रतिको घट्दो मोहका कारण नयाँपुस्ताले लम्मरी गीत बिर्सिदै गएको देखिन्छ । बुढापाकाहरूमा लम्मरी गीतको सम्झना मात्र बाँकी रहेको देखिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ५.४.५ सबैया

यस क्षेत्रमा प्रचलित गीत तथा मनोरञ्जन अन्तरगत पर्ने एक विधा हो सबैया । सबैया भन्नाले गुणगान अर्थात् वर्णन भन्ने बुझिन्छ । स्थानीय कुनै महापुरुष, राजा, महाराजाहरूको जीवनको कुनै निश्चित प्रसंग वा घटना परिघटनालाई रोमान्चक ढंगले तयार पारिएको पद्यात्मक विधा नै सबैया हो । झट्ट हेर्दा लम्मरी गीत र सबैया उस्तै उस्तै देखिए पनि यी दुई विधामा तात्विक अन्तर छ । लम्मरी गीत देउडा गीतहरूको सिलसिलेवर लहरा हो जुन प्राय : जनसाधारणको जीवन कहानीसँग सम्बन्धित हुन्छ भने सबैया शासक वा राजा महाराजाको जीवनसँग सम्बन्धित पाईन्छ । त्यसैगरी सबैयामा देउडा गीतको शैलीमा मात्रै नभई उखान तुक्काको शैलीमा समेत रचना गरिएको देखिन्छ । दुल्लुका राजाका रौतेला (राजकुमार) को जन्ती अछाम जाँदाखेरी बाटोमा बास बसेका ठाउँमा एक तोला सुन (गहना) हराएको प्रसंग र बाटोमा पर्ने ठाउँका नामहरू जोडेर रमाइलो तरिकाले रचना गरिएको सबैयाको एक अंश यस प्रकार रहेको छ ।

दुल्लदेइ दुलाहा ल्यायो, बास बस्यो चोर सल्ला ।
रातैभरी पडी गयो, हौनै हल्ला खल्ला ॥
न्याँ बस्न  हुनैन भनी, ओल्लीगया ज्यूला ॥
खानेपिने केही भयोन, सगुन लाडु च्युडा ॥
बिहान उकालो उल्की, आया गडेखोला ॥
पासमा हेरन्त छैन, हराइगो सुन तोला ॥
झुलुक्कै झुल्क्या घाम लाग्यो, निक्ले धुपी घाट ।
महाराजी नङारो पऱ्यो, नुवाँकोटबाट ॥
नुवाँकोट नङारो पऱ्यो, दुल्लुमा तोप पऱ्या ॥
सुन तोला हरायो भनी, सब जन्ती शोक पऱ्या ॥
खल्लबल्ल अद्दाइ रया, आया फलाकान ।
ग्रह बिग्रिगो भनी, जौ तील अऱ्या दान ॥
त्याँबाट फर्केर आया, वर जम्बुकाँध ।
जम्बुकाँध, हान्यो साँध
गाँडे साल, टण्टा फाल
लयाँटी तैंले क्या आँटी ?
बनाडा पाइ पऱ्यो टाढा
बस्तेकोट दुधे ओठ .............. आदि ।

(सदानन्द जैसी बर्ष ८०, जम्बुकाँध ५)

### ५.४.६ भारत

यस क्षेत्रमा प्रचलित गीत तथा मनोरञ्जन  विधामध्येको प्रचलित एक विधा हो भारत । भारत भन्नाले "युद्ध वर्णन" भन्ने अर्थ बुझिन्छ । हाम्रो लोकसंस्कृतिमा कुरुक्षेत्रको युद्धलाई महाभारत भन्ने चलन छ । त्यसैगरी यस क्षेत्रमा स्थानीय ऐतिहासिक राजा महाराजाहरूको युद्ध वर्णनलाई लिएर रचना गरिएको एक प्रसिद्ध विधालाई भारत भन्ने गरिन्छ ।

यस क्षेत्रको प्रचलन अनुसार विशेषगरी विवाह उत्सवमा हुड्के नाच्ने चलन छ । हुड्के भन्नाले एकप्रकारको लोकबाजा हुड्का (डमरुजस्तै बाजा) हातमा लिएर बजाउँदै बिचबिचमा गीतहरू गाउँदै (जसलाई टुम्का भनिन्छ) नाँच्ने व्यक्तिलाई बुझिन्छ (चित्र नं. ८, परिशिष्ठ ६)। हुड्केले आफ्नो नाचमा भारतको लयात्मक प्रस्तुती गर्ने गर्दछ । विचविचमा टुम्का  गाउँदै गर्दा अन्य सहयोगीहरूले पनि टुम्का गाउँन साथ दिइरहेका हुन्छन् । जसलाई 'रागी' भनिन्छ । हुड्केले एक प्रकारको फरिया जस्तै देखिने विशेष पहिरन लगाएको हुन्छ । साथै टाउकोमा पगडी पनि बाँधेको हुन्छ । हातमा हुडको बजाउँदै रागीहरूको गीतको टुम्का अगुवाइ गर्दै विचविचमा भारत गाथा बडो उल्लासमय र रोचक ढंगले प्रस्तुत  गर्ने गर्दछ । हुड्केहरू दमाई समुदायका व्यक्ति मात्रै हुने गर्दछन् । हुड्के नाँच्नु दमाई समुदायको पुर्ख्यौली व्यवसाय हो । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

भारत गाथा अनेक छन् जसमध्ये "बालाराजा काँशीरामको भारत" धेरै प्रशिद्ध र लोकप्रिय रहेको छ । त्यसैगरी राजा जितारी मल्ल जालन्धरी मल्लको भारत, राजा रनी रावत शोभा रावतको भारत आदि प्रसिद्ध छन् ।

लोकसाहित्यको क्षेत्रमा भारत गाथा सम्बन्धि अध्ययन अनुसन्धान भएको पाईन्छ तर यी गाथाहरूको ऐतिहासिक अध्ययन भने हुन सकेको देखिदैन । पूर्णप्रकाश नेपाल 'यात्री' (वि. सं. २०४१) **भेरी लोकसाहित्यमा** बालाराजा काँशीरामको भारत संकलन गरी प्रकाशित गर्नुभएको छ । नेपालले सो कृतिमा हालको लयाँटी बिन्द्रासैनी गा. वि. स. को डौंसुर गाऊँ निवासी अमरसिं ढोलीमार्फत सो गाथा संकलन गर्नु भएको देखिन्छ । लोक साहित्यको क्षेत्रमा यो गाथा अध्ययन अनुसन्धान गर्ने अन्य विद्वनहरूले यही मूलपाठलाई नै आधार मान्ने गरेका छन् । भेरी लोकसाहित्यमा नेपालले जितारीमल्ल जालन्धरी मल्लको भारत तथा राजा रनी रावत शोभा रावतको भारतसमेत प्रकाशित गर्नु भएको छ । जितारी मल्ल जालन्धरी मल्लको भारत दैलेख जिल्लाको रोल गाऊँबाट बिरभाने ढोली, गौरे भुषाल तथा जैभाने दमाईको मुखारबिन्दबाट लिएको उल्लेख गर्नुभएको छ । साथै राजा रनी राउत शोभा राउतको भारत कालिकोट जिल्लाको भर्ता गाऊँ निवासी ललित्या भुषालको मुखारबिन्दबाट

लिएको कुरा भेरी लोकसाहित्यमा पूर्णप्रकाश नेपालले उल्लेख गर्नुभएको छ । वहाँले यस सम्बन्धमा जम्बुकाँध गा. वि. स. बारे केही उल्लेख गर्नुभएको छैन ।

भारत गाथा ऐतिहासिक युद्धको वर्णन हो, जुन हाल यस क्षेत्रको लोकसंस्कृतिको अभिन्न अंगको रूपमा रहेको छ । भारत गाथाले यहाँको इतिहास, संस्कृतिलाई लोकसाहित्यको माध्यमद्वारा जीवन्त राख्ने गरेको छ । विवाह उत्सवमा रमाइलोकोनिम्ति नाचगान संस्कृति अनुरूप भारतगाथा गाइने चलन रहेको छ ।

यस जम्बुकाँध गा. वि. स. मा भारत भन्ने बित्तिकै बहुचर्चित एवं लोकप्रिय भारत बालाराजा काँशीरामको भारतलाई नै बुझ्ने गरिन्छ । बालाराजा काँशीरामको भारत स्थानीय कलाकार (हुड्के) हरूलाई कन्ठस्थ रहेको देखिन्छ । लोक विधा भएको कारण व्यक्तिपिच्छे केही न केही पाठ अन्तर भने पाइने गर्दछ । यस भारत गाथाम अनुसार बालाराजा काँशीराम हालको जम्बुकाँध गा. वि. स. नजिकै रहेको देवलीगढ (सात्ताला र लयाँटी बिन्द्रासैनी गा. वि. स. को सिमाना) का राजा भएको कुरा बुझिन्छ । देवलीगठलाई हाल सुकीपिप्ली भनेर चिनिन्छ । हाल उक्त ठाउँमा जंगल रहेको छ । भारतमा बताइए अनुसार बाला राजा काँशीरामले आठसय सेना (कतैकतै यो संख्या १८०० पनि भनिन्छ) सहितको फौजद्वारा पूर्व कोशी नदी किनारमा रहेको 'मानगढ' ( हाल मोरङ जिल्ला) राज्यका राजा हिन्दपति सेनासँग युद्धगरी विजय प्राप्त गरेको ऐतिहासिक वर्णन रहेको छ । यो भारत गाथामा तिथिमिति नखुल्ने हुनाले यी राजाहरू कहिलेका थिए भन्ने कुरा अनुमान लगाउँन गारो छ । तापनि नागराजको सिंजासाम्रज्यकालदेखिको इतिहासमा यस ठाउँमा अलग्गै कुनै राज्य भएको नदेखिएको हुनाले बालाराजा काँशीराम नागराजभन्दा पहिलेकै पालवंशी राजा हुन् कि भनेर भन्न सकिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल तथा पूर्णप्रकाश नेपाल : २०४१)*

भारतगाथामा वर्णन गरिएको परिवेश र हाल यसठाउँको (देवलीगढको) पुरातात्विक अवस्थालाई विचार गर्दा यो गाथा ऐतिहासिकताको नजिक देखिन्छ । उक्त गाथामा दुई राज्यविच (मानगढ र देवलीगढ) के कति कारणले वैमनष्यता उत्पन्न भई युद्ध भयो भन्ने कुरा खुल्दैन ।

यसरी ऐतिहासिक युद्ध वर्णनलाई भारतगाथा (गीत) को रूपमा हुड्केनाचको माध्यामद्वारा हालसम्म पनि संस्कृतिको एक महत्वपूर्ण अगंको रूपमा स्मरण गर्ने गरेको पाईन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

## ५.४.७ भुवो खेल

यस ठाउँको मनोरञ्जन तथा नाचगान संस्कृतिको एक महत्वपूर्ण अंग भुवोखेल पनि हो । भुवो वा भोस्सी भनिने यो खेल हरेक बर्षको नरक चतुर्दशीको राती प्रत्येक गाउँमा आयोजना गर्ने चलन छ । भुवो वा भोसी को विषयमा खासै अध्ययन अनुसन्धान हुन नसकेता पनि यसको विषयमा कतै कतै भुओगीत भनेर उल्लेख गरेको पाईन्छ । कालीभक्त  पन्त (वि. सं. २०२८) **"हाम्रो सांस्कृतिक इतिहास"** भन्ने पुस्तकमा (पेज नं. २२५, २२६, २२७, २२८) वहाले भुओगीतको बारेमा उल्लेख गर्नु भएको छ । वहाका अनुसार दिल्ली (हस्तिनापुर) देखि कुमाउँ गढवालसम्म र नेपालको प्युठान, डोटी, अछाम, जुम्ला आदि ठाउँमा भुओ खेल्ने चलन छ । वहाका अनुसार पौषको औंसीको राती भुओ खेलिन्छ । वहाँले दिल्ली (हस्तिनापुर) जित्न आउँने कुनै मुसलमान शासकले बेथिति गर्न थालेपछि सबै गाउँलेहर मिलेर उसको विरुद्ध भेओ खेल्ने (केटामान्छेले बल्दो राँकोले हान्ने र केटी मान्छेले चीसो पानी खन्याइदिने) प्रचलन सुरु भएको भन्नु भएको छ । तर गीतका केही प्रसंग र नाम मिल्न गए पनि यस ठाउँ (जम्बुकाँध गा. वि. स.) मा खेलिने भुवो पन्तले उल्लेख गरे भन्दा निकै फरक मान्यतामा खेल्ने चलन रहेको पाइन्छ । त्यसैगरी पूर्ण प्रकाश नेपाल यात्री (२०४१) भेरी लोकसाहित्यमा पनि भुवोगीतको विषयमा उल्लेख गर्नुभएको छ । वहाले भुवो दैलेखको दुल्लु क्षेत्रमा लक्ष्मीपूजाको अघिल्लो राती र आठबीस दरामा (जम्बुकाँध गा. वि. स. यही दरामा पर्छ) पंचमीको दिन आयोजना गरिन्छ भनेर उल्लेख गर्नुभएको छ । तर पंचमीको दिनमा नभई  यहाँ पनि नरक चतुर्दशीकै राती भुवो खेलिन्छ । पूर्ण प्रकाश नेपालले भुवोखेल बाईसी राज्य जुम्लाका राजा बलीराजसँग सम्बन्धित होकि भनेर शंका गर्नुभएको छ । भुवोगीतमा बलीराजाको प्रसंग आउँने हुनाले वहाले सो शंका गर्नुभएको देखिन्छ ।

वास्तवमा हिन्दु संस्कृतिका अन्य कतिपय प्रसंगहरूमा पौराणिक राजा बलीको चर्चा आउँने गर्दछ । दीपावलीको अवसरमा खेलिने देउसी, भैलो, भैनी आदि जस्तै भुवो पनि एक मनोरञ्जनात्मक खेल नै हो । दीपावलीकै अवसरमा (नरक चतुर्दशीका राती) खेलिने खेल भएको हुनाले यो खेल पनि बली राजाकै कृपा र आशिर्वाद मानिन्छ । यस ठाउँमा भुवो खेल्दा निम्नानुसारको प्रचलन रहेको पाईन्छ । भुवोको दिनभन्दा ३/४ दिन अघिदेखि नै कामी समुदायले आ-आफ्ना रितीपालीको घरमा राँकोको निम्ति दाउराको व्यवस्था गरिसक्ने प्रचलन छ । प्रत्येक गाउँमा भुवो खेल्नकानिम्ति एउटा निश्चित ठाउँ तोकिएको हुन्छ र हरेक वर्ष सोही ठाउँमा मात्र भुवो खेलिन्छ । जसलाई भु-अखाडो भनिन्छ । भुवो खेल्ने दिनको साँझपख खाना खाइसकेपछि प्रत्येक घर घरबाट बल्दो राँको र साथमा थप राँकाहरू (जो पछि भुवो सेलाउँदा बालिन्छन्) समेत लिई पुरुषहरू एकठाउँमा (प्रायजसो नायकको घरमा) जम्मा हुन्छन् । दमाईहरूले आ-आफ्नो रितीपालीको प्रत्येक घरघरमा गई दमाहाबाजासँगै हातहातमा राँको बोकेर ( प्रत्येक घरबाट पुरुषको संख्या बराबरकै संख्यामा राँका लिने चलन छ, जसमा आ-आफ्नो घरमा पालिएका गोरुको संख्या समेत जोडिन्छ) भैलो खेल्दै भु-अखडातिर लम्किन्छन् । भुवोखेलमा महिलाहरूको सहभागिता नहुने प्रचलन छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

सबै टोलहरूबाट मान्छे जम्मा भईसकेपछि त्यस गाउँको मुख्य नायकको अगुवाइमा भु-अखडामा कुभिण्डोको बली दिने चलन छ । त्यसपछि दमाहाको बाजा ( पूर्ण प्रकाश नेपालले सो दमाहाको धूनलाई 'समरदुन्दुभी' भन्नु भएको छ ।) सँगै नायकको अगुवाइमा जोसीला युवाहरू दुई पक्ष भई भुवो खेल्न सुरु गर्छन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

भुवो गीत सुरु गर्दा सर्वप्रथम भुवो कैलाश पर्वतमा भएको देखिन्छ । त्यसपछि क्रमश : भुवो कैलाशबाट जुम्ला कालिकोट हुदै आ-आफ्नो गाउँमा ल्याइन्छ । भुवो गीतमा प्रयोग हुने शब्दहरू अत्यन्तै अश्लिल र भद्दा हुने गर्दछन् । हुनत भुवोखेलमा दाजुभाइ, बाबुछोरा सबै गाउँघरका युवावृद्धहरू संगसंगै हुने गर्दछन् । यसको प्रवाह नगरी भुवोखेलमा जोसीला युवाहरूले देवर र भाउजुको अभिनय गर्दै दुई पक्ष भई

अत्यन्तै अश्लिल शब्दका साथ खेल्ने गर्दछन् । यहाँ देखिन छाडा र यौनिक शब्दहरूले गर्दा भुवोखेललाई लोग्नेमान्छेको रत्यौली पनि भन्ने गरिन्छ । दमाहाको तालसँगै ( जसलाई स्थानीय भाषामा 'भुवा पहाडो' भनिन्छ ।) हातहातमा बल्दो राँको लिएर कुनै पनि लाज, सरमको ख्याल नगरी उन्मत्त भएर युवाहरू भुवो खेल्दछन् । केही राँकाहरू भोली बिहान भुवो सेलाउँनकोनिम्ति राखिन्छ भने केही राँकाहरू त्यही बालिन्छ । भुवो खेल रातभरी नै चल्दछ । जब बिहान झिसमिसे उज्यालो हुन्छ त्यसपछि भु-अखाडादेखि केही टाढा रहेको भुवो सेलाउँने ठाउँमा दमाहा बाजासहित बल्दो राँका र बाँकी राँकाहरू लिई गएर भुवो सेलाइन्छ । सबै राँकाहरू एउटा अगेनुमा बालेर ऋषि पुर्णिमाको दिनमा हातमा बाँधेको रक्षा बन्धन समेत त्यसै बल्दो आगोमा फाल्ने चलन छ । यसरी भुवो सेलाउँदै गर्दा रातभरी भनेको कुरा (छाडा र अश्लिल गीत) मैले भनेको होईन बलीराजाले भनेको हो भन्दै क्षमा माग्ने चलन छ ।

## भुवोखेल गीतको नमूना

हरहरियो भाइ हरहरीयो - भोसी
पहिला भुवो कहाँ छियो - भोसी
पहिला भुवो (बलीराज) कैलाश छियो - भोसी
वहापछि भुवो कहाँ आयो - भोसी
वहापछि बलिराज लामाथाडा - भोसी आदि

यसरी भुवो खेल्दा नायक (अगुवा) ले प्रत्येक गीतहरू देउसी खेले झै भट्टयाउँछन् । नायकलाई दुई चार जना जोशीला युवाहरूले पनि भट्टयाउँन साथ दिईरहेका हुन्छन् । अन्य सहभागीहरूले लामो स्वरमा 'भोसी' भन्दै पछ्याउँने गरिन्छ । भट्टयाउँदा भुवो शब्दको सट्टा बलीराज शब्दको पनि प्रयोग भएको पाइन्छ । कैलाशबाट क्रमश : जुम्ला कालिकोट हुदै विभिन्न गाउँठाउँहरूको नाम भन्दै आफ्नो गाऊँ (जहा भुवो खेलीरहेको हुन्छ) सम्म ल्याईन्छ । बिचविचमा प्रयोग गरिने अश्लिल र छाडा शब्दहरू यहाँ उल्लेख गर्न सकिने प्रकारका हुदैनन् ।

भुवो खेलको सुरुवात कहिले र किन भयो भन्ने कुरा स्पष्टत : थाहा हुन सकेको छैन । स्थानीय लोकआख्यान अनुसार परापूर्व कालमा कडा अनुशासनमा राखिएका कुनै राजाका (बलीराजा) सिपाहीहरूलाई ठूलै युद्धमा विजयप्राप्त भएपछिको खुसियाली मनाउँनलाई एक रातको निम्ति जेमर्जी गर्न छुट दिइएको थियो र यस्तो चलनको विकास भयो भन्ने भनाइ रहेको पाइन्छ ।

### ५.४.८ सरम खेल तथा फट्को

यहाँका परम्परागत मनोरञ्जनका माध्यामहरूमध्ये सरम खेल तथा फट्को खेललाई पनि महत्वपूर्ण रूपमा लिइन्छ । हातमा ढाल तरवार लिएर नाच्ने खेल भएको हुनाले सरम खेल युद्धकलाको नमूनाको रूपमा लिन सकिन्छ । सरम खेल भन्नाले दमाहा बाजाको तालमा हातमा ढाल तरबार लिई नाच्ने खेललाई बुझिन्छ । ढाल तरबारको सट्टामा दुबै हातमा लट्ठी मात्र लिएर नाच्ने गरेको पनि पाइन्छ । दमाहाको बाजासँगै जोसिला युवाहरू लहरै जम्मा भई पहिले एक्ला एक्लै हावामा तरबार नचाउँने र पछि जोडी जोडी भई एउटाले हाने जस्तो गर्दै र अर्कोले छेकेजस्तो गर्दै खेलिन्छ । प्रायजसो विवाह उत्सवमा यो खेल प्रस्तुत गर्ने गरिन्छ । त्यसैगरी सरम खेल जस्तै तर एक हातमा लट्ठी र अर्को हातमा रुमाल फट्कार्दै दमाहा बाजाको तालमा खेलिने खेललाई फट्को खेल्ने पनि भन्दछन् । फट्को खेल विशेषगरी छयट खेल्दा प्रस्तुत गर्ने चलन पाइन्छ ।

फट्को खेल र सरम खेल सामान्य प्रस्तुती फरक भएपनि एउटै खेलका दुई छुट्टाछुट्टै रूप भएको पाइन्छ । हालको युवा पुस्तामाझ परम्परागत संस्कृतिप्रतिको घट्दो मोहका कारण यो खेल  लोपोन्मुख अवस्थामा रहेको छ ।

पूर्ण प्रकाश नेपाल (वि.सं. २०४१) **भेरी लोकसाहित्यमा** 'सरौं खेल' शीर्षकमा जाजरकोट जिल्लामा खेलिने यस्तै खेलको विषयमा चर्चा गर्नु भएको छ । वहाले भुवो खेल र सरौं खेलको तुलना गर्दै यसको उद्गमकाल एउटै रहेको हुनसक्ने आशंका समेत सो कृतिमा व्यक्त गर्नुभएको छ । वहाले सो खेलको चर्चा गर्दै उचनिच, जातपात तथा छुवाछुतको भेदभाव नराखी खेलिने खेलभनेर प्रशंसा समेत गर्नुभएको छ

। तर यस जम्बुकाँध गा. वि. स. र यहाँको सरम खेल सम्बन्धमा भने केही उल्लेख गर्नुभएको छैन । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ५.४.९ भैलो

यस ठाउँमा मनोरञ्जनको अर्को एक महत्वपूर्ण पक्ष भनेको भैलो खेल पनि हो । हुन त हिन्दु धर्मसंस्कार मान्ने समुदायहरूमा अन्यत्र पनि तिहारको बेला भैलो खेल्ने चलन रहेको छ तर यहाँ भैलो खेल्ने छुट्टै मौलिक गीतको चलन रहेको देखिन्छ ।

यस ठाउँमा अन्य चाडपर्व र संस्कारहरू झैँ भैलोमा पनि दमाहाबाजाको प्रयोग गरिन्छ । दमाहाको बाजासंगै फूलका माला पहिरेका र टाउकोमा सेतो कपडाको पगडी बाँधेका भैलेराहरू  (भैलो खेल्ने मानिसहरूलाई यहाँको स्थानीय भाषामा भैलेरा भनिन्छ) नायकको अगुवाइमा बडो फुर्तिलो र जोस, जाँगरसाथ भैलो खेल्दछन् । सर्वप्रथम नायकले (नायकलाई अन्य २/४ जनाले पनि साथ दिने चलन छ) भट्ट्याउँन सुरु गर्छ र पछाडी अरुले "भैलो हो भैलो" भन्दै सुरु गरिन्छ । अन्यत्र झैं यहाँ पनि भैलोको सुरुवात गर्दा हे औंसी बार, गाई तिहार भन्दै सुरु गरिन्छ । त्यसपछि भने यहाँको भट्ट्याउँने चलन (गीत) आफ्नै किसिमको रहेको छ । जस्तै :

हे औंसीका बार		भैलो हो भैलो
गाईका तिहार		भैलो हो भैलो
एक भन्नु क्या हो		भैलो हो भैलो
बनको सिंह		भैलो हो भैलो
दुई भन्नु क्या हो		भैलो हो भैलो
दुई चन्द्र सुर्ज		भैलो हो भैलो
तिन भन्नु क्या हो		भैलो हो भैलो
तिन त्रिलोक		भैलो हो भैलो
चार भन्नु क्या हो		भैलो हो भैलो
चारै चौरासी		भैलो हो भैलो
पाँच भन्नु क्या हो		भैलो हो भैलो

पाँचौ पाण्डव		भैलो हो भैलो
यसरी पन्द्रसम्म पुगाएर
पन्द्र भन्नु क्या हो		भैलो हो भैलो
पुर्णेका चन्द्र		साब्बै साब्बै ।

यहाँसम्म पुऱ्याइ अन्य गीत सुरु गरिन्छ । अन्य गीतहरू पनि यस्तै प्रकारका स्थानीय मौलिक परम्पराका मात्रै पाइन्छन् । भैलो खेल पुरुषहरूले मात्रै खेल्ने चल्न रहेको छ ।

यस ठाउँको भैलो खेलको विषयमा हालसम्म कसैले अध्ययन अनुसन्धान गरेको देखिदैन । पूर्ण प्रकाश नेपाल यात्री (वि.सं. २०४१) भेरी लोकसाहित्यमा यस्तै मिल्दो जुल्दो भुवोखेल दुल्लु डाँडीमाँडी क्षेत्रबाट संकलन गरी प्रकाशित गर्नुभएको छ । तर वहाँले यस जम्बुकाँध गा. वि. स को बारेमा यस विषयमा कतै केही उल्लेख गर्नुभएको पाइदैन । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल तथा पूर्ण प्रकाश नेपाल २०४१)*

## ५.४.१० छयट, धमारी र ढुस्को

यहाँको प्रचलन अनुसार छोराको छैठीमा आयोजना गरिने विशेष किसिमको नाचगान उत्सवलाई छयट भनिन्छ । छयट एक किसिमको परम्परागत लोक गायन तथा नृत्य हो । छयटमा प्रस्तुत गरिने (गाइँने) गीतहरूलाई धमारी भनिन्छ । त्यसैले छयट खेल्नु वा धमारी खेल्नु भनेको एउटै कुरा हो । छयट खेल्दा खेलको अन्त्यतिर 'ढुस्को' भनिने एक प्रकारको बेग्लै गीत पनि प्रस्तुत गरिन्छ । ढुस्को गीत यहाँका अन्य परम्परागत लोकगीतहरूको तुलनामा छरितो किसिमको भाकामा प्रस्तुत गर्ने गरिन्छ ।

अन्यत्रको हिन्दु समुदाय झैँ यहाँ पनि बालक जन्मिदा जन्म संस्कार अनुसार छैठी गर्ने चलन रहेको छ । छैठीसँगै रातभरी नै दमाहा बाजा र खैजडी (स्थानीय भाषा 'मजेरा') को तालमा छयट खेल्ने परम्परा रहेको छ । छयट छोरा जन्मेको उपलक्ष्यमा मात्रै खेलिन्छ तर छोरीको जन्महुँदा चाहिँ छयट खेल्ने चलन छैन । छयट खेलमा पुरुषहरूको मात्रै सहभागिता हुने गर्दछ, तर दर्शकहरू चाहिँ महिला पुरुष सबै हुने

गर्दछन् । छयट खेलमा पुरुषहरू मात्रै सहभागि भएपनि कुनै कुनै ढुस्को गीतमा चाहिँ पुरुषहरू नै एक आपसमा भिनाजु र सालीको रूपमा रोमाञ्चकारी सवाल जवाफ गर्ने गर्दछन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

छयट खेल्दा सर्वप्रथम जुनघरमा बच्चा (छोरा) जन्मेको हो सो घरबाट गाउँका सबैलाई छयट खेल्न निम्तो दिइन्छ । छयट खेल्ने खेलाडी (सबै प्रकारका गीत, घमारी, ढुस्को आदि राम्ररी गाउँन जान्ने मान्छे, जसलाई छैटेरा वा खेलौडा भनिन्छ ।) लाई विशेष निम्तो हुने गर्दछ । सबै जना जम्मा भइसकेपछि साँझको समयमा उपस्थित सबैलाई 'सगुन' (कसार र च्युरा) बाँडिन्छ । सगुन भन्नाले यहाँ शुभकार्यमा बाँडिने प्रसादलाई बुझिन्छ । त्यसपछि छयट खेल्न सुरु गरिन्छ । छयट खेल्दा खेलाडीहरूसबैजना गोलो घेरा बनाइ (देउडा खेल झैं) बिचमा दमाहा (बाजा) बजाउँने दमाईलाई राखेर दोहोरो पाइतो (देउडा खेलको जस्तै तर आधा उठ्ने र आधा बसे जस्तो गर्दै दुई पटक खुट्टा चाल्नुपर्ने बिशेष चाल) हान्दै हातहातमा लिएका मजेरा बजाउँदै र गाउँदै नाच प्रस्तुत गर्दछन् । साथमा दमाहाको बाजाले खेललाई निर्देसित गरिरहेको हुन्छ । छयटमा दमाहाको भिन्दै प्रकारको धून हुने गर्दछ, जसलाई छैटे बाजो भनिन्छ । छयटको पहिलो चरणमा प्रस्तुत गरिने गीतहरू शुभकामना तथा शुभ आशिर्बाद दिने शब्दहरूद्वारा रचनागरिएका मांगल गीत झैं हुने गर्दछन् । यी सुरुका शुभकामना गीतहरू प्रस्तुत गर्नुलाई 'सगुन उठाउँनु' भनिन्छ । यस सन्दर्भमा सगुन शब्दले शुभकार्य, शुभ साइत, शुभमंगल भन्ने अर्थ बुझिन्छ । यी गीतहरूमा नवजात शिशु, उसका बाबु आमा तथा बाजे बजैलाई आशिष प्रदान गर्दै गाइन्छ ।

जस्तै

सह सगुन भयो रे ! माथा,<br>
सह सगुन !!<br>
जसुका ओटी बालो जन्म्यो, तसुकनै सगुन भयो रे !<br>
सह सगुन भयो रे !<br>
बालाका बुबुकन सगुन भयो रे !<br>
सह सगुन भयो रे! माथा,

सह सगुन ‼

बालाकी बुवाकन सगुन भयो रे !

सह सगुन भयो रे ‼ माथा

सह सगुन ‼

बालाका बाबु कनै सगुन भयो रे !

सह सगुन भयो रे ! माथा

सह सगुन !

बालाकी आमाकन सगुन भयो रे !

सह सगुन भयो रे ! माथा,

सह सगुन ‼

जसुका ओटी बालो जन्म्यो, सुनैले भरियो रे !

जसुका ओटी बालो जन्म्यो चाँदीले भरियो रे ‼

सह सगुन भयो रे ! माथा,

सह सगुन ‼ आदि

*(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

यसरी आशिषयुक्त पहिलो चरणका गीतहरू सकेपछि दोस्रो चरण सुरु हुन्छ । दास्रो चरणमा पनि खेल खेल्ने (नाँच्ने गाउँने र बजाउँने) शैली उस्तै हुन्छ तर गीतहरू चाहिँ फरक प्रकारका हुने गर्दछन् । यी गीतहरूलाई 'धमारी' भनिन्छ । त्यसैले कतै कतै छयट खेल्नुलाई धमारी खेल्नु पनि भनिन्छ । पहिलो चरण भन्दा यो दोश्रो चरण वृहत् हुने गर्दछ, किनकी यस चरणमा गीतहरू धेरै हुने गर्दछन् । धमारी गीतहरू पौराणिक कथायुक्त तथा मंगलसूचक हुने गर्दछन् । यस ठाउँमा प्रचलित धमारीमा 'कृष्णको धमारी' (भगवान श्री कृष्णको जन्म चर्चा र बाललीला) ज्यादै नै लोकप्रिय रहेको छ ।

कृष्णको धमारी पनि गीत रचना र प्रस्तुतीले गर्दा अनेक किसिमको पाठभेद पाइन्छ । आखिर लोकआख्यान हुनाले व्यक्तिपिच्छे र स्थानपिच्छे पाठअन्तर महुनु

स्वभाविकै हो । अनेक पाठ भएपनि कृष्णको धमारीमा भगवान् श्रीकृष्णको जन्म चर्चा, जन्मेको खुसियालीमा भएको दिपावली र हर्षोल्लास, तथा कृष्ण भगवान्को बाल चरित्र प्रस्तुत गरिन्छ । यसको साथै जसरी कृष्ण औतार भई संसारमा खुसीयाली छायो त्यसैगरी यस बालकको जन्मले पनि खुसीयाली छाओस् भन्ने आशिष नवजात शिशुलाई दिइन्छ ।

**कृष्णको धमारी (एक नमूना)**

कृष्णज्यू जनम्या भोली बुधबार ।
कहाँ र कष्णज्यू जनम्या ? कहाँ र बाजित्र बढाइँ ?
मथुरा कृष्णज्यू जनम्या गोकुलपुरीमा बढाइँ ॥
केउका दिपलीय सजाया ? केउका कपडाकी बाती ??
सुवर्णकी दिपलिय, सपुरकी बाती ॥
एकुमेलो गाईको चर्ने , एक मेलो हरियो रे ।
बालो जन्मियाका ठौर दुबोले भरियो रे ॥
कंस मामा जागिनु जाग्यो, जाऊ भान्जौ बाघिनीका दुध ।
बाघिनीका दुध दुही घर आयो बालो, नैर उनायो ॥
कंस मामा जागीनु जाग्यो, जाऊ भान्जौ राक्षसनीका दुध ।
राक्षसनीका दुध खाई घर आयो बालो, नैर उनायो ॥
आदि ॥

रातभरी धमारी खेलेपछि विहानपख छयटखेलको तेस्रो चरण सुरु हुन्छ । तेस्रो चरणको खेलमा हर्षोल्लास तथा मनोरञ्जनयुक्त गीतहरू प्रस्तुत गरिन्छ । यस चरणमा 'ढुस्को' भन्ने गीतहरू प्रस्तुत गरिन्छ । यस चरणको नाचमा पाइतोको चाल साधारण किसिमको (देउडा खेल झैं) हुने गर्दछ । यस चरणमा बाद्यबादन (दमाहा र मजेरा) को पनि आवश्यकता हुदैन । यस चरणमा देउडा खेल समेत प्रस्तुत गर्ने गरिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

**ढुस्को गीत**

१. यहाँ हब्र लेख चाँपुलो फूल्यो हँड साली चाँपुलो टिपन जाऊँ ।
   कानका लोंलना छैनन् भिनाजु
   क्या पैरी चाँपुलो टिपन जाऊँ ?
   कानका लोलना मैं बनाइ दिउँला
   हँड साली चाँपुलो टिपन जाऊँ ।
   सिरकी सिरबंदी छैन भिनाजु
   क्या पैरी चाँपुलो टिपन जाऊँ ? ..........................

२. इचली रोप्यो जाड मारसी, भिटली रोप्यो साउँ,
   साउँ बाला साइयौ जुरुक्कै उठी जाँऊ ॥
   बुबु धेकनान् चोली छेकनान्
   थुपुप्कै बसी जाऊँ बाला साइयौ
   थुपुक्कै बसी जाऊँ ॥ ..........................

३. कालिया घाटको कोइरेलो न्याउ बासन लाइगो ।
   जनी बास्न जनी बास्न न्याउचडी अनऱ्याउँन लाइगो ॥
   बुबुकी सौंरडी मैं चेली अनऱ्याउँन लाईगो ।
   जनी बास्न जनी बास्न न्याउचडी अनऱ्याउँन लाइगो ॥

आदि ।

*(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

ढुस्को गीतको प्रस्तुतीपछि छयट खेलको समापन हुने गर्दछ । छयट खेलको समापनमा खसी काटेर मासु भात समेतको भोज भतेर खान दिने चलन रहेको छ । सामान्यतया छयट खेल्ने खेलौडालाई अलग्गै एक खसी र बाँकी गाउँलेहरूलाई अलग्गै खसी पनि दिने गरिन्छ । खसी काटेर खान दिँदा पनि  मासु बाँड्ने चलन विशेष छ । जस अनुसार खसीको पुछर (साथमा केही मासु पनि) कामी समुदायको मान्छेलाई

दिइन्छ । कामीले भतेरमा दाउराको बन्दोवस्त गर्ने र भाँडा माँभ्ने प्रचलन छ । त्यसैगरी खसीको आन्द्राभुँडी दमाई समुदायको भागमा पर्छ । दमाईले बाजा बजाउँने कार्य गर्दछन् । खसीको टाउको (जसलाई 'मुडी' भनिन्छ) छैठी गर्ने पण्डितलाई दिइन्छ । त्यसैगरी फिला (खुट्टाको साँप्रो) एउटा शुभ साइत हेर्ने (छैंठीको) ज्योतिषलाई दिईन्छ । यसरी खसी/बोकाको मासु बाँड्ने चलन अन्य सांस्कृतिक अवसरमा जस्तै : ब्रतबन्ध, विवाह तथा अन्य खुसियालीको भोजमा समेत यही रिति बमोजिम गर्ने गरिन्छ । *( स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

छयट, धमारी र ढुस्को गीतहरू सम्बन्धमा हालसम्म अध्ययन अनुसन्धान भएको पाइदैन । पूर्णप्रकाश नेपाल **भेरी लोकसाहित्य** (२०४१) :- भेरी अञ्चलको केही ठाउँहरूबाट यस्तै गीतहरू संकलन गरी प्रकाशित गर्नु भएको छ । तर वहाले यस जम्बुकाँध गा. वि. स. र यहाँको छयट संस्कृतिबारे केही पनि उल्लेख गर्नु भएको छैन ।

### ५.४.११ बाद्यबादन

**दमाहा :** बाद्यबादनको क्षेत्रमा यस ठाउँको प्रमुख बाजा दमाहा नै हो । अन्यत्र भैँ यहाँ पनि पञ्चैबाजा अन्तरगत दमाहा, नरसिंगा, सहनाई, भ्याली र ट्याम्को बजाउँने चलन छ । यस ठाउँको चलन अनुसार हरेक चाडबाड उत्सव, महोत्सव तथा संस्कार आीदमा दमाहा बजाउँने चलन छ । प्रायजसो दमाहा सहित पञ्चैबाजा बजाउँने गरिन्छ । पञ्चेबाजामा दमाहा नै मुख्य बाजाको रूपमा रहेको हुन्छ । (चित्र नं. ७, परिशिष्ठ ६)

सामान्यतया दमाहा चार प्रकारको रहेका हुन्छन् । पहिलोलाई दाहिने दमाहा भनिन्छ जुन अन्य दमाहा भन्दा मुख्य दमाहा मानिन्छ । दाहिने दमाहाको छाला सदैव ओसिलो राख्ने गरिन्छ र यसको धून मोटो हुने गर्दछ । अर्को प्रकारको दमाहालाई 'बाउँ' दमाहा भनिन्छ । जो आकारमा अन्य दमाहा भन्दा ठूलो हुने गर्छ । यसको धून अन्य दमाहाको भन्दा सुरीलो र चर्को हुने गर्दछ । बाउँ दमाहाका कारण सबै दमाहाको धून भ्कंकारयुक्त बन्ने गर्दछ । अन्य दमाहाहरू सामान्य प्रकारका रहेका हुन्छन् र दाहिने

र बाउँ दमाहाका सहयोगी दमाहाका रूपमा बजाईन्छन् । दमाहा बजाइने समुहमा दाहिने र बाउँ दमाहा एक एक वटा र अन्य दमाहाहरू २ भन्दा धेरै संख्यामा रहेका हुन्छन् । अर्को एक सानो आकारको दमाहा हुन्छ जसलाई ट्याम्को भनिन्छ । ट्याम्को संख्यामा एउटै मात्रै र आकारमा सानो भएपनि यसको महत्व ठूलो रहेको हुन्छ । ट्याम्को दमाहाको धून बदल्न र फरकफरक अवसरका धून निर्माण गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ । पञ्चेबाजा अन्तरगत पनि ट्याम्कोलाई एक महत्वपूर्ण बाजाको रूपमा गणना गरिन्छ । यहाँको प्रचलन अनुसार बाजा बजाउँने कार्य दमाई समुदायको पुर्ख्यौली पेशा रहेको छ । यो समुदायमा पनि केवल पुरुषहरूले मात्रै बाजा बजाउँने चलन छ । महिलाहरूको बाजा बजाउँने कार्यमा सहभागिता हुदैन । यस समुदाय भित्रै ढोल बजाउँनेलाई ढोली र हुड्को बजाउँनेलाई हुड्के भनिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

**ढोल :** ढोल पनि यहाँको एक महत्वपूर्ण बाजा हो । ढोल मादलजस्तै देखिन्छ तर मादलभन्दा निकै न ठूलो र मोटो हुने गर्दछ । ढोल बजाउँदा पनि दमाहा झैं गजाको सहायताले बजाईन्छ ।

ढोल तथा दमाहा स्थानीय कुनै न कुनै देवीदेउताको नाममा भाकल सहित चढाइएका हुन्छन् । ढोल तथा दमाहामा जुन देउताको नाममा चढाइएको हो सोही देउतालाई पुकारेर स-साना घण्ट तथा ध्वजा पनि झुण्ड्याइने चलन छ । यसरी दमाहा तथा ढोल बाजालाई देवी देउतासँग जोडेर धार्मिक तथा सांस्कृतिक मान्यताले हेर्ने गरिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

**हुड्को :** हुड्को भन्नाले डमरु जस्तै देखिने एक प्रकारको लोक बाजा हो । प्रायजसो भारत गाथा गाउँदा हुड्को बजाउँदै नाच्ने गरिन्छ । हुड्को बजाउँनेलाई हुड्के भनिन्छ र हुड्के आफैले हुड्को बजाउँने र आफै नाँच्ने गर्दछन् । (चित्र नं. ८, परिशिष्ठ ६)

यस ठाउँका अन्य बाजाहरूमा नेपालको सबैतिर चल्तीमा रहेका मादल, सारंगी, तबला, सहनाई, नरसिंगा आदि हुन् । मादल, सारंगी र तबला बाजा यहाँको प्रचलन

अनुसार बादी समुदायले मात्रै बजाउँने गर्दछन् तर अन्य बाजाहरू भने दमाई समुदायले बजाउँने चलन छ ।

## ५.५ खानपिन तथा पहिरन

यस ठाउँको खानपिन अन्यत्रको नेपाली खानपिन भैंm सामान्यतया दाल, भात, रोटी, तरकारी नै हो । चाडपर्वहरूमा भने अन्य विभिन्न परिकारहरू बनाइन्छ । चाडपर्वहरूमा बनाईने विविध परिकारहरूमा लाउन (पुरी), बाबर (सेल रोटी), भmर ( चामलको पीठो घिउमा मुछेर तेलमा पकाइएको एक प्रकारको विशेष रोटी) लाडु ( कसार) आदि प्रचलित छन् । यी परिकारहरू प्राय सबैजसो चाडबाडमा बनाइन्छ । पौष १५ लाई यहाँ पाटाभात खाने पर्व भनिन्छ र त्यसदिन यहाँ भुबुरे रोटी खाने चलन छ । भुबुरे रोटी भन्नाले मास र चामलबाट तयार गरिएको एक प्रकारको ढाक्ने रोटीलाई बुभिmन्छ । भुबुरे रोटी बनाउँदा मास र चामल भिजाइ पिसेर घिउ, नुन, मसाला मिलाई आगोको भुंग्रोमाराखी तयार पारिन्छ । त्यसैगरी यस ठाउँमा गहुँको 'उमा' भन्ने एकप्रकारको खाजा बनाइन्छ । उमा भन्नाले पाकेर नछिप्पिदैको गहुँको बाला पोलेर तयार गरिने एक प्रकारको खाजा हो । चैत बैसाखतिर यहाँ हरेक घरको खाजा नै उमा हुने गर्दछ । गाउँघरदेखि टाढा रहेका आफन्तजनहरूको निम्ति पनि उमा पोलेर राखिदिने वा पठाइदिने चलन छ । यस ठाउँमा उमाको महत्व कति छ भन्ने कुरा यहाँ प्रचलित एउटा देउडा गीतले पनि प्रष्ट हुन्छ । जस्तै :

गहुँका उमा बोटी च्यूरा मकन रन्दिनू ।

आमाले सोधेका बेला सन्चै छ भन्दिनू ॥

(रन्दिनू = राखिदिनू)

यस गीतबाट आमा र उमालाई घर बाहिर बस्ने छोरा, छोरीले बढी सम्भिmने गरेको थाहा हुन्छ । यस ठाउँमा दुध, दही, मही र महीलाई कपडामा छानेर बनाइएको 'गालिम' पनि लोकप्रिय नै देखिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ५.५.१ लुगाकपडा

अन्यत्रको नेपाली समाज झैं यहाँ पनि सामान्यतया केटा मान्छेले सर्ट, पाइण्ट, टिसर्ट र बुढापाकाहरूले दौरा सुरुवाल वा कमिज, सुरुवाल र अस्कोट तथा महिलाहरूले गुन्यु चोली, कुर्था सुरुवाल नै पहिरिने गर्दछन् । महिलाहरूले कम्मरमा पटुका र टाउकोमा सेतो रुमाल बाँध्ने चलन पनि पाइन्छ (चित्र नं. ९, परिशिष्ठ ६) । बुढापाका पुरुषहरूले समेत कम्मरमा पटुका कस्ने गर्दछन् । जसलाई स्थानीय भाषामा 'धडो' भनिन्छ ।

देउताका धामीले टाउकोमा सेतो पगडी बाँध्ने गर्दछन् । त्यसैगरी हुड्केले 'झकुल्लो' भनिने एक प्रकारको सेतो जामा जस्तै पहिरन लगाउँछन् । भुवो र भैलो खेल्दा पनि प्रायजसो सबैले टाउकोमा सेतो पगडी बाँध्ने गर्दछन् ।

गाउँमा आफै कपास खेती गरेर उईटो र चर्खामा धागोकाती कपडा बुनेर लगाउने परम्परा बुढापाकाहरूको सम्झनामा मात्रै सिमित देखिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

### ५.५.२ गरगहना

यस ठाउँमा विवाहित तथा अविवाहित सबैजसो महिलाहरूले चुरा, पोते, लगाउँछन् । परम्परागत गहनाहरूमा गालाम कम्पनी माला (चाँदीका सिक्का को माला), ठिमराको माला (चाँदीका पातामा हड्डी गाँसेर बनाइएको माला), तिलरी, पोते लगाउँने चलन छ । हाल कम्पनी माला तथा ठिमराको मालाको चलन दुर्लभ तथा लोपोन्मुख देखिन्छ । त्यसैगरी घाँटीमा बेरौंटे (पोतेलाई कलात्मक तरिकाले बुनेर घाँटीमा लाउँन बनाइएको फित्ता) लगाउँने चलन पनि हाल दुर्लभ नै देखिन्छ । प्वाँलोको माला पनि यहाँ प्रचलित गहनाको रूपमा लिने गरिन्छ र हाल यो पनि लोपोन्मुख नै रहेको छ । कानमा चक्री सुन (सुनको बाटुलो पाता), ढुङ्ग्री, माडबारी तथा शिरमा शिरफूल र खुट्टामा चाँदीको कल्ली, हातमा चाँदीका बाला तथा औंलामा सिक्काको औठी एवं नाकम फूली र बुलाकी पनि यहाँका लोकप्रिय गहना हुन् । हाल

आएर फूली र बुलाकीको चलन लगभग लोपोन्मुख देखिन्छ (चित्र नं. ९, परिशिष्ट ६)। सुन चाँदीका गहनाहरू गाउँघरमै सुनारले बनाउँने गर्दछन् । (सुनारहरू कामी समुदायको मानिस हुन् र सुनको काम गर्नाले सुनार भन्ने गरेको पाइन्छ ।)

यहाँको समाजमा पुरुषहरूले गहना लगाउँने चलन पाइदैन तर धामीहरूले चाहिँ कानमा सुन र हातमा चाँदीका बाला लगाउँने गर्दछन् । धामीको टुप्पी (जसलाई लटो भनिन्छ) पनि चाँदीको पातलो पाताले बेरिएको हुन्छ । धामीले पहिरिने सबै प्रकारका गहना मष्टोका पालीहरूले देउताको नाममा भाकलगरी चढाइएका हुन्छन् । ती गहनाहरू धामी को आफ्नो निजी सम्पती नभई देवताकै सम्पतीको रूपमा मानिन्छ र धामीको शेषपछि अर्को नयाँ आउँने धामीलाई ती गहनाहरू स्वत : हस्तान्तरण हुने परम्परा छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

## ५.६ भाषा तथा साहित्य

यसठाउँमा बोलिने भाषा नेपाली भाषा नै हो । नेपाली भाषा भएपनि खास किसिमका स्थानीय विशेषता तथा कतिपय भिन्दै शब्द र उच्चारणगत भिन्नताले गर्दा छुट्टै भाषिकाको प्रतित हुने गर्दछ । यहाँको भाषा बाहिरबाट जाने कुनैपनि नेपाली भाषीलाई झट्ट सुन्दा बुझ्नलाई गाह्रो महशुस हुन्छ । सामान्यतया यहाँको भाषामा नेपाली भाषाको र तथा ड को उच्चारण ण हुने गर्दछ ।

### केही स्थानीय शब्द र अर्थ

| | |
|---|---|
| बेली : हिजो | छियो : थियो |
| हब्र : माथि | बैकिनी : आइमाई |
| आँसी : हँसिया | बाउसो : कोदालो |
| आवत : गह्रा | काँइथी : कहाँनेर |
| त्याँइथी : त्यहाँनेर | हौनै : उसैमा |

हणौनो : शरिरमा

बल्ल : गोरु

धुलो : पीठो

पाखो : छत

भिटा : कान्ला

इल्चा : आली

कप्पाल : टाउको

बाउजु : बुबा

बौजु : भाउजू

बुवा : बजै

बुबु : बाजे

काउजु : काका

सान्ज्या : सानीमा

फुजिउ : फुपू

आज्यू : दिदी

बौरानी : भाइ बुहारी

भदु : भतिजो

टोकाटोकी : बालबालिका

मुलामुली : बालबालिका

ठुणीनु : चिसो हुनु

भाउ : बाबु/नानी

पर्सो : गोबर मल

रिङ्नु : घुम्नु

जँतारो : जाँतो

भियाउनु : डराउँनु, सक्नु

अत्याउँनु : डराउँनु

बड्डो : बुढो

बड्डी : बुढी

नाऱ्या : गोठ

छोट्टया छोट्टी : युवा युवती, प्रेमी प्रेमिका, देउडा गीतका गायक गायिका

गल्याँम : दाम्लो

बरियो : नाम्लो

गब्छल : ठेकीमा बाँधिने डोरी

मेग आउँनु : पानी बर्षिनु

ओर्धनु : पहिरो जानु

ठेक : फेद, तल

राइँनु : जान्नु, थाहा पाउँनु

हँदेईकी : अनि त्यसपछि

छकाल : बिहान

बाहाबेरी : बेलुका

छिप्किनु : लड्नु

थोरो : पाडो, पाडी

पौ : भिंगटी

**उच्चारणगत भिन्नता भएका केही शब्दहरू**

तली : तल

मुन्छे : मान्छे

सुवाँइनी : स्वास्नी

किडो : किरो

किरमीलो : कमिलो

अर्नु : गर्नु

हँड्नु : हिड्नु

बैनु : बस्नु

काँ : कहाँ

पिड्नु : पिठ्यूँ

तमी : तिमी, तँपाई

कुकुणो : कुखुरा

राक्स्या : राक्षस

कैको : कसको

मोखिया : मुखिया

रुवाँ : रौँ

कुणा : कुरा

भैंसो : भैंसी

राँङो : राँगो

घोणो : घोडो

स्थानिय भाषा साहित्यको रूपमा यहाँ विभिन्न प्रसंगमा उल्लेख गरिने उखान तुक्का, स्थानीय लोककथा तथा गाउँखाने कथा प्रचलित छन् । कुराकानीको क्रममा स्थानीय भाषामा प्रयोग गरिने उखान तुक्काले भाषालाई ओजिलो र मिठासपूर्ण,

बनाएको देखिन्छ । यहाँको भाषामा उखान तुक्कालाई 'आहाना हाल्नु' भनिन्छ । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

## केही प्रचलित उखान तुक्का र भावार्थ

१. "लिडे बल्लका लागि गोठ बनायाँ अझ पुछी भाइरै ।"
   भावार्थ : सानो कामकोनिम्ति ठूलै मिहिनेत गर्दा पनि परिणाममा असफल भइयो भन्ने अर्थमा यो उखानको प्रयोग गरिन्छ ।

२. "माँग्या डोड्याका गाबा खाइजा मेरा बाबा ।"
   भावार्थ : आफैले अर्काको निगाहमा पाएको कुरा कसरी माग्नेलाई दिनू ? भन्ने अर्थमा यो उखानको प्रयोग गरिन्छ ।

३. "जोई न जुँगा मही न सातु"
   भावार्थ : न त इज्जत रह्यो न त धन रह्यो  भन्ने अर्थमा यस उखानको प्रयोग गरिन्छ ।

४. "अल्को गैरो पानी राँइछ, निकोनाटो अर्को राइँछ ।"
   भावार्थ : राम्रो र नराम्रो चरित्रको बारेमा अरुले (समाजले) थाहा पाउँछ र उँचोनिचो पानीले छुट्याउँछ ।

यस ठाउँमा स्थानीय भाषाशैलीमा स्थानीय परिवेश र विशेषतायुक्त विभिन्न लोककथाहरू सुन्ने सुनाउँने परम्परा रहीआएको देखिन्छ । यहाँको भाषामा कथा भन्नुलाई 'बात हाल्नु' भनिन्छ । विशेषगरी जाडो याममा अगेनुको वरीपरी सबैजना जम्माभई रातीको समयमा बुढापाकाले केटाकेटीहरूलाई कथा सुनाउँने परम्परा पाईन्छ । यस ठाउँमा पौष १५ गतेको रातीलाई कथा सुनाएर तथा खानेकुरा खाएर बिताउँनु पर्छ भन्ने लोकपरम्परा रही आएको छ । यस ठाउँमा 'लाउने मुल्यायाको कथा', 'सुनकेसरा मैंयाको कथा', लाम्चुल्ठे केटीको कथा आदि लोकप्रिय छन् । *(स्थलगत भ्रमण तथा सामूहिक छलफल)*

लोक साहित्यको अर्को एक महत्वपूर्ण विधा गाउँखाने कथाको परम्परा समेत यस ठाउँमा निकै नै लोकप्रिय रहेको देखिन्छ । गाउँखाने कथालाई यहाँ 'कथा' मात्रै भन्ने गरिन्छ । यस ठाउँमा प्रचलित केही गाउँखाने कथाहरू यस प्रकार छन् :

१. आगाको कलेजो, पानीको हाड, स्वर्गको लिस्नु धर्तिको बाड के हो ?
   उत्तर : आगो पार्नु, असिना, इन्द्रेणी र कुहिरो ।
२. लाया असुवाइलो, नलाया सुवाइलो के हो ?
   उत्तर : ढोका/दैलो
३. उठ् पुट्का भातखान बाईजाऊँ के हो ?
   उत्तर : पानीको लोहोटा
४. एकखुट्टे गाई दैला नअटाई के हो ?
   उत्तर : छाता
५. एक दानो सुपारी दुईजना व्यापारी के हो ?
   उत्तर : गोब्रेकिरा र गोबरको डल्लो ।

# अध्याय ६

# उपसंहार तथा सुझाव

मानिस सामाजिक प्राणी भएको हुनाले मानव सभ्यताको विकाससँगै समाजमा विविध किसिमका चलन प्रचलन, भाषा, संस्कार, प्रथा, परम्परा आदि संस्कृतिको विकास भएको पाइन्छ । संस्कृति नै हरेक समाजको पहिचान र विशिष्टताको आधार हो । संस्कृतिले समाजको पहिचान र पहिचानले आत्मसम्मान तथा सामाजिक गौरव बढाउँने कार्य गर्दछ ।

हरेक मानव समुदायमा एक अर्काको संस्कृति जान्ने बुझ्ने र आफ्नो संस्कृतिको प्रचार प्रसार गर्ने सांस्कृतिक आदान प्रदानको प्रचलन रहेको देखिन्छ । यसरी सांस्कृतिक आदन प्रदानको कारण अलग अलग समुदायहरू एक आपसमा जोडिने, नजिकिने, नयाँ नयाँ कुराको जानकारी गर्ने आदि कारणले सामाजिक भावनामा बृद्धि हुने गर्दछ । अर्कोतिर हरेक मानिसमा नयाँ नयाँ सांस्कृतिक परिवेश जान्ने बुझ्ने उत्सुकताले गर्दा पर्यटनको विकास र पर्यटनले सामाजिक विकासमा टेवा पुऱ्याउने कार्य गर्दछ । संस्कृतिकै कारण मानवमा शिक्षा र कला कौशलको समेत विकास भएको पाइन्छ ।

यसै सन्दर्भमा "दैलेख जिल्लास्थित जम्बुकाँध गा. वि. स. को सामाजिक तथा सांस्कृतिक अध्ययन" शीर्षकको शोधकार्यमा मुख्यत : स्थलगत अवलोकन, प्रत्यक्ष भेटघाट, कुराकानी, अन्तरवार्ता, सम्बन्धित विषयवस्तुका पुस्तक, पत्र पत्रिका आदिको अध्ययन विधिद्वारा अनुसन्धान गरिएको छ ।

प्रत्येक गाउँटोल तथा समुदायबाट प्रतिनिधित्व हुनेगरी सम्बन्धित क्षेत्रका जानकार, बुढापाका, सर्वसाधारणहरू मध्येबाट जानकरी लिई अनुसन्धान गरिएको छ । यो अनुसन्धान जम्बुकाँध गा. वि. स. को भौगोलिक सिमाना भित्रको सामाजिक तथा सांस्कृतिक गतिविधिहरूमा मात्र सिमित रही सम्पन्न गरिएको छ । यो शोधले जम्बुकाँध गा. वि. स. को सामाजिक तथा सांस्कृतिक पक्षलाई उजागर गरी सत्यतथ्य बाहिर ल्याउँने काम गरेको छ ।

यस अनुसन्धानको पहिलो अध्यायमा शोध परिचय तथा दोश्रो अध्यायमा दैलेख जिल्लाको परिचय दिइएको छ । जसमा दैलेखको भौगोलिक अवस्था, नामाकरण, सामाजिक सांस्कृतिक अवस्था तथा ऐतिहासिकता बारे संक्षिप्त चर्चा गरिएको छ ।

त्यसैगरी तेस्रो अध्यायमा जम्बुकाँध गा. वि. स. को भौगोलिक अवस्था तथा ऐतिहासिकता बारे चर्चा गरिएको छ ।

चौथो अध्यायमा जम्बुकाँध गा. वि. स. को सामाजिक समुदाय, बसोबास तथा सामाजिक जीवन, पेशा व्यवसाय र विविध सामाजिक चालचलन आदि बारे अध्ययन गरिएको छ ।

पाँचौं अध्यायमा जम्बुकाँध गा. वि. स. को सांस्कृतिक अवस्था अन्तरगत धार्मिक परम्परागत उपचार पद्धति, संस्कार र गतिविधि, चाडपर्व जात्रा, उत्सव, मनोरञ्जन, गीत, नाच, बाद्यबादन, खेल, खानपिन तथा पहिरन र स्थानीय भाषा साहित्य आदि लोकसंस्कृतिको विषयमा प्रष्ट्याइएको छ ।

छैंटौं अध्यायको रूपमा यो उपसंहार खण्ड रहेको छ भने परिशिष्ट खण्डमा स्थानीय लोक परम्परामा प्रचलित मन्त्र, गीत, कथा आदि समेटिएको छ । त्यसैगरी दैलेख जिल्ला र जम्बुँकाँध गा. वि. स. को मानचित्र समेत यो शोधपत्रको अग्रभागमा समावेश गरी यस ठाउँको अवस्थितिबारे पहिचान गर्न सहज तुल्याइएको छ ।

अन्त्यमा यस अनुसन्धान कार्यसँग सम्बन्धित विभिन्न सान्दर्भिक तस्विरहरू पनि समावेश गरी अनुसन्धान कार्य पूरा गरिएको छ ।

यस अनुसन्धानले आजको युवा पुस्तालाई परम्परागत मौलिक संस्कृति र सम्पदाको महत्व दर्शाइ संरक्षण र संबर्द्धनतर्फ अग्रसर गराँउन महत्वपूर्ण भूमिका खेल्नेछ । यसको साथै आयातित एवं आधुनिक संस्कृतिका कारण ओभ्फेलमा परेको मौलिक संस्कृतिको उजागर गरी उचित प्रचार प्रसार गर्न समेत यो शोधकार्यको महत्वपूर्ण भूमिका रहेको छ । समग्रमा भन्नुपर्दा यो अनुसन्धानले जम्बुकाँध गा. वि. स. को सामाजिक सांस्कृतिक प्रबर्द्धनमा महत्वपूर्ण भूमिका खेल्दै समग्र मौलिक संस्कृति अध्ययन अनुसन्धानको क्षेत्रमा टेवा पुर्‍याएको छ ।

**सुझावहरू**

१. यस जम्बुकाँध गा. वि. स. मा अवस्थित  विभिन्न सम्पदाहरूको उचित संरक्षण र सम्बर्द्धन गर्न, राज्य र समुदाय दुईटै पक्षले यथासिघ्र पहल गर्नुपर्ने,

२. यहाँका सम्पदाहरूमध्ये महत्वपूर्ण ठानिएका ऐतिहासिक किल्लाहरू (नुवाकोट, बस्तेकोट  र रिठेचाखा कोट) स्थानीय व्यक्तिहरूको निजी स्वामित्वको जग्गामा परेकोले नेपाल सरकारले यथासिघ्र सरकारी स्वामित्वमा ल्याइ, मर्का पर्नजाने सम्बन्धित व्यक्तिहरूलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने,

३. समाज र राष्ट्रले आजको आधुनिक युवा पुस्तालाई परम्परागत एवं मौलिक संस्कृतिको महत्व दर्शाइ सो सम्बन्धि अभिरुची जगाएर संरक्षणमा सहभागी गराउँने,

४. स्थानीय सम्पदा, संस्कृति र इतिहासलाई विद्यालय स्तरको पाठ्यक्रममा समावेश गरी अध्ययन अध्यापन गराइनु पर्ने,

५. संचारमाध्यमहरूले स्थानीय मौलिक संस्कृति, इतिहास र सम्पदाबारे उचित प्रचार प्रसार गर्दै प्रबर्द्धनात्मक कार्यक्रम गर्नुपर्ने,

६. त्रिभुवन विश्वविद्यालय लगायत अन्य विश्वविद्यालयहरूले समेत यहाँको विविध सांस्कृतिक गतिविधिहरूमध्ये कुनै एक विधाको छनौट गरी विस्तृत अध्ययन, अनुसन्धान गर्ने /गराउँने तथा आफ्नो पाठ्यक्रममा समेत समावेश गर्नुपर्ने,

७. पर्यटन व्यवसायीहरूले यस ठाउँको सांस्कृतिक पर्यटन प्रबर्द्धनलाई महत्व दिनुपर्ने,

८. समाजका अगुवाहरूले स्थानीय मौलिक संस्कृतिलाई अनिवार्य रूपमा अवलम्बन गर्ने र समाजलाई पनि यसतर्फ आकर्षित गर्नुपर्ने,

९. सामाजिक विभेदजन्य संस्कारहर जस्तै : जातीय छुवाछुत, छुई बार्ने (छाउपडी प्रथा) आदि चलनको पूर्ण रूपमा अन्त्य गरिनु पर्ने ,

१०. परम्परागत पेशा व्यवसाय (जो यहाँको संस्कृतिका अमूल्य निधि हुन् र लोपोन्मुख अवस्थामा रहेका छन्) लाई राज्यस्तरबाट प्रबर्द्धन र संरक्षण गरिनु पर्ने ।

# सन्दर्भ ग्रन्थ सूची


१. योगी नरहरिनाथ, (वि. सं. २०२२), **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १,** काठमाडौँ ।

२. पन्त, कालीभक्त (वि.सं. २०२८), **हाम्रो सांस्कृतिक इतिहास,** स्यांजा : नेपाल

३. **मेचीदेखि महाकाली भाग४** (वि. सं. २०३१) श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय

४. नेपाल, पूर्णप्रकाश (यात्री), (वि.सं. २०४१), **भेरी लोकसाहित्य,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

५. खनाल, मोहनप्रसाद, (वि.सं. २०५५), **पश्चिम नेपालका मूर्ति र स्थापत्य,** काठमाडौँ : नेपाल र एसियाली अध्ययन केन्द्र, त्रि. वि. ।

६. शाही, कृष्णबहादुर (वि.सं. २०६४), **दुल्लु क्षेत्रको सांस्कृतिक अध्ययन,** (त्रि.वि.वि मानविकी तथा सामाजिक शास्त्र संकाय, स्नातकोत्तर तह (अप्रकाशित) शोधपत्र, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग ।

७. सुवेदी, राजाराम (वि.सं. २०६५), **नेपालको तथ्य इतिहास,** काठमाडौँ : साझा प्रकाशन ।

८. अधिकारी, सूर्यमणी (वि. सं. २०६८), **बाइसे राज्यको इतिहास,** काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

९. शर्मा, गोपीनाथ, (वि. सं. २०७०), **वाइसे राज्यको इतिहास,** (शिक्षा, कला र संस्कृति), काठमाडौँ : मकालु प्रकाशन गृह ।

१०. खत्री, प्रेम (वि. सं. २०७०), **नेपालको जातिय संस्कार खण्ड २,** काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

११. पोखरेल, विश्व केसी (वि.सं. २०७०), **कीर्तिखम्ब,** काठमाडौँ : अभान्त को भेन्चर्स ।

१२. क्षेत्री, दिलबहादुर (वि. सं. २०७०), **आर्यखसका १५००० वर्ष**, काठमाडौँ : मधुवन प्रकाशन ।

१३. जि. वि. स. दैलेख, **जिल्ला विकास योजना २०७०/०७१,** दैलेख : जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

१४. खड्का, श्यामबहादुर (वि.सं. २०७१), **मष्टो संस्कृति र परम्परा,** काठमाडौँ : एकता बुक्स, डिष्टिब्युटर्स ।

१५. पोखरेल, विश्व के.सी. (वि.स. २०७२), **दैलेखका पञ्चकोशी तीर्थस्थलहरू,** काठमाडौँ : टीका केसी (थापा) ।

१६. अधिकारी, जनकराज (वि. सं. २०७२), **आयुर्वेद दिग्दर्शन,** काठमाडौँ : मकालु प्रकाशन गृह ।

१७. पन्थी, लक्ष्मीकान्त (वि.सं. २०७३), **हिन्दू संस्कार, परिचय र विमर्श,** काठमाडौँ : रत्नपुस्तक भण्डार ।

# परिशिष्ट १

## ताप झार्ने मन्त्रपाठ

यी सबै देउताको
बढी आज्ञा पायाँ छु,
तब स्याउली लायाँ छु,
स्याउली पर धरुँला,
बालो ठाडो धरुँला ॥
तेरा बाजे भौडाउँछन् ।
भौडीजा बालाय ।
रिउटी जा बालाय ।
तेरी बजै भौडाउँछन् ।
भौडीजा बालाय
रिउटी जा बालाय ॥
लामै न चौरका लामाज्यू आयाछन् ।
केउ काज आय छन् ?
केउ काम आया छन् ?
साठी पैसा ल्याया छन्
उही पैसा वल्टाउँछन्
उही पैसा पल्टाउँछन् ।
तेरा बाबा भौडाउँछन्
भौडी जा बालाय
उठीजा बालाय
तेरी आमा भौडाउँछन्
भौडी जा बालाय
उठी जा बालाय

सुवर्णका थालमनी भातु छ बालाय
रूपौला बटुकामनी दुदु छ बालाय
तेरा मामा भौडाउँछन्
भौडीजा बालाय
तेरी माइजु भौडाउँछन्
भौडीजा बालाय ।
कालालेख जानु छ,
यसु चडी मार्नु छ,
यसु चडी मारिकन
तातै र कलेजो झिकी
यसैबाला खुवाउँनु छ ।
खोण्याकी राँड य,
साजै र सान्नका डालीमा बसौली
त्यही डाली काटूँला
तमी राँड मारुला ॥
खोण्याकी राँडको
न्याउ अरौं भन्नाछन् ।
धुर अरौं भन्नाछन् ।
जानेबाटो राँडको
चाखलो मुघुत्तो
थारो गाई दुहुनाछन्
गधे बल्ल जोत्ताछन्
बाला मन्छे रुनाइनन्
खुला थोरा अड्कनाइनन्
राउलु बाच्छा राम्दैनन्
घनघोरी जंगल
आँसीको सप्कोनाइँ

बाउसोको थप्को नाँइ
जाँतोको रन्को नाइँ
ओखलको धम्को नाइँ
तेही देशै जा राँड
यही देश नरहेइ
यही भूमी नरहेइ ॥
आउँने बाटो राँडको
जम्मजाल फिजेको
लौह लौरी ठोकेको
काँडे जन्जीर हुलेको ॥
बालाकी आमाले
सागसब्जी खायाको
भातै जो खायाको
तिहुन जो खायाको
झारेर झारुँला
फालेर फालुँला ॥
यहाँ तल बाँसठाना
खोण्याकी राँडले
घोलेसु पूरीअली ॥
तेही डाली काटेछु
तेही डाली मासेंछु ।
स्याउली पर धरेंछु
बालो ठाडो अर्‍याँछु ।
यी सबै देउताको, बढी आज्ञा पायाँ छु ।
तब स्याउली लायाँ छु ।
सिगान खकारबाट
झाडा र पिसाबबाट

नङका मोरेलीबाट

आँखाका कुण्डलबाट

झारेर फालेछु

खारेर फालेछु ।

यी सबै देउताको, बढी आज्ञा पायाँछु

तब स्याउली लायाँछु ।

बालो ठाडो अऱ्याँछु ।

स्याउली पर घऱ्याँछु ॥

(नन्दराज जैसी वर्ष ५५ जम्बुकाँध - ५)

# परिशिष्ट २

## कर्को गीत

सत्य जुगमध्ये केउकी ऐसनङ् केउकी बैसनङ् ?
केउका सियली पियली, केउका झिमटी पिमटी ?
केउका करुवा धार ?
तिरिनी लोकमै राजा राज तप्या कठै,
केउका भया दरबार ? (२)
त्रेता जुगमध्ये केउकी ऐसनङ् केउकी बैसनङ ?
केउका सियली पियली, केउका झिमटी पिमटी ?
केउका करुवा धार ?
तिरीनी लोकमै राजा राज तप्या कठै,
केउका भया दरबार ?(२)
द्वापर जुगमध्ये केउकी ऐसनङ् केउकी बैसनङ् ?
केउका सियली पियली, केउका झिमटी पिमटी ?
केउका करुवा धार ?
तिरिनी लोकमै राजा राज तप्या कठै,
केउका भया दरबरा ? (२)
कली जुगमध्ये केउकी ऐसनङ् केउकी बैसनङ्
केउका सियली पियली, केउका झिमटी पिमटी ?
केउका करुवा धार ?
तिरिनी लोकमै राजा राज तप्या कठै,
केउका भया दरबार ?? (२)
सत्य जुगमध्ये सुनकी ऐसनङ् सुनकी वैसनङ. ।
सुनका सियली पियली, सुनका झिमटी पिमटी ।
सुनैका करुवा धार ॥
तिरीनी लोकमै राजा राज तप्यो कठै,

इन्द्रा सैन तप्यो दरबार ॥ (२)

त्रेता जुगमध्ये चाँदीकी ऐसङ् चाँदीकी बैसनङ् ।

चाँदीका सियली पियली, चाँदीका झिमटी पिमटी ।

चाँदीकै करुवा धार ॥

तिरिनी लोकमै राजा राज तप्यो कठै,

इन्द्रा सैना तप्यो दरबार ॥ (२)

द्वापर जुगमध्ये तामाकी ऐसनङ् तामाकी बैसनङ् ।

तामाका सियली पियली, तामाका झिमटी पिमटी ।

तामाकै करुवा धार ॥

तिरिनी लोकमै राजा राज तप्यो कठै

इन्द्रा सैना तप्यो दरबार ॥ (२)

चौथा यही कलीजुगमध्ये कपडाकी ऐसनङ् कपडाकी वैसनङ् ।

कपडाका सियली पियली कपडाका झिमटी पिमटी ।

कपडा कै करुवा घार ॥

तिरिनी लोकमै राजा राज तप्यो कठै

इन्द्रा सैन तप्यो दरबार ॥ (२)

(कसैकसैले कलीजुगमा लोहा की ऐसनङ् बैसनङ् भन्ने गर्दछन्)

(सेते दमाई, जम्बुकाँध ६ छडेखोला)

## सती कर्को (एक नमूना)

कती न खायौ पान जती सुपारी कति न खायौ ल्वाङ् बींड ?

हरे भाइ ! कहाँ र जती तम्रो उवज्यो बिराम ? कहाँ र भयो छटपट ??

हरे भाइ ! शिर जति उबज्यो तम्रो बिराम । कपाल जति उठ्यो चटपट बिराम ॥

हरे भाइ ! जाऊ न जाऊ न जोले पैजोलेउ, लम्जी थान जाऊ न ।

लम्जीको जोइस्यालो हेराइ ल्याऊ न ।

आँचल हाल्या चाँवल जति माना, पागट हाल्या सुन जति रति ॥

हरे ! बाटाका बटालाऊ, घाँसका घँस्याराऊ, भैंसीका गोठालाऊ, गाईका गोठालाऊ !

तल्लो बाटो होकी ? माथिल्लो बाटो हो ? जैसी ज्यूका घर जान्याँ !

तल्लो बाटो गयो गावैं जति किनार,

माथि बाटो गयो जोईसीज्यूका घर ॥

ओटाली धम्क्याया, कुकुर जति भुक्यो

जोईसी ज्यूले भन्या, भाइर हेर न ....

बुहारीको भाइ हो कि छोरीको पोइ हो कि ? कोइ मागन्याँ हो कि ?

भायरै जाऊ र हेर ।

छोरीका पोइ हौंन, बुहारीका भाइ हौंन,

कोइ माँगन्या हौंन, डुल्न्याँ हौंन,

हामी हेराउँन्या हौं ॥

सरक्क जोईसीज्यूले धुलौटो फिजीहाल्या,

हेराइ जो अल्याछन् ...

धेकी जो अल्याछन् ...

जोइसी ज्यू त धुरुधुरु रुन जति लाग्याछन् ।

जोइसीज्यूले भनी जो अल्या छन्,

तर, यसु साईतमा शुभ लछिन छैन,

शुभ लछिन छैन ॥

(सेते दमाई, वर्ष ४० जम्बुकाँध-६ छडेखोला)

**धोल सागरा (कर्को)**

दशमास महतारीकाबिन्दक छियौं कि छियौंन ?

घडी  बेला निकासा भयौं

मौरख बाग्दा घडी भयौं घडीका बाग्दा मौरख भयौं ।

अरु माता अरु खुवाउँछन्, माता हामरी,

दुध खुवाउँछन्, दुध चुठाउँछन् ।

दुधकै भोग लगाउँछन् ॥

पायाँ पडी पडी दियौं मेरी माताई दोग ॥ (२)

दशमास बाबुका बिन्दक छियौं कि छियौंन ?
घडीबेला निकासा भयौं,
मौरखका बाग्दा घडी भयौं घडीका बाग्दा मौरख भयौं ।
अन्न कमाया धन कमाया,
देश धेकाया, दाङ धेकाया ।
अन्नकै लगाया भोग ॥
दोसरा दियौं मेरा बाबै ढोग ॥ (२)
दशमास जन गुरु बाबुले पढाया लेखाया,
शिक्षा बोलाया, दिक्षा बोलाया
तिसरा दियौं मेरा गुरुवै ढोग ॥ (२)
दशमास राजा हामारा,
देश चलाया सबै सिकाया,
सबै गुनाया,
चौथा दियौं मेरा राजै ढोग ॥
फिरी फर्की आउँन्या छैन,
राम दुवाइ,
फिरीफर्की आउँन्या छैन राम दुवाइ ॥

(पतिराम दमाई 'प्रदिप') वर्ष ४० जम्बुकाँध-६ छडेखोला ।

# परिशिष्ट ३

## लाउन्या मुल्यायाको कथा

एकादेशमा एउटा टुहुरो केटो बस्तथ्यो । उसका कोही पनि आफन्त थिएनन् त्यसैले ऊ एक्लै माँगेर गुजारा गर्दथ्यो । एकपटक कुनै चाडको दिनमा ऊ एका बिहानै देखि साँझसम्म गाउँभरी माग्न गयो । सबै गाउँहरूले उसलाई लाउन (पुरी) दिए । प्रशस्त लाउन पाएकाले ऊ साँझपख खुसीले गदगद हुदै घर फर्क्यो । सकेजती लाउन खाएर बाँकी लाउन भविष्यमा फल्ने आसाले जमिनमा खाल्डो खनेर रोप्यो । नभन्दै लाउनको ठूलो रुख भई फल्न थाल्यो । अब उसका दुःखको दिन सकिए । ऊ दिनभरी लाउनको रुखमा चढेर चाहिए जति लाउन खान्थ्यो र आरामसँग बस्तथ्यो ।

एक दिनको कुरा हो, लाउने मुल्यायो आफ्नो लाउनको रुखमा चढेर लाउन खादै थियो त्यसैबेला एउटी बढी बुढी आइमाईले भुइँबाट उसलाई बोलाउँदै भन्न थाली "भतिजा म तेरी फुपू हुँ, तँ नजन्मिदै मेरो विवाह भएर गईसकेकी थिए । आज माइतीको माया लागेर तँलाई भेट्न आएकी हुँ । मलाई पनि अलिकती लाउन टिपी दे न ।" त्यो बुढी आइमाई कुटना बुढी थिई र उ मान्छेको मासु खाने गर्दथी । लाउँने मुल्यायाले त्यो कुटना बुढीलाई चिनेको थिएन र भन्यो । म तपाँईलाई चिन्दिन, मेरा कोही आफन्त  छैनन् टाढा हाँगामा भएका लाउन पनि म टिप्न सक्तिन । बुढीले फेरी भनी साँच्चै म तेरै फुपू हुँ भतिजा सुकेको हाँगाामा टेकेर पहेलो पातमा समात् र मलाई अलिकती लाउन दे । लाउने मुल्यायालाई जसरी पनि मारेर खान आएकी कुटना बुढीका जालमा ऊ फस्यो र सुकेको हाँगामा टेकदै पहेँलो पातमा समात्न खोज्दा ऊ रुखबाट लड्यो । हतपत त्यसैबेला त्यस कुटना बुढीले आफ्नो थैलोमा हालेर लाउँने मूलयालाई आफ्नो घरतर्फ लगी । तर लाउँने मुल्यायो जिउँदै थियो । कुटना बुढीको घरबाट लाउँने मुल्यायो कसरी कसरी फुत्केर आयो र पुन आफ्नो लाउनको रुखमा चढी हाल्यो । फेरी भोलीपल्ट त्यो कुटना बुढी त्यसैगरी आई र लाउँने मुल्यायासँग फेरी लाउन मागेजस्तो गर्दै फुपूको साइनो लगाउन थाली । लाउने मुल्यायाले अघिल्लो

दिनको घटना सुनाउँदै सचेत हुन खोज्यो । तर पुन : कुटना बुढीले जाल रच्दै हिजोकी बुढी त राक्षसनी रहिछ । भतिजा म त तेरी साख्खै फुपू हुँ नपत्याए हेर मेरो बुलाकी पित्तलको छ । हिजोकीले सुनको बुलाकी पहिरेकी थिई होला भन्न थाली । लाउँने मुल्यायो पुन : जालमा फस्यो र अघिल्लै दिनको झैँ रुखबाट लड्यो । कुटना बुढीले हतपत आफ्नो थैलामा हाल्दै अघिल्लै दिनको झैँ पुन : लाउँने मुल्यायालाई आफ्नो घरमा लगी । घरमा कुटना बुढीकी सानी छोरी थिई । त्यो छोरीसँग परिचय गराउँदै कुटना बढीले लाउँने मुल्यायालाई भनी, “हेर भतिजा यो तेरी बहिनी हो, यसले खाना पकाउँछ, खाएर तँ आराम गरेस् म गाउँमा गएर केही मागेर ल्याउँला, मे बेलुका आउँछु ।”

पहिल्यै देखि छोरीसँग त्यो कुटना बुढीले लाउँने मुल्यायालाई खाना दिएर सुताउँनू र सुतेकै बेला मारेर पकाइ राख्नु म बेलुका आउँला भनेर गरेको सल्लाह लाउने मुल्यायाले सुनेको रहेछ । नभन्दै कुटना बुढी घर बाहिर गई । लाउँने मुल्यायो सुतेजस्तो गरेर सबैकुरा सुनिरहेको थियो । जब कुटना बुढीकी छोरी लाउँने मुल्यायालाई मार्न भनेर आई लाउँने मुल्यायाले उल्टै त्यो बुढीकी छोरीलाई मारेर पकाएर राख्यो । उसले त्यो कुटना बुढी आउँने बेलासम्म काउलोको चिप्लो लिस्नो लाएर माथि बुईंगलमा गई बसेको थियो । बुढी घरमा आउँनासाथ मासुको बास्नाको चाल पाएर खुसी हुदै भनी “लाउँने मुल्यायालाई मारिस् छोरी ? तैले कति खाईस् ? मलाई कति राखिस् ? खै खै मासु कता छ ? भोक लागेको छ छिटो खान्छु । तँ कहाँ छेस् छोरी छिटो आइज, मलाई मासु ले ।”

यो सबै सुनिरहेको लाउँने मुल्यायाले कुटना बुढीकी छोरीको जस्तै स्वर गरेर भन्यो “म थाकेकी छु, आमा आराम गर्दैछु, मासु त्यहाँ भान्सामा छ, आफै झिकेर खानुस् । यो सुनेर बुढी हतपत भान्सामा गई मासु झिकेर छिटछिटो खान थाली । जब बुढीको भागमा उसैकी छोरीको औंठी सहितको कान्छी औंलाको टुक्रा भेट्टियो, बुढी झसँग भएर आफ्नी छोरीको औंला चिनीहाली । हतपत बुईगलमा जान खोज्दै थिई, काउलोको चिप्लो लिस्नोमा चिप्लेर पछारिई । यो सबै गतिविधि हेरीरहेको लाउँने मुल्यायाले माथिबाट छिटोछिटो आँसी बन्चराले प्रहार गर्दै कुटना बुढीलाई मार्‍यो र

आफ्नो घर गयो । अनि फेरि आरामसँग आफ्नो लाउनको रुखमा चढेर लाउन खादै बस्यो ।”

यस कथालाई स्थानीय भाषा शैलीमा यसरी भन्दछन् :-

एका ठौर लाउन्याँ मुल्यायो भन्न्याँ एक जनु माग्न्याँ मुन्छे छियो । एक दिन तिआरका दिन, दिन भरी लाउन माग्यो, मांदा मांदा बाहाबेरी भसक्कै लाउन भया । खान्याँ जती अघान्ती लाउन खायो । खाई नसक्या जतीका लाउन माटाउँना खड्ड्यायो । हँदेईकी लाउनको रुख उम्म्रो संलैसंलै बिन्न्याको भयो । रुखौना लाउन लाग्या । हँदेइ लाउँन्या मुल्यायो सदाइँ तेइ आम्ना लाउनका रुखौनी बैरन्याँ र भोक लाग्याइबेला तियै लाउन खाना अन्न लाग्यो । ............ आदि ।

# परिशिष्ट ४

## प्रश्नावली

१. तपाँईको समुदायको पुर्ख्यौलीको बारेमा बताइदिनुस् न ?

२. यस ठाउँका यी पुराना कोटहरू पहिले कस्ता थिए ? तपाईलाई यस सम्बन्धि के थाहा छ ?

३. यस ठाउँको पुरानो इतिहास र चलन सम्बन्धमा तपाँइलाई के के जानकारी छ ? बताइ दिनुहोस् न ।

४. अहिलेको जमाना र पुरानो जमानाका गीत, खेल, नाचहरूमा के के भिन्नता छ ? केही पुराना गीत, नाच र खेलको विषयमा बताइदिनुस् न ।

५. तपाँईको समुदायमा जन्म विवाह र मृत्यु आदि सम्बन्धि के कस्ता चलन छन् ? पुराना चलन र नयाँ चलन सम्बन्धमा के भन्नुहुन्छ ?

६. यस गाउँमा भुवो खेल्ने चलनबारे के भन्नुहुन्छ ? यहाँको भुवो सम्बन्धमा बताइदिनुस् न ।

७. अहिले प्रचलनमा नरहेको र पुरानो जमानामा खुबै प्रचलित कुनै गीतको विषयमा बताइ दिनुस् न ।

८. हुड्के नाच सम्बन्धि तपाँईको जानकारी के के छ ? बताउँन सक्नु होला ?

९. कुनै एउटा भारत गाथाको बारेमा भन्दिनुस् न ।

१०. सरम खेल र फट्को खेलको बारेमा केही बताइदिनुस् न ।

११. ढुस्को र धमारी गीत सम्बन्धमा तपाँईको जानकारी के के छ ?

१२. मांगल गाउँने बारेमा तपाँईको जानकारी के के छ ?

१३. कर्को गीत सम्बन्धि तपाँईको जानकारी के छ ?

१४. जन्ती जाँदा र मलामी जाँदाको दमाहा बाजामा के के फरक छ ? बताइँदिनुस् न ।

१५. मसानजापगर्ने बारे बताइ दिनुस् न ।

१६. ताप झार्ने चलन सम्बन्धमा बताइदिनुस् न ।

१७. यहाँको देउता पुज्ने चलन कस्तो छ ? मष्टो र बण्डाल्नी देउता एउटै हुन् कि फरक हुन् ? बताइदिनुस् न ।

# परिशिष्ट ५

## सामुहिक छलफल तथा कुराकानी र अन्तरवार्ताका सहभागीहरू

| क.स | नाम | ठेगाना | उमेर | पेशा |
|---|---|---|---|---|
| १ | करबिरे कार्की | जम्बुकाँध ९ | ७३ वर्ष | कृषि |
| २ | रण ब. कार्की | जम्बुकाँध ९ | ७३ वर्ष | कृषि |
| ३ | पूर्ण प्र. जैसी | जम्बुकाँध ८ | ६७ वर्ष | समाजसेवी |
| ४ | लक्ष्मी प्र. उपाध्याय | जम्बुकाँध ९ | ५३ वर्ष | शिक्षक/पुरेत |
| ५ | केवले कामी | जम्बुकाँध ८ | ७८ वर्ष | कृषि |
| ६ | रिन दमाई | जम्बुकाँध ७ | ५५ वर्ष | सिलाइ |
| ७ | पति दमाई | जम्बुकाँध ६ | ४० वर्ष | सिलाइ/मसान जाप |
| ८ | सेते दमाई | जम्बुकाँध ६ | ४० वर्ष | सिलाइ/मसान जाप |
| ९ | जख ब. बि.क | जम्बुकाँध ८ | ४२ वर्ष | शिक्षक |
| १० | सदानन्द जैसी | जम्बुकाँध ५ | ८३ वर्ष | कृषि |
| ११ | नरपति जैसी | जम्बुकाँध ५ | ७० वर्ष | समाज सेवी |
| १२ | नन्दाराम जैसी | जम्बुकाँध ५ | ५३ वर्ष | व्यापार |
| १३ | देउशर्म जैसी | जम्बुकाँध ६ | ६८ वर्ष | कृषि |
| १४ | ललितजङ्ग शाही | जम्बुकाँध ९ | ८० वर्ष | व्यापार |
| १५ | दिक्पाल कु. शाही | जम्बुकाँध ४ | ५५ वर्ष | राजनिति |
| १६ | नयाँराम खड्का | जम्बुकाँध ३ | ७० वर्ष | धामी/व्यापार |
| १७ | घन ब. विष्ट | जम्बुकाँध ४ | ७४ वर्ष | साधु सन्त |
| १८ | राज ब. सावद | जम्बुकाँध ७ | ३४ वर्ष | व्यापार |
| १९ | अंगत ब. बोहोरा | जम्बुकाँध ३ | ३३ वर्ष | व्यापार |
| २० | देउचने बि.क. | जम्बुकाँध २ | ५३ वर्ष | समाजसेवी |
| २१ | जगत ब. शााही | जम्बुकाँध २ | ५३ वर्ष | समाजसेवी |

| | | | | |
|---|---|---|---|---|
| २२ | मान दमाई | जम्बुकाँध ४ | ५५ वर्ष | सिलाइ |
| २३ | बृष नेपाली | जम्बुकाँध १ | ५७ वर्ष | समाजसेवी |
| २४ | जक्तिराम रेग्मी | जम्बुकाँध ५ | ५४ वर्ष | ज्योतिष |
| २५ | दिपेन्द्र रेग्मी | जम्बुकाँध ५ | ४० वर्ष | ज्योतिष |
| २६ | कालु जैसी | जम्बुकाँध ५ | ६० वर्ष | धामी |
| २७ | सन्तोषी शाही | जम्बुकाँध २ | ५० वर्ष | शिक्षिका |
| २८ | धौली शाही | जम्बुकाँध १ | ७० वर्ष | कृषि |
| २९ | देउरूपा शाही | जम्बुकाँध ४ | ३० वर्ष | शिक्षिका |
| ३० | मनसरा जैसी | जम्बुकाँध ५ | ३६ वर्ष | कृषि |
| ३१ | नन्रूपा जैसी | जम्बुकाँध ६ | ८३ वर्ष | कृषि |
| ३२ | बशन्ता कार्की | जम्बुकाँध ९ | ३२ वर्ष | कृषि |
| ३३ | बशन्ती पोखरेल | जम्बुकाँध ८ | ३३ वर्ष | शिक्षिका |
| ३४ | देवीनाथ योगी | जम्बुकाँध २ | ७५ वर्ष | महन्त |
| ३५ | प्रेम. ब. कार्की | जम्बुकाँध ६ | ४५ वर्ष | शिक्षक |
| ३६ | प्रेम. ब. विष्ट | जम्बुकाँध ७ | ४० वर्ष | शिक्षक |

## परिशिष्ट ६

## सान्दर्भिक तस्बिरहरू



*चित्र नं १*



*चित्र नं २*

मस्टो पूजा गरिदै




*चित्र नं ३*



*चित्र नं ४*

सुल्पामा तमाखु खादैं बुढापाकाहरू


*चित्र नं ५*

बस्तेकोट ऐतिहासिक किल्ला (जम्बुकाँध ८)


*चित्र नं ६*

रिटेचाखा ऐतिहासिक किल्ला (जम्बुकाँध ५)



*चित्र नं ७*



*चित्र नं ८*

दमाहा बजाउँदै र हुड्के नाच्दै




परम्परागत गरगहना पहिरेकी पौढ महिला




मस्टोका धामी



चित्र नं ११

ऐतिहासिक बस्टेकोट मंग्राहा




चित्र नं १२

अशोक चल्लकालिन नेपाली भाषाको सर्वप्राचिन नमूना

# DAILEKH DISTRICT

ZONE : BHERI

District Code : 61




Copyright © Government of Nepal, Survey Department

## SCALE 1 : 225000

4500 0 4500 9000 Meters

**LEGEND**

- District Boundary
- VDC Boundary
- MORANG District Name
- BUKHEL VDC Name

DISTRICT : DAILEKH


Area :1502 Sq.Km.(Approx.)


HORIZONTAL DATUM

Spheroid Everest 1830
Projection MUTM
Origin Longitude 84° E., Latitude 0° N.
False coordinates of origin 500 000 m. Easting, 0 m. Northing
Scale Factor at Central Meridian 0.9999

Map compiled from National Topographic Database at scales 1:25 000 and 1:50 000, 2002. Internal administrative boundaries are not demarcated on the ground. Map produced by the Survey Department, National Geographic Information Infrastructure Programme, (NGIIP), Kathmandu.

LOCATION MAP




JAMBUKANDH VDC
DISTRICT : DAILEKH
VDC CODE : 610
81°32'
81°33'
81°34'
81°35'
28°57'
28°56'
28°55'
28°54'
LAKANDRA
CHAMUNDA
LAYANTI BINDRASAINI
PADUKASTHAN
BADALAMJI
7
8
9
6
5
4
3
2
1
Thada Awat
Biskun
Bastokot
Sallako Rukhgaun
Baidada
Dudhepani
Taligaun
Chhadekholagaun
Badala
Amrukh
Mangradhara
Shitalgaun
Bedukhada
Dhamalbada
Lekhdandagaun
Gothi
Hudke
Hadasain
Tilukhana
Garje
Jambukandh
Naula
Nuwakot
Bhandarigaun
Pipalchaur
Gabira
Simalkhada
Bitada
Sapte
Dhar
Palaichaur
Lainchaur
Dublegaun
Pipalchaur
Naraghat
Copyright © Survey Department, Government of Nepal
SCALE 1:38000
Map produced by NGIIP, Survey Department, Government of N
1140 0 1140 2280 3420 Meters
DISTRICT LOCATION MAP
JAMBUKANDH VDC
Area: 20 Sq. Km. (Approx.)
Map based on National Topographic Database, 2002 - 2007.
LEGEND
Highway
Secondary Road
Other Road
Cart Track, Trail
Bridge, Other crossing
Railway Line
International Boundary
District Boundary
VDC/Municipality Boundary
Ward Boundary
Airport
VDC/Municipality
Settlement
Ward No.
GUNDU
GUNDU
Dharapani
6
VDC/MUNICIPALITY LOCATION MAP
ACHHAM
KALIKOT
DAILEKH
SURKHET
BARDIYA